# महेन्द्र माला

## कक्षा ६

# महेन्द्रमाला

## कक्षा ६

श्री ५ को सरकार
शिक्षा मन्त्रालय,
जनक शिक्षा सामग्री केन्द्र

सर्वाधिकार जनक शिक्षा सामग्री केन्द्रमा सुरक्षित

पहिलो संस्करण २०३०
दोस्रो संस्करण २०३१
तेस्रो संस्करण २०३२
चौथो संस्करण २०३३

श्री ५ को सरकार, जनक शिक्षा सामग्री केन्द्र, एजुकेशन प्रेसमा मुद्रित ।



"राष्ट्रिय प्रतिभालाई फुलाउने, फलाउने
तथा जनताको मनोभावनालाई
विकासमूलक बनाउने नीति लिई लागू
गरिएको यस राष्ट्रिय शिक्षा
योजनाबाट केही वर्षभित्रै एउटा
जागरूक, परिश्रमी र उन्नतिशील
समाजको सिर्जना हुन सक्नेछ भन्ने
मैले आशा लिएको छु ।"

—श्री ५ बीरेन्द्र

## स्वर्गीय
## श्री ५ महेन्द्रको सन्देश

आफ्नो परम्परा अनुसार शिक्षालाई आजको बदलिंदो युग सुहाउने बनाउन र देश तथा नेपाली समाजको विकासको आवश्यकतालाई परिपूर्ति गर्न श्री ५ को सरकारले नयाँ राष्ट्रिय शिक्षा पद्धति तयार गरी यसै २०२८ सालको शैक्षिक सत्रदेखि क्रमशः अधिराज्यभर लागू गर्दै लैजाने कुरा सबैलाई थाहा नै छ । यसै नयाँ शिक्षा योजना अन्तर्गत तयार गरी पाठ्यक्रम अनुरूप लेखिएका पुस्तकहरूमध्ये यो पनि एउटा हो ।

आजको विज्ञान र प्राविधिक ज्ञानको क्षेत्रमा भएको अभूतपूर्व उन्नतिले गर्दा विश्वका विकसित मुलुकहरूका मानिसहरूको जीवनस्तर धेरै माथि पुगिसकेको छ । त्यसैले हाम्रो मुलुकमा पनि सैद्धान्तिक र व्यावहारिक शिक्षाको खास गरेर व्यावसायिक शिक्षाको प्रचार व्यापक रूपमा गर्न नितान्त आवश्यक भएको छ । यसर्थ हाम्रा देशका सबै बालबालिकाहरू जीवनोपयोगी शिक्षा हासिल गरी अफ्नै खुट्टामा उभिन सक्ने होऊन्, अनुशासित बनी दलविहीन प्रजातान्त्रिक पञ्चायती व्यवस्था अनुरूप देशको सार्वभौमिकतालाई अक्षुण्ण राखी देशविकासको काममा प्रभावकारी योगदान दिन समर्थ होऊन् भन्ने उद्देश्यले यो पुस्तक र यस्तै तरीकाले लेखिएका अरू पुस्तकहरू पनि क्रमशः मुलुकका सबै बालबालिकाहरूलाई उपलब्ध गराइँदैछन् । यसबाट मुलुकका सबै बालबालिकाहरूले फाइदा उठाई आफूलाई चरित्रवान्,गुणी र स्वावलम्बी नागरिक बनाउन सकून्! यही मेरो हार्दिक कामना छ!

# प्राक्कथन

परिवर्तन विकासको सोपान हो । देशको आर्थिक र सामाजिक विकास गरी जनताको जीवनस्तर माथि उठाउने श्री ५ महाराजाधिराज सरकारको सदिच्छानुसार देशमा चलेको र भविष्यमा चल्ने विभिन्न विकास कार्यहरूमा आवश्यक पर्ने देशभक्त, वफादार र अनुशासित जनशक्ति उत्पादन गर्ने उद्देश्यले शिक्षामा परिवर्तन गर्न आवश्यक परेको थियो ।

उपर्युक्त राष्ट्रिय आवश्यकता र आकाङ्क्षा पूर्तिको लागि श्री ५ को सरकारले २०२८ सालदेखि राष्ट्रिय शिक्षा योजना लागू गरेको छ। राष्ट्रिय शिक्षा योजनाले राष्ट्र र राष्ट्रियता-प्रति आस्था जगाई राष्ट्रिय एकता, सार्वभौमिकता, राजमुकुट र स्वतन्त्रताको रक्षा गर्ने, पञ्चा-यती व्यवस्था अनुकूल आपनो अधिकार र कर्तव्यप्रति सजग र सक्रिय रहने नागरिक तयार गर्ने, आवश्यक प्राविधिक दक्षताको विकास गर्ने, विद्यार्थीलाई नैतिक, परिश्रमी र स्वावलम्बी तुल्याउने, उनीहरूको सिर्जनात्मक प्रवृत्तिको विकास गरिदिने र राष्ट्रभाषा, संस्कृति साहित्य आदिको संरक्षण र संवर्द्धन गर्ने उद्देश्य लिएको छ।

यी लक्ष्य अनुरूपका विद्यार्थीहरू तयार गर्नका लागि विद्यार्थीहरूको क्षमता र स्तर अनुकूलका उपयुक्त पाठ्यपुस्तकहरूको नितान्त आवश्यकता पर्दछ । पाठ्यक्रमको सफलता पाठ्यपुस्तकमा नै आधारित हुने भएकोले पाठ्यपुस्तकहरूलाई सकभर अपेक्षित ढङ्गका बनाउन खोजिएको छ।

श्री ५ को सरकारको शिक्षानीति अनुकूल वैज्ञानिक ढङ्गबाट प्राथमिक कक्षाका बालबालिकाहरूका लागि पाठ्यपुस्तकहरू तयार गर्ने अभिप्रायले स्थापना भएको जनक शिक्षा सामग्री केन्द्रबाट हाल श्री ५ को सरकारको राष्ट्रिय शिक्षा योजना, २०२८ अनुसार माध्यमिक तहसम्मका पाठ्यपुस्तकहरू तयार गराइने व्यवस्था भएको छ। प्रमुख विषयका सबै पाठ्यपुस्तकहरू लेखाउने र छपाउने, यी पाठ्यपुस्तक तथा अन्य शिक्षण सामग्रीहरू नेपाल अधिराज्यका सम्पूर्ण शिक्षण संस्थाहरूमा बिक्री वितरण गर्ने, गराउने र पाठ्यपुस्तकहरूका उन्नतिका लागि अनुसन्धान कार्यलाई प्रोत्साहित गर्दै लैजाने यस केन्द्रका मुख्य उद्देश्यहरू हुन्। यिनै उद्देश्यअनुरूप यो पुस्तक लेख्ने काम भएको हो।

यो पुस्तक श्री भैरव अर्याल, श्री रामजीप्रसाद अर्याल र श्री वसन्तकुमार शर्मा नेपालले संयुक्तरूपमा लेख्नुभएको हो ।

यस पुस्तकलाई अझ बढी प्रभावकारी बनाउँदै लैजाने काममा शिक्षाविद्हरूको सल्लाह र सुझाउको यो केन्द्र हार्दिक स्वागत गर्दछ ।

श्री ५ को सरकार
शिक्षा मन्त्रालय
जनक शिक्षा सामग्री केन्द्र

# विषय सूचि


| विषय शीषक | विधा विषय | पृष्ठक्रम |
|---|---|---|
| नेपाल आमा | (संस्कृतिप्रधान पद्य) | १ |
| राष्ट्रिय जनावर | (संस्कृतिप्रधान प्रबन्ध) | ४ |
| बालक ध्रुव | (पौराणिक कथा) | ९ |
| भाषाका मोती: मोतिराम भट्ट | (साहित्यिक व्यक्तित्त्व) | १३ |
| आमाको माया | (घरायसी चिठ्ठी) | १८ |
| फूल के भन्छन् ? | (नैतिकताप्रधान पद्य) | २२ |
| परिवर्तन | (ऐतिहासिक प्रबन्ध) | २५ |
| भाइ छलिएको वेला | (मनोवाद, रूपक) | ३२ |
| इच्छा | (नैतिकताप्रधान पद्य) | ३६ |
| पत्रपत्रिका | (सम्बाद, रूपक) | ३८ |
| नेपालको बिर्सन नहुने मान्छे | (राष्ट्रिय व्यक्तित्त्व) | ४३ |
| भानुभक्त र घाँसी | (सम्बाद, रूपक) | ४७ |
| चलाचुली र सुब्बासुब्बेनी | (लोककथा) | ५३ |
| अरिमुण्डि | (ऐतिहासिक प्रबन्ध) | ५९ |
| शरद् | (सौन्दर्यप्रधान पद्य) | ६५ |
| राम्रो लुगा, मीठो खाना | (विवाद, रूपक) | ६७ |
| शान्तिका दूत नेपाली | (संस्कृतिक जीवनी) | ७३ |
| छाता–जुत्ताको धोको | (ऐतिहासिक कथा) | ८० |
| बालकै बालक | (संस्कृतिप्रधान पद्य) | ८६ |
| लामो बिदा | (घरायसी चिठ्ठी) | ८९ |
| योगी मछिन्द्रनाथ | (सांस्कृतिक जीवनी) | ९३ |
| परोपकार | (पौराणिक प्रबन्ध) | ९७ |
| नेपालकी एउटी छोरी | (पौराणिक कथा) | १०१ |
| लोभी मान्छे | (लोककथा) | १०४ |

| विषय शीर्षक | विधा विषय | पृष्ठक्रम |
|---|---|---|
| पृथिवीको सपना | (ऐतिहासिक प्रबन्ध, पद्य) | १०९ |
| स्थानान्तर–प्रमाणपत्र पाउने अनुरोध | (विद्यालय–चिठ्ठी) | ११२ |
| देशभक्त धर्मभक्त | (राष्ट्रिय–व्यक्तित्त्व) | ११४ |
| हिमालय | (सौन्दयप्रधान पद्य) | ११९ |
| आमा भएको जाती कि बाबु भएको जाती? | (विवाद, रूपक) | १२२ |
| रामायण | (पौराणिक प्रबन्ध) | १२९ |
| दूधको मानितो | (ऐतिहासिक कथा) | १३४ |
| पुरस्कार | (सामाजिक प्रबन्ध) | १३८ |
| कलाका साधक : तेजबहादुर चित्रकार | (कलाकार–व्यक्तित्त्व) | १४२ |
| अध्ययन भ्रमण | (विद्यालय–चिठ्ठी) | १४७ |

# नेपाल आमा



कति सुन्दर आमा नेपाल
शिरमा सुन्दर श्वेत हिमाल !

पोल्टामा शिशु साथ लिईकन
माया, ममता पूर्ण भईकन
पश्चिम कोल्टो फर्किरहेकी
दायाँ करले गाला थामी
सधैं रसिली आमा नेपाल !
प्रिय दर्शिनी आमा नेपाल !

रङ्गी-बीरङ्गी अञ्चल धोती
खास्टो चोलो लाइरहेकी !
काली–मेची लम्पट राखी
ठाडो कुहुनो नयन दिएकी !
बायाँ करले पुस्तक च्यापी
आफ्नै धुनमा मग्न रहेकी
कति सुन्दर आमा नेपाल !
शिरमा सुन्दर श्वेत हिमाल !

आफ्नो हिमाली पृष्ठभागमा
शान्त दृश्यको रङ्ग फिँजेकी !
स्तन–कर्णाली, गण्डकी कटिकी
छेपारिमा हिम–चुचुरो ली

सधैं खुशी भै पार्वती जस्ती
मुग्ध भावमा पल्टिरहेकी
घुँडिखोप्रामा बालसूर्य झैं
राजधानी नै च्यापीरहेकी
डेढ करोडकी जननी हाम्री

कस्ती सुन्दर आमा नेपाल
शिरमा सुन्दर श्वेत हिमाल !

## अभ्यास

**शब्द र अर्थः**

| | |
|---|---|
| सौन्दर्य | – सुन्दरता, राम्रोपना |
| श्वेत | – सफा, सेतो |
| शिशु | – बालक, बच्चा |
| ममता | – खूब माया |
| कर | – हात, बाहुली |
| लम्पट | – बिछ्याउना |
| धून | – विचार, इच्छा |
| गम्भीर | – भलादमी, चुपचाप बसेको अवस्था |
| पृष्ठभाग | – पिठिउँ, पीठ |
| कटी | – कमर |
| बाल सूर्य | – उदाउन थालेका सूर्य |
| जननी | – आमा |

**प्रश्नहरू:**

१. आमा को हुन् ? कसरी तिनी आमा हुन सक्छिन् ? कारण स्पष्ट गर्नुहोस् ।

२. आमा सुन्दरी छन् भने के–केले गर्दा त्यस्ती छन् ? बयान गर्नुहोस् ।

३. पोल्टाको शिशुको पूरा परिचय के हो ? त्यसको खुला परिचय दिनुहोस् ।

४. देश–आमाले पुस्तक किन पढिरहेकी ? मतलब खुलाउनुहोस् ।

५. तपाईं आफ्नै विचारले देश–आमाको बयान गर्नुहोस् त !

**व्याकरण:**

६. वाक्यमा प्रयोग गर्नुहोस्:
श्वेत । स्तन । जननी । छेपारा ।

**विशेष ज्ञान:**

७. यो कविता आर्या छन्दको एक शाखा उप–गीतिको एक भेद हो ? मातृक छन्द हो त यो पनि ? यी सबै कुरा ठीक हुन् ?

# राष्ट्रिय जनावर

चारखुट्टे जनावरमा छेपारोको माल हुन्छ, पुच्छर हुन्छ, तर सीङ हुँदैन । गाईको चाहिं पुच्छर, सीङ र खुट्टा भैकन पनि माल हुन्छ । त्यसैले गाईलाई मालदार पशु भन्दछन् । अरू प्राणीजस्तै गाई पनि एक जातको प्राणी हो तर कति प्राणीहरू माल नभएका पनि हुन्छन् । गाईको जातमा माल अवश्य नै हुन्छ, जुरो पनि पक्कै हुन्छ । हिमालतिर हुने पुच्छरको टुप्पामा रौंको झुप्पा हुने गाईलाई चमरी भन्दछन् । जङ्गलमा हुनेलाई गौरी गाई भनिन्छ । घरगाईको भाले साँढे, गौरीको भाले साँढ र चमरीको भाले याक भनिन्छ । त्यो हलोमा नारिंदा गोरु, गाढामा नारिंदा बयल र शिवजीको बाहन भनी डामेर छाडिंदा साँढे भनिन्छ । गाई नेपालको निमित्त त ज्यादै काम लाग्ने जन्तु हो । त्यसैले यो हाम्रो राष्ट्रिय जनावर मानिएको हो ।

गाईबाट मानिसले खूब फाइदा पाएका छन् । त्यसैले हामी गौमाता वा लक्ष्मीमाता भनी यसको पूजा गर्दछौं । गाईजस्तो हरेकथोक काम लाग्ने प्राणी अर्को छैन । गाईको दूध ज्यादै मीठो र पोसिलो हुन्छ । आमाको दूध नपुग्ने बालकलाई गाईकै दूधले बचाउँछ । ठूला–ठूला मानिसलाई पनि गाईको दूधले मोटो र बलियो तुल्याउँछ ।

दूधबाट मीठा–मीठा परिकार बन्छन् । खुवा, खावा, कुराउनी, पेडा, बर्फी, रसवरी, दूधवरी, छुर्पी, दूधखुवा आदि दूधकै परिकार हुन् । दही, मही, मट्ठा, नौनी मखन, घिउ, चीज पनि दूधकै चीज हुन् । यसैले मानिसहरू गाईलाई ज्यादै मान गर्दछन्, पाल्दछन् । वैद्य-ओखती शास्त्रले गाईको दूध ज्यादै गुनिलो र तागतिलो चीज भनी मानेको छ । गाईको सफा दूधले बुद्धि बढाउँछ । त्यसैले त बुद्धि खियाएर काम गर्ने मानिसहरू बिहान-बेलुकी दूध पिउँछन् ।

दूधबाट बन्ने मलाही रावडी, खीर र सीकर्नीजस्ता मीठा भोजन पनि प्रशस्त चल्ती छन् । चमचमको स्वाद ज्यादै मीठो हुन्छ । यस्ता मीठाईहरू कुनै दूधबाट मात्रै, कुनै दूधलाई फटाएर, कुनै जमाएर अथवा मिसाएर वा मथेर तयार पारिन्छन् ।

मानिसले घरबार गर्न जानेदेखि गाईको जातले खूब मदत दिएको छ र मानिसले गाईलाई पाल्ने र पूजा गर्ने गरेका छन् । पुराणहरूमा गौपूजाको खूब बयान छ । आर्य जातिको जिउँदो देउता गाई नै हो । ऋषि-मुनिका वेलामा पनि गाईको सेवा गरिने कुराको बयान प्रशस्त छ । उनीहरू गाई-गोठ नराखी बस्दै बस्दैनथे, नदिहुँ गौ-सेवा गर्दथे, गौपूजा गर्दथे । नेपालीहरू गाईलाई अत्यन्त मान्दछन् । त्यसैले नेपाललाई गोरक्ष (गोर-खा) देश पनि भनिन्छ । हाम्रो राष्ट्रिय चिह्नमा गाई पनि छ । गाईलाई मान गरेर हामीले आफ्नो ठूलो चाडलाई एक दिन

गाईतिहार वा लक्ष्मीपूजा र गोरुतिहार भनी मान्ने गरेका छौं । गोरुतिहारको दिनलाई गोबर्धन–पूजा पनि भन्दछन् । तिहार नेपालको ठूलो चाड हो । यस चाडमा एक रात फौजका फौज मानिसहरू "हरियो गोबरले लिपेको, लक्ष्मीपूजा गरेको, हे औंसीबार, गाईतिहार भैलो !" अनि "छानामाथि घिरौंला, के–के दिन्छन् हेरौंला" भन्दै घरघरमा माग्न आउँछन् । त्यसरी माग्न साना–ठूला सब जान्छन्, आफ्नाआफ्ना र वरपरका गाउँ–टोलमा घुम्दछन् । साच्चै भन्ने हो भने तिहारभरिमा सबभन्दा रमाइलो दिन गाईतिहारै हो । गाईलाई त्यसदिन खूब सिँगारेर पूजा गर्छन् ।

त्यस्तै काठमाडौं उपत्यकामा गाईजात्राको चाड पनि निक्कै रमाइलो हुन्छ ।

गाई हुनेले गाई र गाई नहुनेले मान्छेलाई नै कागतका सीङहरू लगाई गाई तुल्याएर शहर घुमाउन पठाउँछन् ।

गाईको गहुँत र गोबरले बिखालु कीराहरूलाई नाश पारिदिन्छ भन्दछन् । बाहिरबाट रोगका कीरा नआऊन् भनी गोबरले बिहान–बिहान भान्सा, मझेरी र ढोका पोत्ने चलन छ । बाहुन–क्षेत्रीहरू त भान्सा सकिएपछि गोबरले लोटाएर रातो माटोले नलिपीकन फेरि भान्सामा केही गर्दैनन् । गोबरले नलोटाएको भान्सा चोखै हुन्न भन्छन् । त्यस्तै गहुँतले मानिसको जीउभित्र–बाहिरका रोगका बिखालु कीरा मारिदिन्छ भन्छन् । त्यसैकारण मानिसहरू गोबर दलेर नुहाउँछन् । गहुँत खान्छन्, घरभरि गहुँत छर्कन्छन् । प्राय: गाउँ–घरमा गाईगोरु नपाल्ने घरै हुँदैन ।

गाईवस्तुकै गहुँत–गोबर र सोतरबाट मल बन्दछ । मल नभए खेती कमाइ हुँदै हुन्न । खेती सप्रेन भने अन्नहरू उब्जँदै उब्जन्नन् । अनि मानिसले के खाएर, कसरी बाँच्ने नि ! अनि खेतबारी जोत्नुपर्छ । धेरै–धेरै खेती गर्न खनेर साध्य हुन्न । गोरु भएन भने कसरी खन–जोत गर्ने । तराई र मधेशतिर पनि गोरु नभए खेतीपाती चल्दै चल्दैन । जोत्न, बोक्न, तान्न र मलिलो पार्न गोरु चाहिन्छ । गोरु, बयल, बाच्छा, बाच्छी गाईकै सन्तान हुन् ।

गाई–गोरुको गोबरबाट गुइँठा पनि बन्छ । दाउरा महँगो हुने ठाउँमा गुइँठाले खूब काम दिन्छ । गुइँठा बालेर पकाएको कुरा स्वादिलो र नीरोगी मानिन्छ । गुइँठाको आगो धेरै बेरसम्म रहने हुन्छ । ओखतीहरूको पाक गर्न र सुन-अभ्रकहरूको भस्म बनाउन कविराज–वैद्यहरू गुइँठा नै असल मान्दछन् । किन भने मोती, मुगा, सुन, लोहा (फलाम) लाई खरानी तुल्याउन गुइँठाकै कडा आगोले सक्दछ, दाउरा वा गोलले त्यत्तिको सक्तैन । गुइँठाको खरानी पनि ओखती हुन्छ, अनि मल पनि उत्तिकै लाग्छ । जोगी र रोगी गुइँठाकै खरानी घस्छन् ।

मरेपछि पनि गाईको सिनु त्यत्तिकै काम लाग्दछ । गाईको सीङ र हाडका टाँक, बीँड, औंठी र सानातिना भाँडा बनाइन्छन् । यसको छालाबाट जुत्ता, बाकस, दाप, म्यान, कमरपेटी र काठका भाँडाको खोल बन्दछ । छालाको सामान ज्यादै बलियो हुन्छ । छालाबाट मेच, कौचहरू पनि बनाउँछन् । गाई–गोरुको नसालाई नहर भनिन्छ । नहरले सिएको चीज अचाक्ली बलियो, नचुँडिने र नखुस्किने हुन्छ ।

मानिसको जिन्दगीमा जहिले पनि जेले पनि काम दिने वस्तु गाई बराबरको अर्को केही छैन। घाँस खाएर अमृत (दूध) दिने, गुहु–मूतले रोग–व्याधि हटाउने, छाला–हाडखोडले चीजहरू बनाउन पाइने, सोझो यस जन्तुबाट मानिसले सत्य युगदेखि आजसम्म पनि काम लिंदै आएको छ। त्यसैले गाई हाम्रो राष्ट्रिय जनावरको इज्जतदार ठाउँमा रहन आइपुगेको हो। यसकारण गाई पाल्नु हाम्रो धर्म हो। गाईको सेवा गर्नु, देशको सेवा गर्नु र गाईको पूजा गर्नु राष्ट्रको पूजा गर्नु हो।

## अभ्यास

शब्द र अर्थ:

राष्ट्रिय जनावर – राष्ट्रले मानेको मुख्य जन्तु
प्राणी – जीव, जन्तु
मालदार – घाँटीमा लुर्कन भएको
प्रशस्त – खूब धेरै
गौमाता – गाई–आमा
पोसिलो – मोटोघाटो
मान – इज्जत, आदर
गौपूजन – गाईको पूजा
परिकार – चीजबीज, प्रकार
गुनिलो – फाइदा गर्ने, गुण भएको
आदिम युग – सत्ययुग, पहिलो युग
गोरक्ष देश – गाईको रक्षा गर्ने देश, नेपाल
चिह्न – चिनु, चिन्ने चीज
कीटाणु – रोगका कीरा, बिखालु कीरा
पाक मर्नु – पूरा पकाउनु, फेरि–फेरि पोल्नु
व्याधि – बिरामी पार्ने चीज, रोग
सेवा – चाकडी, सिहारसुसार
राष्ट्र – अधिराज्य देश
अचाक्ली – अत्यन्तै, खूब
हाडखोड – हाडहरू, हाडसाड

प्रश्नहरू:

१. "जिउँदो देउता" किन भनेको हो ? कारणहरू दिनुहोस् ।

२. दूधबाट बन्ने मिठाईहरू के–के हुन् ? नामावली दिनुहोस् ।

३. ऋषि–मुनिहरू गाईवस्तु कसरी पाल्दथे ? बयान गर्नुहोस् ।

४. गाईपूजाको के महत्त्व छ ? बयान गर्नुहोस् ।

५. लक्ष्मीपूजा कस्तो हो, के–के गरिन्छ ? स्पष्ट गर्नुहोस् ।

६. हामीले किन गाईपूजा गर्नें गरर्यौं ? यसमा के–के फाइदा देखिन्छ ?

७. 'राष्ट्रिय जनावर' भनेर मान्नुका कारण के–के हुन् ? स्पस्ट गर्नुहोस् ।

८. गाईजात्राको चाड कहाँ–कहाँ, कसरी–कसरी मनाइन्छ ? लेख्नुहोस् ।

व्याकरण:

(क) "जिउँदो देउता" शब्दमा कति स्वर र कति व्यञ्जन छन् ?

(ख) तिनमा कति निपात भेटिन्छन् ?

(ग) व्युत्पन्न धातुका चार उदाहरण दिनुहोस् ?

(घ) तुल्याउनु, भन्नु र गर्नु धातुको रूप चलाउनुहोस् ।

(ङ) तल दिइएका क्रियाको वर्तमान र भविष्यत कालको एक वचनमा देखाउनुहोस् ।

(क) तुल्याउनु (ख) भन्नु (ग) गर्नु

(च) मतलब पूरा हुने गरी वाक्यमा प्रयोग गर्नुहोस्:

१. ठिङ्ग उभिने २. हुनेहार दैव नटा-र ३. मानिसको जात नपरी चेत्दैन ४. दश परिकार बनाउनु छ ।

(छ) प्रेरणार्थक धातुका चार उदाहरण दिनुहोस्:

# बालक ध्रुव

राती आकाशतिर हेर्‍यौं भने सात ताराको प्रश्न चिह्न जस्तो (?) एउटा समूह देखिन्छ। यस समूहलाई सप्तर्षि–तारा भन्दछन्। सप्तर्षि–ताराले घुमिरहेको एउटा तारा बीचमा देखिन्छ। त्यही हो ध्रुव–तारा। ध्रुव–तारा एकै ठाउँमा रहिरहन्छ। यो तारा देख्नासाथ हामी बालक ध्रुव र उनले गरेका कामहरू सम्झिन्छौं।

धेरै–धेरै अघि उत्तानपाद नामका राजा थिए। उनका दुई रानी थिए। जेठी रानीको नाम सुनीति र कान्छी रानीको नाम सुरुचि थियो। रानी सुनीति-पट्टिका राजकुमार ध्रुव थिए। कान्छी रानीको कुनै कुरा पनि राजा नाघ्न सक्तैनथे। इच्छा हुँदाहुँदै पनि जेठी रानी सुनीतिलाई स्नेह गर्न सक्तैनथे। देख्ता सुन्दरी भए तापनि कान्छी रानी डाहले जलिरहने स्वभावकी थिइन्। उनी राज्यको उत्तरा-धिकारी ध्रुवको सट्टा आफ्नो छोरा उत्तमलाई गराउने कोशिशमा थिइन्।

एक दिन राजसभा भइरहेको थियो। राजा उत्तानपाद कान्छी रानीलाई साथमा लिएर सिंहासनमा बसेका थिए। उनीहरूको काखमा उत्तम खेलिरहेका थिए। ध्रुव पनि खेल्दै–खेल्दै त्यहीँ पुगे। भाइलाई बुबाको काखमा देखेर उनलाई पनि बुबाकैँ जाउँ–जाउँ लाग्यो र बुबाको नजीकै गएर टुलु–टुलु हेर्न लागे। राजाले पनि बालक ध्रुवको सुन्दरता र सरलतामा लट्ठ भएर उनलाई आफ्नो काखमा लिए। तर सुरुचिले उनलाई झट्कारेर काखबाट ओह्रालिन् र भनिन्– "ध्रुव ! तँ आफू बस्ने अधिकारै नभएको ठाउँमा किन बस्न खोज्छस् ? यस सिंहासनमा बस्न त ज्यादै धर्म गर्न सक्नुपर्छ। तैंले धर्म गर्न सकेको भए तँ मेरो कोखमा जन्म लिने थिइस्। उत्तम यो देशको युवराज हो। तँ ऊ जत्तिको कहिल्यै हुन सक्तैनस्। महाराजको काखमा बस्ने इच्छा छ भने ईश्वरसँग मेरो कोखमा जन्म लिने बरदान माग् अनि मात्र अर्को जुनिमा युवराज हुन पाउनेछस्।"

अनि उनले राजालाई पनि आँखा तरेर हेरिन्। राजसभामा भएका सबै जनाले नरमाइलो माने। तर बोल्ने कसैको हिम्मत थिएन।

बालक ध्रुव दुःखी त भए, तर उनी सहनशील भइसकेका थिए। यस्तो अवस्थामा उनी बुद्धिमान् जस्ता भएर रुनु–कराउनु नगरी चूपचाप आफ्नी आमा कहाँ गएर भएको घट्ना सबै बयान गरे। सुनीतिले पनि छोरालाई धैर्य र उत्साहको पाठ पढाउने उद्देश्य लिएर भनिन्- "बाबु, दिक्क नमान, धैर्य गर र तिमी राजाको काखभन्दा पनि ठूलो पद पाउने कोशिश गर, परिश्रम गर ! भगवान्को स्मरण गर। मिहिनेतले ईश्वर खुशी हुन्छन् र ठूलो पदको वरदान दिन्छन्।"

ध्रुवलाई आमाको उपदेशले निक्कै प्रभाव पारयो। आमा निदाएको मौका पारी मध्य रातमा उनी घर छाडी हिँडे। ईश्वरको वरदान लिई ठूलो पद लिने एक मात्र उनको उद्देश्य थियो। "कहाँ जाऊँ ? के गरूँ ? कसरी उच्च पद पाउन सकिएला !" यही ध्याउन्नमा ध्रुव हिँड्न थाले। उनलाई खान सुत्नको पनि वास्ता रहेन। यसरी मन एउटै कुराको खोजमा मात्र लगाएर ध्रुवले दिन रात बिताउन थाले। यी नदीमा गएर रोजै नुहाउँथे र भेट्टाएको थोरै चीज मात्र खान्थे।

यसरी एउटै कुरामा मात्र ध्यान लगाएर एकोहोरो भएर बस्दा–बस्दा एक दिन ईश्वर खुशी भएर उनलाई सद्भावना दिनुभयो। भगवान्को वरदान पाएर ध्रुव जुन काम पनि गर्न सक्ने भए।

यता राजा उत्तानपादलाई ध्रुव बेपत्ता भएकोमा सारै पछुताउ लाग्यो।

उनले ध्रुवलाई खोज्न जताततै मानिस पठाए। आखिर, ईश्वरको वरदान पाइसके-पछि ध्रुवलाई मानिसहरूले भेटे र बूढा राजाकहाँ लिएर आए। राजा पनि आफ्नो बेपत्ता भएको छोरा अझ बुद्धिमान् र विचारवान् भएको पाएर ज्यादै खुशी भए। केही दिनपछि नै ध्रुवलाई राज्य दिएर राजा उत्तानपादले अवकाश लिए।

यसरी ध्रुवले धेरै वर्षसम्म पृथ्वीमा राज्य गरे। स्वर्ग गएपछि पनि उनी ध्रुवलोकको राजा भए। उत्तरपट्टि आकाशमा सधैं देखिरहने ध्रुवतारा यिनै ध्रुवजीको ध्रुवलोक हो भनिन्छ। आफ्नो मिहिनेत र ईश्वरको कृपाले गर्दा ध्रुवको यो ध्रुवलोकको राज्य तवसम्म ननासिने छ जहिलेसम्म पृथ्वीमा मानिसले यो ध्रुव-लोक अर्थात् ध्रुवतारा देखिरहन्छन्, त्यहिलेसम्म ध्रुवलाई कसैले पनि विर्सन सक्तैन।

## अभ्यास

**शब्द र अर्थ :**

| | | |
|---|---|---|
| सप्तर्षि | – | सप्त–ऋषि नामका सात ताराको समूह |
| उत्तराधिकारी | – | दोस्रो हकदार, शेष पछिको हकवाला |
| राजसभा | – | राजाको सभा, बैठक, राजा–भारदारको बैठक |
| सिंहासन | – | राजाको आसन, गद्दी |
| सहनशील | – | सहने बानी बसेको |
| उत्साह | – | आँट, हिक्मत |
| पद | – | दर्जा, स्थान |
| स्मरण | – | सम्झना, याद |
| सद्भावना | – | असल विचार |
| विचारवान् | – | विचार गर्न सक्ने |
| अवकास | – | फुर्सत |

**प्रश्नहरू :**

१. ध्रुवतारा भन्ने चिह्न के हो ? त्यो कहाँ हुन्छ ?

२. सुरुचिको स्वभाव कस्तो थियो ?

३. सुनीति कस्ती महारानी थिइन् ?

४. सुरुचि के–के चाहन्थिन् र उनले के–के गरिन् ?

५. उत्तम के–के गरिरहँदा ध्रुव बाबुको अगाडि पुगेर उभिए ? बयान गर्नुहोस् ।

६. किन सुरुचिले ध्रुवलाई बाबुको काखबाट ओह्रालिन् ? स्पष्ट गर्नुहोस् ।

७. 'तैँले धर्म गरेको भए तँ मेरो कोखमा जन्म लिन्थिस्' यसको मतलब भन्नुहोस् ।

८. सुनीतिले के–के पाठ पढाउन के–के गरिन् ?

९. ध्रुवले ईश्वरबाट के पाए ? उनी के भए ?

१०. ध्रुवलोक भन्नाले के–के बुझ्नुपर्छ र त्यो कहाँ छ ? स्पष्ट गर्नुहोस् ।

**व्याकरण :**

१. तलका वाक्यांशलाई भिन्न–भिन्न तीन किसिमका वाक्यमा फेर्न सकिन्छ ? सकिन्छ भने फेरेर देखाउनुहोस्:

(क) स्वर्ग गएपछि पनि उनी ध्रुवलोकका राजा भए रे !

(ख) एक दिन ईश्वर खुशी भएर उनलाई सद्भावना दिनुभया ।

२ भालेवाचक शब्दको पछिल्लो इ, उ ह्रस्व हुन्छ भने तलका शब्द भाले बुझाउने भए पनि किन दीर्घ भए ?– भालू, साथी, स्वामी, हात्ती, सँगी सम्धी । (भाले भए पनि यी शब्द अपवादका हुन्, त्यसैले दीर्घ हुन्छन् ।)

३. भाववाचक सामान्य शब्दलाई कसरी कसरी लेख्न सकिन्छ ? (ह्रस्वै ह्रस्व पारेर मात्र लेख्न सकिन्छ ।)

४. **तलका शब्दलाई अर्को किसिमले पनि लेख्न सकिन्छ कि ?**

युक्ति, ध्रुव, मिहिनेत, वर्ष, जुनी, कोशिश, सुन्दरता । सकिन्छ । जस्तैः जुक्ति, धुर्व, मेहनत, बर्स, योनि, कोशिश, सौन्दर्य ।

५. पहिलो दफाका अव्यय शब्दहरूको केही नमूना दिनुहोस् ।

**विशेष ज्ञानः**

१. जुनसुकै लिङ्ग, जुनसुकै वचन, जुनसुकै कालमा पनि जस्तातस्तै रहने, रुप नबिग्रने शब्दलाई के भनिन्छ ?

(अव्यय शब्द । जस्तैः– नि,त, कि, अहा !, धत्, नाइँ, सिर्फ, तर, भला, अस्तु, तैपनि, अरू आदि)

# भाषाका मोती : मोतीराम भट्ट

मोती भनेको बहुमूल्य रत्न हो। यस्ता रत्नको नाम टिपेर आफ्नो नाम राख्ने त धेरै होलान्, तर नामअनुसारको गुण हुने मान्छे चाहिं आक्कलझुक्कल मात्र पाइन्छन् । उनी "जस्तो नाउँ उस्तै काम" भएका मान्छे हुन् । उनको शुभनाम हो – मोतीराम, थर हो–भट्ट। संवत् १९२३ मा काठमाडौं भोसिको टोलमा जन्मेका मोतीराम भट्ट नेपालो भाषा र साहित्यको इतिहासमा मोती जस्तै नै चम्केका छन् ।

मोतीराम जुनवेला जन्मेका थिए त्यस समयमा काठमाडौंमा पठन–पाठन सजिलो थिएन । तर बालकैदेखि तीखो बुद्धिका भएकाले पाँच वर्षको उमेरमा उनका आमाबाबुले उनलाई काशी लगे। त्यतिवेला लेखपढ गर्न ठिटाहरू र धर्मकर्म गर्न बूढाबूढीहरू दुवैथरीका निम्ति काशी साह्रै सजिलो ठाउँ थियो। उहीं बसेर उनी पढ्न थाले । अलिक महीनामै पढ्न लेख्न राम्रै जानेकोले उनलाई संस्कृत पढ्न लगाइयो । संस्कृतका व्याकरण, कोष र काव्यमा थोरै वर्षमै उनले धेरै प्रगति गरेको देख्ता गुरुहरू खूबै खुशी भएका थिए। तर उनी सोझो पढाइमामात्र रमाउने विद्यार्थी कहाँ थिए र ? आफ्नो पढ्ने पुस्तकको साथै अरू जुनसुकै पुस्तक वा पत्रिका पाए पनि एकपल्ट नहेरी उनी छाड्दै–छाड्दैन थे ।

मोतीराम भट्ट जति जेहेन्दार थिए, त्यत्तिनै मिलनसार पनि थिए । उनले धेरै नेपाली र भारतीयहरूसित मित्रता राखेका थिए । उनका समकालीन साहित्यिकहरूमा भारतीय हरिश्चन्द्र पनि हुन्। जुनवेला मोतीराम भट्ट पढ्दै थिए,

हरिश्चन्द्र हिन्दी भाषा र साहित्यको सेवामा अथक परिश्रम गरिरहेका थिए। उनी साहित्यकार र पत्रकार दुवै थिए । अरू भाषाका रसिला भरिला साहित्यिक कृतिहरू पढ्दा मोतीरामको मन चौ–चौ हुन्थ्यो । 'आफ्नो भाषामा पनि केही भइदिए विदेशी मित्रहरूको अगाडि आफू गरीबजस्तो देखिनु पर्दैनथ्यो भन्ने उनको मनमा लाग्थ्यो। झन त्यतिखेर भारतेन्दु, हरिश्चन्द्रहरूले आफ्नो भाषाको उन्नतिको लागि ज्यान दिएको देख्ता आफूले पनि आफ्नो भाषाको निम्ति केही गर्न सके हुन्थ्यो भन्ने सकसकीले उनलाई सताउँथ्यो।

मोतीरामको भाषाभक्ति शुरूमा पुस्तक–प्रेमबाट उदाएको हो भन्ने हामीले बुझिहाल्यौं। अरू भाषामा पुस्तक पढ्दा पढ्दै नेपाली भाषामा पनि पुस्तक छाप्न पाए हुन्थ्यो भन्ने रहर उनलाई पनि थियो। पहिले त उनलाई लाग्यो होला–म एक्लैले गरेर के हुन्छ र ? तर पछि उनले देखे–भाषाको सेवाको ठूलो काम थाल्दा म कसो एक्लै पर्‍ँला र ? नभन्दै पद्मविलास, रङ्गनाथ, चेतसिंह, काशीनाथ र तेजबहादुर राना आदि धेरै साथीहरू मोतीरामज्यूसित मिलेर भाषाको सेवा गर्न तयार भए। अनि रामकृष्ण बर्मा भन्ने साथीसित मिली उनले एउटा "भारत जीवन" भन्ने छापाखाना खोले। छापाखाना त खोले, तर पुस्तक छाप्ने के ? आखिर सबभन्दा पहिले नै उनले भानुभक्तको रामायण भेट्टाए। के खोज्छस् काना ? आँखो नेपाली भाषामा त्यति रसिलोसँग लेखिएको भाका हालेर गाउन हुने रामचन्द्रको चरित्र पाएपछि रमाइलो किन नहोस् !

"एक दिन् नारद सत्यलोक् पुगिगया लोक्को गरूँ हित भनी"– साँच्चै उनले पनि लोकको हित गरूँ भनेर हत्तनपत्त बालकाण्ड छपाइहाले। काशीका नेपालीहरूमा मात्र होइन, नेपालभित्र र बाहिर सबैतिरका धेरै नेपालीले त्यो पुस्तक निकै मन पराए। बालकाण्ड प्रसस्त बिक्यो। त्यो देखेर पण्डित डमरुबल्लभ पोखरेलले पनि सातै काण्ड रामायण छपाए। तैपनि मोतीले आफ्नो छापाखानाबाट १९४४ मा भानुको सातै काण्ड रामायण नछपाई छाडेनन्। त्यो पनि धमाधम बिक्री भएर सकियो।

त्यसरी रामायण हातहातै बिकेको देखेर उनी मक्ख परे। अनि रामायणका कविको नामावली सोधखोज गरेर नेपालीहरूलाई चिनाइदिने इच्छा गर्नथाले।

संवत् १९४८ मा भानुभक्तको जीवन–चरित्र पनि लेखेर छपाइहाले । उनले प्रकाशनमा नल्याइदिएको भए, उनको जीवन-चरित्र नलेखिदिएको भए भानुभक्त को हुन् र उनले के-के दिएर गएका थिए भन्ने थाहा पाउन हामी सक्थ्यौं-सक्तैनथ्यौं शङ्कै छ । त्यसैले विद्वान्हरू भन्छन्–मोतीको चमक नपाएको भए भानु चम्कनै सक्ने थिएनन् ।

भनूं भने भानुको जस्तै रसिला कविता मोती लेख्थे । उनका गजेन्द्रमोक्ष, पञ्चप्रबन्ध, स्वप्नप्रकाश, शुक्रनीति, चाणक्यनीति आदि थुप्रै पुस्तकहरू उनकै छापा-खानाबाट छापिएका छन् । 'पिकदूत' मार्मिक गजलहरू मोतीरामका खूब राम्रा रचना हुन् । गद्य–साहित्यका त गुरु नै मोतीरामलाई भनिदिए हुन्छ । मोतीराम आफू त्यस्ता प्रतिभाशाली भएर पनि मै मात्र ठूलो भनी गजक्क फुल्ने साहित्यकार थिएनन् । उनी आफ्न साथी सङ्गातीहरूलाई पनि लेख्ने प्रेरणा दिन्थे र उनीहरूले लेखेको सुनी, सम्पादन गरी छापिदिएर प्रोत्साहन पनि दिन्थे । त्यसैले, मोतीराम भट्टका पालादेखि नेपाली साहित्यको इतिहासले नयाँ युग शुरू गरेको भन्नुपर्छ । उनले निकालेको पत्रिकाको नाम हो– 'गोरखा–भारत–जीवन' । यसमा त्यस वेलाका धेरै लेखकहरूका रचना छापिन्थे । मोतीराम भट्टले वनारस बसुन्जेल मात्र भाषाको सेवा गरेका होइनन्, काठमाडौं आएपछि उनको साहित्यक गतिविधि झन् बढेको थियो । काठमाडौंको पशुपति प्रेस राख्नमा पनि उनको ठूलो हात छ । यस्तै काममा लाग्दा लाग्दै अङ्ग्रेजीतर्फ उनको पढाइ भने त्यति बढ्न सकेन । उनले एन्ट्रेन्स पास गरे, एफ. ए. गर्न पाएनन् । उनले पाऊन् पनि कसरी ? उनको मन र मगज सधैं 'भाषा र साहित्यको कसरी उन्नति गर्ने ?' भन्ने धुनमा एकोहोरिएको थियो । एकोहोरिएअनुसार गर्न पनि कम गरेनन् । दैवले उनलाई तीसै वर्षको उमेरमा चुंडेर लगिदियो र पो, नत्र मोतीराम भट्टले नेपाली साहित्यमा अरू कति मोती दिनसक्दथे होलान् ।

## अभ्यास

**शब्द र अर्थ:**

अमूल्य – धेरै मोल पर्ने, अनमोल

पठनपाठन – पढ्ने पढाउने, अध्ययन, पढाइ

| | |
|---|---|
| सुविधा | – सुबिस्ता, सुख |
| अलिक | – थोरै, केही |
| व्याकरण | – ह्रस्व–दीर्घको शास्त्र, भाषा राम्रो र शुद्ध बनाउने शास्त्र |
| कोष | – हरेक शब्दको अर्थसमेत हुने पुस्तक, शब्दहरूको भण्डार |
| काव्य | – कवितै कवितामा लेखिएको कथाको पुस्तक |
| प्रगति | – उन्नति, विकास, बढिबढाउ |
| साहित्यकार | – साहित्य रचना, गर्ने |
| पत्रकार | – अखबार निकाल्ने, अखबारसम्बन्धी काम गर्ने |
| कृति | – रचना, लेख |
| सकसकी | – कुतकुती, चासो |
| प्रोत्साहन | – आँट, फुर्ती, हौसला |
| गतिविधि | – चाला, चालचलन |
| एन्ट्रेन्स | – पुरानो वेलाको प्रवेशिका |
| धून | – नमटिने गहिरो इच्छा, एकोहोरो लाग्ने पन |

**प्रश्नहरू:**

१. मोतीराम भट्ट नेपाली भाषाका मोती हुन् । यस वाक्यलाई बूँदा भरेर बयान गर्नुहोस् ।

२. जीवन–कथा (जीवनी) पढेर के–के जानिंदो रहेछ ? बताउनुहोस ।

३. मोतीले शिक्षा कहाँ पाए ? के–के गरे त्यस वेला ?

४. भाषा र साहित्यमा उनलाई कसरी रुचि लागेको हो ? बयान गर्नुहोस् ।

५. उनका पालामा पठनपाठनको सुविधा किन थिएन ? कारण दिनुहोस् ।

६. मोतीका मित्रहरू को–को र कस्ता–कस्ता थिए ?

७. भाषाको निम्ति मोतीको कति महत्त्व छ र किन ?

८. नेपालमा पहिलो छापाखाना ल्याउने मोती हुन् ? कसरी ?

९. भानुलाई मोतीले नचिनाएका भए के हुन्थ्यो त ?

१०. मोतीले साथी सङ्गातीलाई के–के गर्ने प्रेरणा दिए ?

११. मोतीले कुन–कुन नामको पत्रिका निकाले, के–के मा काम गरे ?

१२. मोतीले भाषाको कति (वर्ष)सेवा गरे ? उनी कति वर्षमा अलप भए ?

**व्याकरण:**

(क) यस पाठ्यांशमा भएका उखान वा वाक्यांशहरू पाँचओटा जम्मा गर्नुहोस् ।

(ख) प्यारो गर्दा हुने गरी तलका शब्दको रूप देखाउनुहोस्:

ठूलो । जगन्नाथ । रामप्रसाद । बालचन्द्र । कालो । कुकुर । बिरालो । छोरो । छोरी । बुहारी ।

(ग) भाव विस्तार गर्नुहोस्:

भनूँ भने भानुका जस्तै रसिला कविता मोती लेख्थे ।

(घ) यस पाठ्यांशबाट दशओटा अनुकरण शब्द खोजेर लेख्नुहोस् ।

(ङ) के यस पाठ्यांशको तेस्रो दफामा निपात भएका शब्द छन् ?

छन् भने १....। २....। ३....। ४....।

(च) तल दिइएका वाक्य-खण्डको भावार्थ दिनुहोस्

१. लाटो देशमा गाँडो तन्नेरी ।

२. जसको सीङ छैन उसको नाउँ तीखे ।

३. नानीभन्दा आची ठूलो ।

# आमाको माया

०३०।५।४
पशुपति–छात्रावास
काठमाडौं नेपाल ।

पूज्य पिताज्यू,
सादर दण्डवत् !

हजूरले जेठ २३ गते लेखेको आशीर्वादपत्र हिजो मेरो हात परयो । घरतिर बाबा र भाइ–बहिनीहरू सबै सञ्चै भएको सुन्दा साह्रै खुशी लाग्यो । तर आमालाई अलि विसञ्चो छ भन्ने खबरले मनमा केही खुलदुली पैदा भयो । म काठमाडौंतिर आउने बखतमै आमालाई अलि–अलि खोकी लागेको थियो । तर मैले सञ्चो भएन कि भनी सोद्धा उहाँले भन्नुभयो- "बूढाबूढी उमेरमा कहिलेकहीँ यस्तै हुन्छ बाबु । कुनै पीर नगरी आफ्नो पढाइमा मन लगाए है ।"

पिताज्यू, मलाई आमाको असाध्य माया लाग्छ । आमालाई सम्झदा लेखपढ गर्न छाडेर घरतिर दौडन मन लाग्छ । पोहर मलाई टाइफाइड हुँदा आमाले कति सास्ती खानुभएको थियो । कति रात त मेरो सिरानमा बसी रुदारुँदै बिताउनुभएको थियो । अहिले उहाँ बिरामी हुनुहुन्छ, म यहाँ छु । साँच्चि बाबा, मलाई अहिले ठाडै खुट्टाले घरतिर हिँड्नुजस्तो लागेको छ । तर के गर्नु, आमाले म हिँड्ने बेलामा भन्नुभएको कुराले झ्वाट्टै त्यता आउन पनि साह्रै डर लाग्छ-"बाबु, पढाइ छाडेर झ्वाट्ट कतै लागेछौ भने तिमीलाई मेरो माया रहेनछ भनी सम्झनेछु । त्यस बेला तिमीलाई छोरो सम्झने छैन । तिम्रो निम्ति पढाइ नै ठूलो चीज हो । यो कुरा मनमा राखिछाडे ।" अब के गरूँ पिताजी?

सामाजिक शिक्षाका गुरुले हामीलाई भोलि त्रिशूली लैजान बसको टिकट किनिसक्नु भएको छ । भोलि बिहान ७ बजे नै काठमाडौंबाट प्रस्थान गरी ११ बजे

तिर हामी त्रिशूली पुग्नेछौं। भोलि त्रिशूलीको जल विद्युत् योजना हेर्ने कार्यक्रम छ। पर्सि–बिहानै त्रिशूलीबाट नुवाकोट गई त्यहाँको पुरानो दरबार हेर्ने अठोट छ।

आफूले नपुगेको नयाँ ठाउँमा पुग्नु रमाइलो हो। त्यसमाथि पनि 'त्रिशूली र नुवाकोटमा धेरै-धेरै हेर्नु पर्ने र बुझ्नु पर्ने कुराहरू छन्, भनी गुरुले हामीलाई भन्नुभएको छ। यो महत्त्वपर्ण संजोग छोडूँ भने फेरि कहिले पाइने हो कहिले! त्यसैले दुई दिनको निम्ति जानै ठीक छ जस्तो लागेको छ।

देश र आमा बराबर हुन् भनी एक दिन बाबाले नै भन्नुभएको थियो। हाम्रा एक जना गुरुले चाहिं के भन्नुभएको थियो भने ठाउँ–ठाउँमा घुम्न जाँदा देशको दर्शन पाइन्छ। आमाको काखमै बस्नु पर्ने पनि होइन,देशको काखमा भक्ति-पूर्वक बसेको असल छोराले आमाको काखमै छु भन्ने सम्झनुपर्छ। तर मनले चाहिं त्यसो भन्दैमा कहाँ मान्दो रहेछ र?...जन्मेको जिल्लाबाहेक मैले अन्तकतै देखेको थिइन। पोहरसम्म आफ्नै गाउँको विद्यालयमा पढियो, आफ्नै जिल्लामा यताउति घुमियो। बाबाले यसपाली यो छात्रावासमा भर्ना गरिदिनु भएपछि मैले काठमाडौं, भक्तपुर र पाटन हेर्न पाएँ। अब त्रिशूली पनि हेरिहालुँ भन्ने विचार छ।

पिताज्यू, गन्थन धेरै लामो भएकोमा रिसानी माफ पाऊँ। घरमा चिट्ठी लेख्दा आफूलाई धेरै कुरा लेखिरहन मन लाग्छ। तर पिताज्यूको चिठ्ठी भने असाध्यै

छोटो हुन्छ । आमालाई अली बिसन्चो छ भनी लेख्नु भयो, तर के भएको हो पूरा कुरै लेख्नु भएन । जे होस रुघाखोकी, निमोनियाँ र तागतको निमित्त केही प्रारम्भिक ओखती नेपाल–बाज्येका छोराको हात पठाएको छु । मेरै सहपाठी साथीका पितासँग सबै कुरा बताई, उहाँले भनेजस्तै गरी किनेको हुँ । खुवाउँदाको तरीका उहाँले नै लेखिदिनुभएको छ। आजको साता त म पनि आइपुगिहाल्छु । आमाको रोग घटेनछ भने लेखिबक्सेला, आमाको सेवा छोडेर पढाइसढाइ म गर्नेछैन, तुरुन्तै त्यहीँ



आइपुग्नेछु। हवस् त,अहिलेलाई बिदा पाऊँ । भोलि–बिहान त त्रिशूलीतिर हिड्नै पर्नेछ । तर वहाँ गएर पनि मेरो मन ठीक रहने छैन । आरामीपत्रको दर्शन छिटो पाउने आशा गर्दछु ।

आज्ञाकारी पुत्र

प्रमोदहरी

## अभ्यास

**शब्द र अर्थः**

| | | |
|---|---|---|
| जलविद्युत् | – | पानी–बिजुली |
| बहिना | – | बहिनी, भगिनी |
| सास्ती | – | सकस, कष्ट |
| संजोग | – | संयोग, मिलेको मौका |
| भक्तिपूर्वक | – | भक्तिसाथ |
| आरामीपत्र | – | सन्चो भएको चिट्ठी |

**प्रश्नहरूः**

१. 'देश र आमा बराबर हुन्' भन्ने कुरा सिद्ध गर्नुहोस् ।

२. सामाजिक शिक्षाको पढाइको बारे बयान गर्नुहोस् ।

३. चिट्ठी छोटो हुनु र लामो हुनुमा फाइदा कुनमा छ र के–के ?

४. नेपाली जनजीवनमा आमाको के–के महत्त्व छ ? बयान गर्नुहोस् ।

५. मभन्दा तिम्रो निम्ति पढाइ नै ठूलो चीज हो, यो कुरा प्रमोदकी आमाले किन भनिन् ? यसको मतलब स्पष्ट खुलाउनुहोस् ।

६. 'नेपाल साह्रै राम्रो देश हो' भन्ने कुरा हालेर पद्मोदय माध्यमिक विद्यालयका कक्षामित्र रामनाथ नेपाललाई राम्रो चिट्ठी लेख्नुहोस् ।

**व्याकरणः**

(क) गर्,भन्,चल्,भुल्, धातुको प्रथमाको (वर्तमान कालमा) रूप चलाउनुहोस् ।

(ख) हु,रु,छु,जिउ, सिउ धातुलाई (भूत कालमा) एक वचनको रूप देखाउनुहोस् ।

(ग) भोकाउ, छकाउ, रसाउको भविष्यत् कालको मध्यम पुरुषको एक वचनको रूप देखाउनुहोस् ।

(घ) भनाइ, हिँडाइ, हनाइ यी क्रियापदलाई व्युत्पन्न धातुमा लगेर देखाउनुहोस् ।

# फूल के भन्छन् ?

फूल के भन्छन् सुन हे भाइ,
सुन हे बहिनी, बिन्ती उनको
"नचुँडन नानी ! नचुँडन बाबा
मुन्टा–भेट्ना हामीहरूको !"

हामी पनि हौं तिमीहरूजस्तै
लालावाला आमाहरूका
बोट-बिरुवा हाम्रा आमा
ईश्वर हाम्रा बाबु हुन् ।

फूल के भन्छन् ?

तिमीहरूलाई लाउन, खान
आमाबाबुहरू नै दिन्छन्
हामी अनाथ छौं, लाउन, खान
हावा, पानी मात्रै छन् ।

फूल के भन्छन् ?

माया गर तिमी ! हामीहरू सब
फुलीफुली बास्ना मगमग पार्छौं
पाप लाग्छ हा ! न चुंडन प्यारा
तिम्रै हामी भाइ–बहिनी हौं ।
फूल के भन्छन् ?

तिमीलाई झैं रामरमाइलो
लाग्दछ हामीलाई पनि,
मन तिम्रै झै तन तिम्रै झैं
सम्झन ! रुन्छौं हामी पनि ।
फूल के भन्छन् ?

ज्यान छ हाम्रो, ज्यान छ तिम्रो
ज्यान मार्नु ता पाप लाग्दछ,
तिमी बचाऊ, हामी बाँच्छौं
सुन्दर तिम्रो उपवन पार्छौं ।
फूल के भन्छन् ?

## अभ्यास

**शब्द र अर्थ:**

| | | |
|---|---|---|
| लालाबाला | – | सन्तान, छोराछोरी |
| अनाथ | – | टुहुरा, मायालाग्दा |
| रामरमाइलो | – | आनन्द मनाउनु |
| तन | – | शरीर, जीउ |
| सुन्दर | – | राम्रो, मनोहर |
| उपवन | – | बगैंचा |

**प्रश्नहरू:**

१. फूल हामी जस्तै लालाबाला हुन् भने कसका ? बयान गर्नुहोस् ।
२. फूल कसरी अनाथ भए ? एक–एक गरेर दर्शाउनुहोस् ।
३. फूलको सास (ज्यान) हुन्छ ? प्रमाण स्पष्ट गर्नुहोस् ।

४. ज्यान मारे के–के हुन्छ ? सफासँग बताउनुहोस् ।

५. फूलका गुणहरू के–के छन् ? जानेसम्म बयान गर्नुहोस् ।

**छन्द परिचय:**

ठीक उत्तर भए यस्तो चिह्न √ र बेठीक भए यस्तो चिह्न × लगाउनुहोस्–

(क) माथिका कविता छन्दमा रचिएका हुन् ।

(ख) माथिका कवितामा गणको मतलब रहन्न ।

(ग) माथिका लोली मात्रै मिलाएर गाइने कविता होइनन् ।

(घ) लोक गीत पनि माथिका कविता जस्तै लोलीकै आधारमा गाइन्छन् ।

(ङ) माथिका कविता आर्य छन्दका हुन् ।

**व्याकरण:**

तल दिइएका कोठाका सबै शब्दहरू मिलाई चार पङ्क्तिको एउटा वाक्य बनाउनुहोस् र कुन खालको गद्य वा पद्य रचना हो, सो पनि छुट्टै उल्लेख गर्नुहोस्:

| | | | | |
|---|---|---|---|---|
| एक | ओरिपरि | लीकन | अमरावती | शिरमा |
| कान्तिपुरी | सुरमा | फूल | यो | ली |
| को | सखि | गुनकेसरी | हिंड्न्या | कवि |
| राष्ट्रिय | भानुभक्त | हो | अवलाहरू | रचना |
| को | नगरी | कविता | आदि | चपला |

# परिवर्तन

छोटकरीमा भन्ने हो भने परिवर्तनको अर्थ फेरिनु हो । मान्छेहरू संसारै-लाई परिवर्तनशील छ भन्दछन् । यसको मतलब हो– संसारको जुनसुकै वस्तु वा भाव सधैं एकनास नरहेर फेरिइरहन्छ । पहिले मौसमकै कुरा गरौं न । अगि मात्र झलमल घाम लागेको थियो, अहिले हात्तीसूँडे पानी पर्छ । वर्षा फेरिंदै–फेरिंदै हिउँद हुन पुग्छ । हिउँदको जाडो फेरिंदै–फेरिंदै प्रचण्ड गर्मीमा पुग्छ । आजको सानो बिरुवा भोलि विशाल वृक्ष भएर खडा हुन्छ । माघ–फाल्गुणमा पातसम्म झरेर खङ्गरङ्ग सुकेका रूखहरू चैत–वैशाखमा नयाँ मुना हालेर फेरिंदै–फेरिंदै फेरि ढकमक्क वा लटरम्म हुन पुग्छन् । आमाका काखमा लुटपुटिइरहने दूधमुखे शिशु आज हामी छैटौं कक्षामा पढ्ने विद्यार्थी भएका छौं, भोलिपर्सिठूलाठूला क्याम्पसमा पढ्ने जवान छात्र–छात्रा हुने-छौं । बड्दै र पढ्दै जाँदा कुनै दिन हामी तिनै क्याम्प-समा पढाउने प्राध्यापक पनि हुन सकौंला । संसार परिव-र्तनशील छ भन्नाका उदाहरण यस्तै हुन् ।

जसरी मान्छेको उमेर अवस्थामा परिवर्तन हुन्छ त्यसै गरी देशको व्यवस्थामा पनि परिवर्तन हुँदै जान्छ । नेपालको लामो इतिहासमा समय-समयमा ठूलाठूला परि-वर्तन भएको हामीले सुनेका

छौं, पढेका छौं । पृथ्वीनारायण शाहभन्दा अघि यहाँ कति राज्य थिए, कति उपराज्य हुँदाहुन् । पृथ्वीनारायण शाहले सबैलाई मिलाएर एउटै गराए, ठूलो नेपाल बनाए । एउटा विर्सी नसक्नु परिवर्तन भयो । यस्तै नेपाल–अङ्ग्रेज युद्ध पछिको परिवर्तन र कोतपर्वपछिको परिवर्तन पनि परिवर्तन नै हुन् । तर ख्याल राख्नुपर्ने के कुरा छ भने, कुनै परिवर्तनले हामीलाई राम्रो अवस्थाबाट नराम्रो अवस्थामा लगेको छ, कुनै परिवर्तनले नराम्रोबाट राम्रोमा । तर नराम्रोबाट राम्रोतिर लैजाने परिवर्तनलाई नै हामी मन पराउँछौं । किनभने हाम्रापुर्खाहरू सधैं 'मलाई अन्धकारबाट उज्वालोतिर लैजाऊ' * भनी ईश्वरसित पुकार गरिरहन्थे । यसरी देश र देशवासीहरूलाई अँध्यारोबाट उज्यालोतिर लैजाने परिवर्तन हाम्रो इतिहासमा धेरै पटक भएका छन् । तिनमध्ये २००७ सालको परिवर्तन पनि एउटा हो ।

२००७ सालको कुरा उठाउँदा हामीले संवत् १९०३ सालको परिवर्तन पनि सम्झनुपर्छ । जङ्गबहादुरले त्यस वेला कोतमा कसरी आफ्नो हातमा शासनको अधिकार लिए भन्ने इतिहासमा पढेका छौं । उनले शासन आफ्नो हातमा लिएपछि १०४ वर्षसम्म नेपालमा उनकै खलकको रजाइँ चल्यो । श्री ५ महाराजाधिराज सरकारलाई टेर्दै नटेरी शमशेर – राणाहरू आफ्नो मनलागि शासन गर्न लागे । जङ्गबहादुरपछि उनका भाइहरू पालैपालो श्री ३ महाराज हुन थाले र देशको सर्वेसर्वा सरकार आफैंलाई ठान्न थाले । जङ्गी र निजामती दुवैतिरका ठूला–ठूला पदमा उनीहरूकै खलक नियुक्त हुन्थे । दुनियाँका छोरा चाकडीले कतै–कतै सानातिना हाकिम हुन पुग्दाहुन् तापनि बडा हाकिमको पगरी धेरैजसो उनीहरू आफ्नै खलकलाई दिन्थे ।

जनता अशिक्षा, अन्धविश्वास र डरको भुमरीमा थियो । अस्पताल र पाठशालाको सङ्ख्या साह्रै कम थियो । चन्द्रशमशेरका पालामा बल्ल–बल्ल एउटा कलेज खुलेको थियो–त्रिचन्द्र कलेज । अखवारको नाममा एउटै साप्ताहिक अखबार थियो–गोरखापत्र । यसो भएन, यसो गरौंनभी, कसैले चुइँक्कसम्म बोल्न पाउँदैनथ्यो । जुद्धशमशेरका पालामा एउटा पुस्तकालय खोल्न लाग्दा धेरैले धेरै दिनसम्म जेलमा जाक्किनु परचो । 'मकैको खेती' भन्ने एउटा पुस्तक लेख्दा कतिले

---

* तमसोमा ज्योतिर्गमय

सजायँ भोग्नु परचो । त्यसैले १०४ वर्षसम्म हाम्रा बाज्ये–बराज्यूले धेरै थिचोमिचो



सहनु परचो, अनेकन अन्याय, अत्याचार खप्नु परचो । साँच्चै भनुं भने त्यो अन्धकारको शताब्दी थियो ।

देश र देशवासी त्यस अन्धकारबाट प्रजातन्त्रको उज्यालोमा जान खोज्थे । स्वर्गीय श्री ५ महाराजाधिराज त्रिभुवन मौसूफको परिवार देशवासीलाई उज्यालोमा लैजान खोज्थे । तर श्री ३ र उनका भाइ–भारदारहरूले यस्तो जाल बिछ्याएका थिए कि त्यसलाई पन्छाउन सजिलो थिएन । तर परिवर्तनशील संसारमा जतिसुकै बलियो पन्जा देखाए पनि मान्छेले परिवर्तन नखोजी छाड्दैन, देशका कैयौं युवकले परिवर्तनको निम्ति ज्यानको बाजी थापे । श्री ३ र उनका भाइ–भारदारहरूले मतो र बलले भ्याएसम्म दबाउने प्रयास गरे । प्रजातन्त्र माग्नेहरूमध्ये कतिलाई उनीहरूले गोली ठोके, कतिलाई झुन्ड्याए र कतिलाई जेलमा कोचे । तैपनि क्रान्तिको आगो निभाउन उनीहरूको तागत चलेन । मूल कुरो के थियो भने स्वयं

श्री ५ महाराजाधिराज त्रिभुवन वीर विक्रम शाहदेव प्रजातन्त्रको पक्षमा होइवक्सिन्थ्यो । बरु राजगद्दी छाड्नु परे छाडौंला, देशमा प्रजातन्त्र नल्याई हुन्न भन्ने मौसूफ सरकारको प्रतिज्ञा थियो । त्यसैले राजगद्दीको बाजी थापेर श्री ५ त्रिभुवन र मौसूफको परिवारले जनक्रान्तिमा साथ दियो । फलस्वरूप देशमा परिवर्तन आयो ।

संवत् १९०३ देखिको एउटा लामो 'श्री ३ महाराज'– को परम्परा २००७ सालमा टुट्यो । सोही वर्ष फागुन ७ गते श्री ५ महाराजाधिराज त्रिभुवनवाट प्रजातन्त्रको घोषणा गरिबक्स्यो । रोलवाला राणा भाइले मात्र समाल्ने गरिएको शासनको अभिभारा अरू दुनियाँका छोराहरूले पनि पाउने भए । चित्त नबुझेको कुरामा बोल्न र लेख्न सबैले पाए । देशवासीको शिक्षा, स्वास्थ्य र अरू सुबिधामा सरकारले पूरा ध्यान दिनुपर्ने भयो ।

निरङ्कुश व्यवस्था सकिएर प्रजातन्त्र व्यवस्था शुरू भयो । देश अन्धकारबाट उज्यालोतिर लाग्यो । त्यसैले नेपालको इतिहासमा सात सालको परिवर्तनलाई

एउटा ठूलो ऐतिहासिक परिवर्तन भन्नुपर्छ ।

साथै के पनि बुझिरहनुपर्छ भने देशमा परिवर्तन त भयो, अनि त्यस परिवर्तनअनुसार आफ्नो आनोबानीमा परिवर्तन ल्याउनुपर्छ भन्ने नाराहरू पनि यसै बेलादेखि आए र जनताले एक दशकसम्म राजनीतिक नेताहरूका भाषण सुने । तर यसका साथै भाषणअनुसार भए नभएका कामहरूको मूल्याङ्कन गर्न भने जनताले भेट्टाएनन् । यसरी दश वर्षसम्म अलमलिएर नेपालीले बस्नुपरेको कुरा जनतालाई र राजालाई सह्य भएन । माथिबाट थोपरिएका कुराले जनताको भलो नहुने देखी आफ्नै माटोमा अर्को परिवर्तन राजाबाट नै ल्याइयो । यसपल्ट परिवर्तन ल्याउने राजा चाहिँ होइबक्सन्थ्यो श्री ५ महेन्द्र वीर विक्रम शाहदेव र यो ल्याइएको परिवर्तन पञ्चायती प्रजातन्त्र हो । यसै पञ्चायती राजको इतिहासको पहिलो पानाको दिन हो २०१७ साल पौष १ गते । यस दिनले कुरालाई होइन कामलाई महत्त्वदिएको छ, दललाई होइन वर्ग समन्वयलाई मान्यता दिएको छ ।

अतित कालदेखि रहिआएका छुवाछूतजस्ता सामाजिक कुरीतिलाई पन्छाउन पञ्चायती प्रजातन्त्र नै अगुवा भएको छ । शताब्दीदेखि जग्गामा पैसा रोप्ने मनोवृत्ति बदल्ने परिपाटी यही व्यवस्थाले बसालेको छ । आफ्नो समस्या आफैं मिली समाधान गर्नुपर्छ भन्ने अर्को सिद्धान्त

गाउँ–फर्केले दिएको छ । गाउँको तहदेखि राष्ट्रिय पञ्चायतसम्मको तहमा जान सक्ने व्यवस्था पनि पञ्चायती प्रजातन्त्रले नै दिएको छ ।

परिवर्तनको इतिहासमा हाम्रो राजपरिवारको देन अविस्मरणीय छ । आज हामी पञ्चायती प्रजातन्त्रमा श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकारको कुशल नेतृत्वमा चौतर्फी विकासमा लम्किदै छौं । समान रूपले चाँडोभन्दा चाँडो चौतर्फी विकास गराउन मौसूफ सरकारबाट अधिराज्यमा चार विकास–केन्द्र बनाइबक्सेको छ । यी चार विकास केन्द्र हुन्– धनकुटा, काठमाडौं, पोखरा र सुर्खेत । यी चार विकास–केन्द्रमा मौसूफ सरकार स्वयं सवारी भई निरीक्षण गरिबक्सन्छ, निर्देशन बक्सन्छ । यसरी आफ्ना बीचमा बराबर आफ्ना प्यारा राजा, राष्ट्र–नेतालाई पाउँदा जनतालाई हौसला बढिरहेको छ । राजाको इच्छा साकार पार्न जनता तल्लीन छ । हाम्रो भविष्य उज्यालो छ !

## अभ्यास

**शब्द र अर्थ :**

| | |
|---|---|
| परिवर्तन | – हेरफेर |
| परिवर्तनशील | – बराबर हेरफेर भइरहने |
| सर्वेसर्वा | – सबै अख्तियार आफैंमा लिने |
| शताब्दी | – एकसय वर्षको समय |

प्रतिज्ञा – कबूल

निरङ्कुश – बेनियमसित मनपरी गर्ने

ऐतिहासिक – इतिहासमा भएको, इतिहास सम्बन्धी

**प्रश्नहरू :**

१. ऐतिहासिक प्रबन्ध भन्नाले तपाईं के बुझ्नुहुन्छ ?

२. अँध्यारोबाट उज्यालोतिर लैजाने खालको अर्को कुनै ऐतिहासिक परिवर्तनबारे छोटो प्रबन्ध लेख्नुहोस् ।

३. २००७ सालको परिवर्तन किन गर्नुपरेको ? छलफल गर्नुहोस् ।

**व्याकरण :**

१. छ, छन्, हुनुहुन्छ र होइबक्सिन्छ – यी चारओटाको भूतकालीन रूप दिएर वाक्यमा प्रयोग गर्नुहोस् ।

२. पद विच्छेद गरी व्याख्या गर्नुहोस् : "दूधमुखे", "हात्तीसूँडे" र "जनक्रान्ति" ।

३. विशेषण बनाउनुहोस्–परिवर्तन, प्रजातन्त्र ।

**४. अनुकरणात्मक क्रियाविशेषण भर्नुहोस्:**

असारमा . . . . पानी पर्छ । जेठमा . . . . . आँप फल्छ । उसको र मेरो विचार . . . . मिल्यो ।

**५. अशुद्ध वाक्यलाई शुद्ध पार्नुहोस् :**

(क) आमा के गर्न लागेकी छ तल आउनु भन्न बाबु ?

(ख) राजेन्द्रले साथीहरूलाई चिचि–पापा खानु आवो भनी वेसरि बोलाएको पनि गजन्दरले सून्दै सूनेन ता नि ।

(ग) फुर्सत भएका बखतमा यसो अरू किताब पनि पढ्दै गरे पोत बाहिरि कुरा पनि जानिन्छ त !

(घ) भार भार तूं खा, भारा भारा मो माज्छ होइ !

# भाइ छलिएको वेला

खोइ त ?...उता पनि छैन यता पनि छैन । कता अल्मलियो होला त त्यो लठ्ठू ? (**सुस्केरा हालेर पक्क पर्दै**) बा त भन्नुहुन्थ्यो, 'साह्रै भीड हुन्छ, भाइलाई लिएर न जा ।' तर उसले माने पो र ! पन्ध्र दिनअघिदेखि 'जात्रा हेर्न जाने, जात्रा हेर्न जाने' भनेर कराइरहेको थियो । (**डराएको अनुहार लगाएर**) साँच्चै, छलिएको छलियै भयो भने ? मलाई आमाले मार्नु हुन्न ? (**यताउति घुमेर पल्याक पुलुक् हेर्दै**) भर्खरसम्म यहीं थियो, यति छिट्टै कहाँ अलप भयो होला त ?

हँः (**टक्क अडिएर सम्झँदै**) हुन सक्छ । गाउँका ती मैयाँ, भोले, रामहरू भेट भएकाथिए नि, सके ऊ पनि उनीहरूसित लाग्यो होला । ...ऊ, त्यहाँ लाखे-नाच झिकेको छ क्यार उहीं होलान् । (**हिंड्दै**) यसपाली यहाँको जात्रामा कत्रो भीड । जात्रा भन्नासाथ मान्छेलाई केही चाहिन्न, झुम्मिहाल्छन् । यो भीड के भीड, साँच्चै भीड त पोहोर कृष्णाष्टमीको दिन पाटनको कृष्णमन्दिरमा भएको थियो । अझ वैशाख २ गते भक्तपुरमा लाग्ने बिस्केट–जात्रामा त हामीजस्ता भूराले जाने आँटै गर्नु पर्दैन रे । साँखुको माइजात्रा, ठिमीको जिभ्रो छेड्ने जात्रा, बौद्धको गाइ-जात्रा, देउपाटनको बछलाको जात्रा । मैले पनि हेर्न त धेरै जात्रा हेरिसकें । (**एक छिन अडिएर**) हुन त धेरै हेरें भनेर के भन्ने ? मेचीदेखि महाकालीसम्ममा यस्ता जात्रा कति लाग्छन् कति ?....तर यो जस्तो घोडेजात्रा त काठमाडौंमै मात्र लाग्छ ।

छैन । यताउती कतै छैन । (**भीडमा पस्तै**) उतापट्टि पो पुगेको छ कि ? यत्रो भीड कसरी छिचोल्ने ? क्या फसाद ! 'छौंडालाई लिएर हिंड्यो भने गौंडा गौंडामा दुःख पाइन्छ' भनेको यही हो । (**अलि पातलो भीडमा अडिएर पसीना पुछ्दै**) फेरि छौंडालाई नै जहाँ पनि जानुपर्छ, जे पनि हेर्नु पर्छ । हिंड्न सक्ने पनि होइन, व्यर्थैको रहर ! (**एक्लै खिसिक्क हाँसेर**) यही त हो नि बालरहर भनेको ! म सानो छँदा एकपटक त्यसै गरी रोई–रोई बाको पछि लागेर आएँ । जात्रा–हेर्नु कता छ कता आफू छलिएर बाबुलाई खोज्दैमा दिन बित्यो । (**सम्झेर**) तै, दैवसंयोग, गाउँका साहिला मुखियालाई भेट्टाएँ र ज्यान आयो । बिचरा साहिला मुखिया– असाध्यै जाती मान्छे ! मलाई एउटा सानो लट्टाई, एक गोली धागो र

एउटा चङ्गा पनि किनिदिए, खाजा पनि खुवाए, धेरै परसम्म पनि पुऱ्याइदिए । आधा रातसम्म बाउ–बूढा चाहिँ शहरका गल्ली गल्ली मलाई खोज्दै हिंड्नु भएछ ।

उफ्: कस्तो भीड ! थिची-थिची मार्न लागिसके ! उतापट्टि छिचलूँ भनेको बाटै छैन । (**टोपी मिलाएर लाउँदै**) टोपी नै खसेर हराउला नि फेरि ! राम, राम म बाह्र वर्षको मान्छेलाई यत्रो आपत छ, त्यो आठ वर्षको भुन्टो, यसै गरी किचिई किचिई कतै लडेको पो छ कि ? (**डराएर पसीना पुछ्दै**) के बेर ! किचिदै निसास्सिएर पछारिएको भए ? पछारिएको ठाउँमा अरूले ठाउँ कुठाउँ कुल्चिएर घाइते भइरहेको भए ? (**भीड छिचोलेर अलि खुल्ला ठाउँमा टक्क अडिएर लुगा मिलाउँदै र पसीना पुछ्दै**) धत्तेरी ! त्यस्तै भएको भए त मारिहाल्यो नि ! मैले घरै नगए पनि हुन्छ । (**डरले काम्दै**) धिक्कार, मेरो बुद्धि ! . . . यो जाबो घोढेजात्रा हेर्न नआएको भए पनि त हुन्थ्यो नि ! त्यो भाइलाई छलेर आएको भए पनि त हुन्थ्यो नि ! के गर्नु र, घोडेजात्रा आफूले कहिल्यै नहेरेको । ऊ 'दाइ दाइ' म पनि जान्छु' भन्न थाल्यो र माया लाग्यो । (**खिस्स हाँसेर**) एउटा गीत गाउँछन् नि- 'मायाले गर्दा दुःख पायो । ऊ कतै 'दाइ, दाइ !' भनेर रोइरहेको भए ?

तर मलाई मात्र यस्तो लागेको हो कि ? .... मान्छे लाटो कहाँ छ र, कसैलाई पायो होला उतै लाग्योहोला । सके ऊ सजिलैसित देखिने ठाउँमा बसी हाँसी-हाँसी जात्रा हेरिरहेको होला, आफूलाई र यत्रो भुङ्तालो । (**फेरि भीडमा कोच्चिदै**) श्री ५ महाराजाधिराज सरकारको सवारी हुनलाग्यो क्यारे ! अब सरकारको सवारी र सलामी सकिनासाथ जात्रा शुरू भइहाल्छ । कहाँबाट हेरे राम्रो देखिएला .. .. ? यस्तो रमाइलो वेला नरमाइलो पारिदिने भो यो लठ्ठकले ! कता अल्मलियो कता ! दाजु हुनु पनि केही छैन । छलिने वेलामा ऊ छलिन्छ, भरे बाबुआमाले दोष दिन्छन् मलाई नहेरेको भनेर ।

जेसुकै होस् (**पसीना पुछ्दै**) अब एउटा राम्रो ठाउँ छानेर बस्नुपर्यो र हेर्नुपर्यो । यतिका मान्छेमा एउटा मान्छे उसले पाइहाल्ला । केही नलागे पुलिसले लगेर आफ्नो ठानामा राखिछाड्ला । के भो त, नाम ठेगानासम्म बताउन सकिहाल्ला केको फिक्री ! फिक्री भनेकै एउटा सिक्रीजस्तै हो, जति लियो उति जेलिन्छ । घोडेजात्राको रमाइलो हेर्न आएको मान्छे गाइजात्राको नरमाइलोमा कति भौंतारिने ?

(तर्सेर पर हेर्दै) उः, ल हेर, मैले भनीहाले नि ! ऊ त कान्छाहरूसित बसेर मज्जा-सँग गफ मारिरहेको रहेछ । लुच्चो कहाँको ! मलाई यत्रो पीर परेको उसलाई



पत्तै, छैन । (लामो सुस्केरा हाल्दै) धत्तेरि ! सित्तै यतिका बेर पीरैपीरमा भौंतारिएँ । अब आनन्द भयो । उः श्री ५ महाराजाधिराज सरकारको सवारी भइहाल्यो । लौ यहीँनेर उभिँदा घोडा दगुराएको पनि राम्रो देखिदोरहेछ । (पेटीको छेउको भीडमा अड्दै, बढ्दै बिस्तारै अगाडि पुग्ने कोशिश गर्छ ।)

## अभ्यास

**शब्द र अर्थ :**

भीड – मानिसको खचाखच, हूल
बालरहर – केटाकेटीको रहर
दैवसन्जोग – भाग्यले गर्दा, झ्वाट्ट
उफ्ः – हरे ! हत्तेरि !
सलामी – सम्मानको दर्शन
लुच्चो – ठग (मायालु भावमा)

प्रश्नहरू ।

१. गाइजात्राको मतलब के हो ? खुलस्त गर्नुहोस् ।
२. दाजुलाई भुङ्तालो के–केले गर्दा परचो ? खुलस्त दिनुहोस् ।
३. जात्रा कहाँ–कहाँको खूब रमाइलो हुन्छ ? वर्णन गर्नुहोस् ।
४. भाइलाई हेर्न किन लगेको त ? बताउनुहोस् ।

व्याकरण :

(क) 'कुरा' 'चुरा' 'छुरा' जस्तै छओटा शब्द बनाउनुहोस् ।
(ख) 'जी' वा 'ज्यू' लगाएर मान गर्दाको सातओटा शब्द दिनुहोस् ।
(ग) 'गरेल' 'धरेल' जस्तै पछाडि 'एल' भएका पाँचओटा थरवाचक शब्द लेख्नुहोस् ।
(घ) तलका शब्दलाई अर्थ मिल्ने गरी भिन्नाभिन्नै वाक्यमा प्रयोग गर्नुहोस् ।
भाइ । माई । लाई । लाइ । धाई । राई । गाई । हाई ।

विशेष ज्ञान :

**यी तलका विषयमा मनोवादका रूपक लेख्न सकिन्छ कि ?**

१. कता गयो कता, मेरो किताब !
२. साथी पर्खुन्जेल ।
३. गुरुकहाँ पुग्दा पाठ आएन भने !
४. म पाठशाला पुग्दा सधैँ किन ढीलो हुन्छु !
५. साथीहरूको किताब कति सफा हुन्छ, मेरो भने !
६. यसपाला त म पहिलो हुने गरी पढ्छु बा !
७. पुस्तकभित्र नोट कसरी उम्रचो ?

# इच्छा

नपालूँ म चीन्ता, सधैँ हूँ प्रसन्न,
न साह्रै निदाऊँ, न हूँ कुम्भकर्ण
लिई ठिक्क आहार सन्तुष्ट हूँ म,
रहूँ नित्य सन्चै, बिरामी न हूँ म !

नफालूँ म बेला, गरूँ नित्य केही,
म थाके नपाकूँ, रमाऊँ म केही,
नखोसूँ अरूको खुशी, भै नजाती,
म साथी बनाऊँ र हूँ योग्यसाथी !

न खर्चालु हूँ औ न हूँ क्यै नसालु,
सधैँ शिष्ट आचारमा हूँ सिपालु–
म हूँ स्वावलम्बी र हूँ स्वाभिमानी,
जिऊँ शान्ति सन्तोषको जिन्दगानी !

## अभ्यास

**शब्द र अर्थ :**

| | |
|---|---|
| प्रसन्न | – खुशी, खुश |
| कुम्भकर्ण | – सुताहा, बढी सुत्ने |
| सन्तुष्ट | – खुशी, सन्तोकी |
| नित्य | -- सधैँ, दिनहुँ |
| नसालु | -- नसा पिउने, नसाबाज |
| शिष्ट | -- भलादमी, भद्र |
| आचार | – चालचलन, चाला |
| स्वाभिमानी | – आफैँमा गर्व गर्ने, आत्माभिमानी |
| स्वावलम्बी | – आफूमै भर पर्ने, आत्मनिर्भर |

**प्रश्नहरू:**

१. 'इच्छा' कविताको लय र अक्षरक्रम बताउनुहोस् ।

२. भुजङ्गप्रयात छन्दको गण-परिचय दिनुहोस् ।

३. 'इच्छा' ले के-के इच्छा गरेको बुझिन्छ रे ?

४. खर्चालु र नसालु हुनाले केही नोक्सान छ र ?

५. हामीले पनि यस्तै इच्छा राखे ठीक नहोला त ?

**व्याकरण:**

(क) 'आलु' पछिल्तिर लागेका सात शब्दको भिन्ना–भिन्नै वाक्य बनाउनुहोस् ।

(ख) 'न' जोड्दा उल्टो अर्थ नहुने गरी तीनओटा वाक्य बनाउनुहोस् ।

(ग) 'रमाउनु' को भूत कालमा रूप चलाउनुहोस् ।

**विशेष ज्ञान:**

१. पहिलो श्लोकको पहिलो पाउमा तीन तीन अक्षरमा यति छ, तर दोस्रो पाउमा तीन, तीन दुई र चार अक्षरमा यति छ भने, यसै श्लोकको तेस्रो र चौथो पाउमा कति कति अक्षरमा यति पर्दछ ?

२. भुजङ्गप्रयात छन्दमा जम्मा बाह्र अक्षरको एक पाउ हुन्छ । चारपाउको एक श्लोक हुन्छ । पैलो, चौथो, सातौं र दशौं वर्ण ( अक्षर ) ह्रस्व र अरू आठ (बीच–बीचका) अक्षर दीर्घ हुन्छन् । जस्तै:

मलाई अचाक्ली मिठो लाग्छ नौनी
बुबा भन्नुहुन्थ्यो 'किनौंला नि नौनी'
न भैंसी किनेथ्यौं, न गाई बियाइन्,
मुमा ! आज के भो ? भरी पो छ नौनी

# पत्रपत्रिका

**(पुस्तक बोकेका एकै कक्षाका दुई विद्यार्थीको सडकमा भेट हुन्छ)**

माधव– कता हो गोविन्द ? विद्यालयबाट भरखरै घर फर्कदैछौ कि कसो ?

गोविन्द– हरि–कहाँ गएर आउँदैछु । पर्सिको सामयिक मूल्याङ्कनको लागि आफूलाई स्पष्ट नभएका विषय छलफल गरेर आएको । बुझ्यौ माधव ? छलफल गरेपछि ज्यादै छर्लङ्ग हुँदोरहेछ ।

माधव– म त घर फर्कें, एक्लै बसेर केही पढें, साँझ पर्न लाग्यो, अनि पत्रपत्रिका हेरू भनेर निस्केको ।

गोविन्द– पत्रपत्रिका हेर्नाले पढाइमा फाइदा हुन्छ र ? मेरो त हेर्ने बानी पनि छैन, केही फायदा होला जस्तो पनि लाग्दैन ।

माधव– ओहो, गोविन्द ! तिम्रो यो विचार त ठीक भएन । पाठ्यपुस्तकले त्यसै-भित्रको–सीमाभित्रको–ज्ञान मात्र दिन्छ । **(त्यसै वेला गोरखापत्र बेच्दै**

हिंडेको एउटा ठिटो आउँछ, माधव गोरखापत्र किन्छ अनि) यो गोरखापत्र मात्र होइन, हाम्रो देशको प्रसिद्ध समाचार पत्र हो। यसमा देशभित्रको मात्र खबर हुँदैन, संसारका कुना-कुनाको खबर हुन्छ, हेरन। यी खबर-हरूले हाम्रो विचारलाई फाकिलो पार्दछन्। हामीमा भएको साँघुरोपना हट्दै जान्छ। फेरि, अखबारमा खबरमात्रै हो र? हेरन, मानिस मानिसको आफ्नो विचार 'सम्पादकलाई चिट्ठीबाट" थाहा पाइन्छ। देश र विदेशको स्थितिमाथि सम्पादकको विचार सम्पादकीयमा पाइन्छ। फेरि, सम्पादकीय टिप्पणीले कुनै जरूरी कुराको चर्चा गर्छ भने महत्त्व-पूर्ण लेख, विज्ञापन, सूचनाजस्ता खण्डबाट आफ्नो–आफ्नो कामको सहायता हुन्छ।

गोविन्द– अखबारमा यत्तिका कुरा हुन्छन्, यसबाट मानिसको विचार बढाउन यत्तिको सहायता मिल्छ भन्ने त मलाई थाहै थिएन। अखबार भनेको त रोजै निस्कने, चाहिँदो नचाहिँदो खबर भरिएको पत्र हुन्छ अलि अलि पढ्यो, फालिदियो, यतिभन्दा बढ्ता यसको काम केही छैन भन्ने पो ठानेको थिएँ त। के साँच्चै अखबार काम लाग्ने कुरा हो त माधव?

माधव– अवश्य हो! किनभने यसमा धेरै कुराहरू हुन्छन्। पहिले दैनिक पत्र लिउँ। यसमा काम लाग्दा काम लाग्दा धेरै कुरा हुन्छन्। पहिलो कुरा त, जहिले पनि आजैको ताजा विषय खबरहरू लेख आदि पढ्न पाइन्छन्। दोस्रो, सम्पादकीय लेख त्यस पत्रको मुख्य अंश मानिन्छ। तेस्रो, सम्पादकीयको टिप्पणी अघिल्लो दिनको जरूरी कुराको बारेमा त्यस पत्रको आफ्नै ढङ्गको विचार प्रकट गरेको हुन्छ। चौथो, विज्ञापन खण्ड जो सुकैको काम र पेशाको चर्चा र आफूलाई रुचिको विषय छ भने बुझ्न पाइन्छ। पाँचौ खेलसम्बन्धी, मौसमसम्बन्धी, आवश्यक गुनासोका चिट्ठीजस्ता काम लाग्ने काम लाग्ने विषयहरू पाइन्छन्।

गोविन्द– अनि एक–एक, दुई–दुई महीनामा निस्कने पत्रपत्रिकाबाट नि?

माधव– हेर, गोविन्द! अस्ति मैले 'किताबको कीरो' भन्दाखेरि तिमी रिसाए जस्तो लाग्यो। खालि पाठ्यपुस्तकका विषय मात्र पढेर, खूब राम्ररी

आउने गराएर त विद्यालय–महाविद्यालयमा चाहिने स्तर मात्र राम्रो हुन्छ तर समाजभित्र पसेर गर्नुपर्ने काममा भने त्यस्ताको स्तर राम्रो हुँदैन । किताबका कुरामात्र जान्नु, व्यवहारका कुरा नजान्नु नै किताबको कीरो हुनु हो । दैनिक, साप्ताहिक, पाक्षिक, मासिक, द्वैमासिक, त्रयमासिक, अर्धवार्षिक वा वार्षिक पत्रपत्रिका पढ्ने बानी गरयो भने मात्र किसिम–किसिमका विचार दिमागमा भरिन्छन् । अनि त्यसैको आडले जुनसुकै छिट्टो-छरितो र योग्य भई आफ्नो पेशामा कोहीभन्दा कम हुनु पर्दैन ।

गोविन्द– खालि पाठ्यपुस्तक मात्र पढ्नु ठीक रहेनछ, भैगो ! अब पत्रपत्रिकाबाट हुने अरू फायदा के–के हुन् त ? त्यो पनि बताउन त माधव !

माधव– अखबारले हरेक घटना सम्झाएर संसारका सबैथोकसँग परिचय गराइराख्छ । पत्रिकाले ठाउँ–ठाउँका साहित्य, सङ्गीत, कला र त्यस्तै विभिन्न विषय कुन ढाँचाले कसरी गइरहेको छ ? स्वास्थ्य, समाज र परिवारद्वारा मानिसको जीवनको स्तर कस्तो बनाउने कोशिश देश-देशमा भइरहेको छ ? विज्ञानले अन्तरिक्षको भ्रमण र खोजजस्ता ठूलाठूला कुराहरू कसरी र किन गर्न सक्यो ? ज्ञान–विज्ञानका खोज कर्ता र विचारकहरूले के–के पत्तो लगाएर के–के गर्ने विचारमा छन् ? यस्तै–यस्तै अनेक कुराको ज्ञान हासिल हुन्छ ।

साथै हामीलाई हाजिरी जवाफ प्रतियोगिताका प्रश्नहरूको ठीक उत्तर दिनलाई पनि अखबार हेर्ने बानीले असाध्यै मदत दिन्छ । अनि राष्ट्रिय र अन्तर्राष्ट्रिय घटना जान्न पाइने, रमाइला–रमाइला खबरहरू पढ्न पाइने हुनाले पत्रपत्रिका हेर्ने बानी मलाई त निक्कै मनपरयो बा !

गोविन्द– यसमा त मलाई पनि चित्त बुझ्यो । तर एउटा कुरा के भने, एक त पैसा खर्च भइरहने, अर्को कुरा–पढ्न, लेख्न छोडी कता पत्रिका खोज्न दगुर्नु ? 'काम कुरो एकातिर, कुम्लो बोकी ठिमीतिर' जस्तो पो होला कि, कसो हो माधव ?

माधव– त्यसो नभन गोविन्द ! अब त पत्रपत्रिका अध्ययन गर्नु पढाइको एक प्रमुख अङ्ग नै हुन लागिसक्यो । त्यसैले हाम्रो पुस्तकालयमा पनि कति किसिमका पत्रपत्रिका झिकाइएका छन् । हेरन ! बरु स्थानीय र बाहिरो उपयोगी पत्रपत्रिका विद्यालयका पुस्तकालयमै पाइने हुनाले हामीलाई पैसाको खाँचो किन भो र ?

गोविन्द– ठीक भन्यौ माधव ! ठीक ! अबदेखि म पनि खूब पत्रपत्रिका हेर्ने बानी गर्छु । सकेसम्म र आफ्नो जेबखर्चले भ्याएसम्म अरू कुरामा खर्च गर्नुको सट्टा बरु यस्तै पत्रपत्रिका किन्नमा खर्च गर्छु । ....., अहिले जाउँ पनि ।

माधव– हो जाउँ । ....नमस्कार ! ....फेरि भेटौंला ।

## अभ्यास

**शब्द र अर्थ :**

| | |
|---|---|
| मूल्याङ्कन | – तह, गुण, दोष आदि जाँचबुझ गरी देखाउनु |
| स्थिति | – अवस्था, हालत |
| सम्पादक | – पत्रपत्रिकाको नीति, उद्देश्यअनुसार विचार गरी बन्दोबस्त गराउने मुख्य मानिस |
| सम्पादकीय | – कुनै विषयमाथि सम्पादकको विचार |
| महत्त्वपूर्ण | – ठूलो, ज्यादै काम लाग्ने |
| विज्ञापन | – अनुरोधको प्रचार |
| सूचना | – जनाउ, पत्तो दिनु |
| स्तर | – दर्जा, इज्जत, तह, श्रेणी |
| घटना | – भएका र परिआएका कुरा |
| परिचय | – चिनारी, चिनजान |

**प्रश्नहरू:**

१. माधवले पत्रपत्रिका हेर्नाले के हुन्छ भन्यो ?

२. गोविन्द किताबको कीरो हो कि होइन त ?

३. समाचारपत्रवाट के कति फाइदा रहेछ ? खुलस्त गनुहोस् ।

४. पत्रिका भनेको कस्तो चीज हो ?

५. पत्रिकाबाट हुने अरू फाइदा के–के हुन् त ?

६. विद्यालयका पुस्तकालयमा त्यस्ता पत्रपत्रिका पाइन्छन् ?

**व्याकरण:**

**(क) तलका शब्दको ठीक अर्थ दिनुहोस्:**

पाक्षिक । द्वैमासिक । अर्धवार्षिक । द्वीवार्षिक । चर्चा पेशा ।

**(ख) तलका शब्दलाई अर्थ मिल्दो गरी नयाँ–नयां वाक्यमा प्रयोग गर्नुहोस् :**

विचारक । दैनिक । दिमाग । पत्र । पत्रिका ।

**(ग) मतलब खुलस्त गराउनुहोस्:**

१. अन्तरिक्षको खोज । २. कुम्लो वोकी ठिमीतिर ।

# नेपालले बिर्सन नहुने मान्छे

शाह वंशको इतिहास बिर्सीनसक्नु इतिहास छ । त्यसमा पनि बहादुर शाह नेपालीले कहिल्यै बिर्सन नहुने मान्छे हुन् । उनले नेपालको एकीकरणका निम्ति जीउज्यानै दिएका थिए । पृथ्वीनारायण शाहको विचार, व्यवहार र राजनीति साँच्चै बुझ्ने मानिसहरूमा एक जना उनी पनि मुख्य हुन् । बाबुको उद्देश्य पूरा गर्न बहादुर शाहले आफू उमेरदार भएदेखि नै लगातार कोशिश गरेका हुन् । बाबुको शेषपछि पनि दाजु सिंहप्रताप शाहका हजुरियाकै रूपमा रहेर उनलाई पूरै सहयोग गरे । बाबुले जस्तै उनले पनि जिन्दगीभर नेपालको निमित्त लडाईँ गर्दा र सुधार गर्दागर्दै दिन बिताउनु परयो । दाजुको शेषपछि पनि नेपालको राजकाजको अर्घेली–उँचेलीमा उनी फँसी नै रहे । दाजुको शेषपछि त झन् बढी जिम्मेदारी उनको काँधमा पर्न आयो ।

पृथ्वीनारायण शाहका कान्छा छोरा भए पनि उनी महाराजाधिराजका प्रतिनिधिजस्ता वीर थिए । युवराज सिंहप्रताप शाह शान्त स्वभावका र तन्त्रविद्या प्रेमी थिए । यौवराज्यको बरबन्दोवस्त र शत्रुपक्षसँग भिडन्त गर्नमा बहादुर शाह नै सफल थिए ।

राजकाजमा मुख्य भई काम गर्न बहादुर शाहसँग इबी राख्ने, मौका ताक्ने र घात हेर्ने मानिस पनि कम थिएनन् । राम्रो काम गर्दा नराम्रो विचारका मानिसहरू त्यसै रीस गर्न थालिहाल्दछन् । उनीमाथि रिस–डाह गर्नेहरू पनि प्रशस्तै थिए । तैपनि फुर्सत पायो कि, राजाबाट हुकूम भयो कि त युद्धमा गई शत्रुहरूलाई जितेर नेपालको सीमाना बढाउन उनले कहिल्यै छाडेनन् ।

बहादुर शाहले बाबु पृथ्वीनारायण शाह, दाजु सिंहप्रताप शाह, भाउज्यू राजेन्द्रलक्ष्मी र भतिजा रणबहादुर शाहको शासनकालभरि राष्ट्रको सेवा गर्दा-गर्दै जिन्दगी गुजारे । उनकै पराक्रमले त्यस वेलाको नेपालले गुल्मी, पर्वत, पाल्पा, अर्घाखाँची, बाग्लुङ, प्यूठान, दाङ, जहारीटार, दैलेख, सुर्खेत, अछाम, डोटी, जाजरकोट र तिब्बतसित दुईपटक लडाईँ गरी केरुङसम्मको विजय भयो । चीनसँग

बहादुरीसाथ लडेर आखिर चीनलाई सन्धि गर्न कर पारे, उनैको प्रयासले अङ्ग्रेज-सँग सन्धि भयो । जमीन नापी गर्ने, तिरो तिरुन्जेल खेतीवालको नाम पजनी गर्न नपाइने, मोहीयानी हक रहने, फौजी तालीम गर्ने, हात-हतियार बनाउन जान्ने मानिसहरू मगाएर तालीम गराउने, कारखाना चलाउने आदि महत्त्वपूर्ण काम र सुधारहरू उनैको सूझबूझद्वारा भए । साथै यिनले सिक्किमको दक्षिणपश्चिमका भूभाग र तनहुँसमेत विजय गरेका थिए । यिनैका व्यवस्थामा दक्षिणी मोर्चाका काजी अमरसिंहले अङ्ग्रेजसित सुगौली र अलमोडा जिती नेपालमा जोडेका थिए । यिनले राजाको प्रतिनिधि र नायब भई राजकाज पनि चलाए ।

बहादुर शाहको चारैतिर बढ्दो ख्याति र प्रवाह देखेर धेरैजसो दरबारी भारदारहरू पनि कहिलेकहीँ रीस र डाहले जल्दथे । कोही राजालाई भड्काउँथे । कोही युवराजलाई सन्काउँथे । तैपनि गुरुज्यू गजराज मिश्रको शुभचिन्तनाले मौका-मौकामा अरूले लगाएको दोषबाट यिनी बच्न पाए ।

पश्चिमका राज्यहरूमा बलियो पाल्पासँग युद्ध पर्दा दुवै पक्ष मजबूत रहेको हुनाले जोडका तोड परिरहेको थियो । त्यसै वेला केरुङतिर लड्न जानु पर्ने पनि देखिएकोले "सन्धि गरे पनि मन्जुर छौं" भनी पाल्पाली राजा कहाँ कुरा पठाउँदा "राजकुमारी बिहे गर्छौं भने नेपालसित पाल्पाको सन्धि हुन्छ" भन्ने पाल्पालीको जबाफ आयो । बहादुर शाह विलासी थिएनन्, तर पनि राज्यको निम्ति उनले यो कुरा स्वीकार गरे । २८ वर्षको उमेरमा वाध्य भई उनले पाल्पाकी राजकुमारीसँग विवाह गरेर पाल्पासँग सन्धि गरे ।

विक्रम संवत् १८१४ सालको असार बहादुर शाहको जन्म महीना हो । उनको मृत्यु १८५४ असार महीनामै भएको हो ।

जीवनभर आफ्नो सुखको वास्तै नगरी राष्ट्रसेवा गर्दागर्दै पनि कहिल्यै शान्ति र सुख भन्ने कुरा बहादुर शाहले पाएनन् । त्यसमाथि पनि कुराउटेहरूको कुरामा लागि उनको नायबी कालमा तिब्बतसँग युद्ध पर्दाको हिसाब एक–एक बुझाउन नसकेको निहुँ पारी राजा रणबहादुर शाहले उनलाई कैद गरे । एक-चालीस वर्षसम्म जीउज्यान दिएर देश-सेवा गर्दा पनि झूठो दोष पाएकोले विरक्त भएर पाशो बाँधी आफूलाई समाप्त पार्न उनी विवश भए ।

वीर बहादुर शाह विद्याप्रेमी पनि उत्तिकै थिए । उनकै आज्ञाले वाणि-विलास, लक्ष्मीपति र शक्तिवल्लभजस्ता विद्वानहरूले अमर ग्रन्थहरूको रचना गर्ने प्रोत्साहन पाएका हुन् । पश्चिम यमुनादेखि तिष्टासम्म नेपालको सीमारेखा कोर्ने बहादुर शाह नेपालले कहिल्यै बिर्सन नहुने मानिस हुन् । हामीले बिर्सिदिन खोजे पनि उनका जीवन भरका त्याग तपस्या र बलिदानले नेपाली इतिहासको पन्नामा सुनमा रङ भरेर उनलाई अमर तुल्याइदिएको छ । त्यसैले बहादुर शाह नेपालका महान् पुरुषहरूमध्ये एक हुन्; नेपालका विभूति हुन् ।

## अभ्यास

**शब्द र अर्थः**

| | |
|---|---|
| राजनीति | – राजकाज, राज्यको बन्दोबस्तसम्बन्धी कुरा |
| उद्देश्य | – खास विचार, ध्येय |
| शेषपछि | – मरेपछि, जिउतापछि |
| अर्घेली–ऊँचेली | – उचनीच, तलमाथि |
| तन्त्रविद्याप्रेमी | – तन्त्रविद्याका प्रेमी |
| जिम्मेदारी | – जिम्मेवारी, जिम्मा |
| यौवराज्य | – राज्यको उत्तराधिकारी हक |
| सन्धि | – मेल, मिलाप, राज्य–राज्यले गरेको कबोल पत्र |
| प्रभाव | – छाप, असर |
| ख्याति | – सुनाम, खूब नाम चल्नु |
| नायबी | – प्रतिनिधित्त्व, कायममुकायम अधिकार |
| सङ्घर्ष | – मारामारी |
| पन्ना | – पत्र, पाना, पाता |

**प्रश्नहरूः**

१. बहादुर शाहभन्दा पहिलेको नेपाल कत्रो थियो ? वर्णन गर्नुहोस् ।

२. बहादुर शाहले नेपालको नक्शा कस्तो पारे ? शब्दबाट नक्शा खिँच्नुहोस् ।

३. "नेपालले कहिल्यै बिर्सन नहुने मान्छे" भनेको किन ? खुलस्त गराउनुहोस् ।
४. अङ्ग्रेज र चीन नेपाललाई कसरी ताक्थे ? स्पष्ट गर्नुहोस् ।
५. यमुना र तिष्ठा अहिले कहाँ-कहाँ छन् ? ती कसरी गुमे ? स्पष्ट लेख्नुहोस् ।
६. त्यस वेला के-के कुरामा सुधार भए ?
७. बहादुर शाहलाई बहादुर बहादुर शाह भन्न सुहाउने कारण के–के छन् ? पाठ्यांशको आधारमा निर्क्यौल गराउनुहोस् ।

**व्याकरण:**

(क) सही वाक्य बनाउनुहोस् (कुनै पाँचको):

शेषपछि, क्रोधमा पर्नु, मौका ताक्ने, हात हेर्ने, नजरबन्द, शुभचिन्तना, समाप्त पार्नु, प्रोत्साहन ।

(ख) अर्थ बताउनुहोस् :

नौला रङ भरेर, दक्षिणी मोर्चाका साथी ।

(ग) शुद्ध पार्नुहोस् :

राजा पृथ्वी नारायण शाहको विचार, व्यवहार र राजनीति बुझिने मानिसमा उनी पनि एक हुन्, हो ।

(घ) टुक्रुक्क, टक्क, छक्क, पक्क, करचाक्क, सरचाक्क, मरचाक्क, घरचाक्क, गद्रचाक्क, लरक्क, सरक्क, फरक्क, मरक्क, झिलिक्क, मिलिक्क, सुलुक्क, सुप्रुक्कजस्तै द्वित्व (डबल) वर्ण 'ल' भएका दश, अनुकरण शब्द खोजेर वाक्यमा पनि प्रयोग गरी देखाउनुहोस् । जस्तैः– सलल्ल, छलल्ल, . . . . . .

(ङ) **तलका शब्दलाई अर्थ लाग्ने गरी वाक्यमा राम्ररी प्रयोग गर्नुहोस् :**

१. साङ्ला । २. साङ्लो । ३. च्याङ्ग्रा । ४. च्याङ्ग्रो ।

# भानुभक्त र घाँसी

स्थानः– रम्घाको पाखो ।
समयः– मध्याह्न ।

(एउटा बूढो–बूढो मान्छे घाँस काटिरहेको छ । उसको भोटो र कछाड निक्कै मैला र ठाउँ–ठाउँमा फाटेको देखिन्छ । टोपी माझमा फाटेकोले टुपीको छेउ बाहिर निस्केको छ । उसको नजीकै डोको र घाँसको एउटा थुप्रो छ । केही पर एउटा ढुङ्गामा एक जना युवक भानुभक्त सुतेका छन् । घाँसी घाँस काट्दै आफ्नै सुरमा गीत गाइरहेको सुनिन्छ । )

एका र पट्टि त्यो माछापुछ्रे अर्कापट्टि फेवा ताल
क्यै गरूँ भन्ने धोको हुँदाहुँदै नआइदे हुन्थ्यो पापी काल
हे. . . . . चाँदीको दाम हरेराम. . . . . .



(भानुभक्त बिउँझेर उठेर बस्तै) ओहो, गीत त साह्रै मीठो गाउनुभयो नि साहिंल्दाइ?

घाँसी – **(गीतको फाँकी अधूरै छोडी पुलुक्क ऊतिर फर्केर)** ओहो, पण्डित नानी ? कसरी झस्याङ्ग पारिदिनु भयो मलाई त ! यति वेला कहाँ-बाट यहाँ आइपुग्नुभयो ?

भानुभक्त – **(स्वाभाविकताका साथ)** यसै गाउँ–घर चाहार्दै थिएँ । घाम चर्केर यतैहुँदो जरुवाको पानी पनि खाऊँ, एक छिन् थकाइ पनि मारूँ भनी यो बाटो आएको । जरुवा खोज्दा–खोज्दै यहीं सुतेछु । तपाईँको सुरिलो कण्ठ सुनियो र पो बिउँझेछु ।

घाँसी – **(एउटा हातले पसीना पुछ्दै)** अ, पण्डित नानी, यताहुँदो पानी खाने राम्रो जरुवा पनि कहाँ पाइन्छ र ? बरु मास्तिर जानु भा 'भे' हुन्थ्यो ।

भानुभक्त – हाम्रो फेट्मा अरू सबै सुविस्ता छ, तर पानीकै दुःख छ हगि साहिंल्दाइ ?

घाँसी – **(एक छिन् घास काट्न छाडेर)** त, नानी ! नत्र यो टन्टलापुर घाममा घाँस काट्ने जाँगर किन लाग्दोहो मलाई !

भानुभक्त – **(घाँसीको कुरा टुङ्गिन नपाउँदै)** हैन, पानीको दुःख भएकोले तपाईँ-लाई घाँस काट्न जाँगर लागेको ? के भन्न खोज्नुभा' हो साहिंल्दाइ ? ख्वै, मैले त कुरै बुझिन ।

घाँसी – **(युवकको अनुहारतिर हेरी)** नानी श्रीकृष्ण–बाज्येका नाति होइन ? बरा, केटाकेटी नै हुनुहुन्छ हाम्रो लेखा । अनि यस्ता कुरा कसरी बुझ्नु हुन्छ त ? तपाईँका जीबा भइदिएको भए आँ गर्दा अलङ्कार बुझिसक्नुहुन्थ्यो । नानीको नाम. . . ख्वै के पो भन्थे. . .सुद्धिले अलि ठाउँ छाड्दै आएको छ । नानी ! . . . के रे ?

भानुभक्त – मेरो नाम ? नाम त मेरो भानुभक्त ?

घाँसी – **(सम्झेझैँ गरीं लेब्रो तानेर)** अँ, साँच्चि भानुभक्त, हगि ? त, कुरा के भने भानु–नानी ! मैले यो टन्टलापुर घाममा सधैँ खाङ्ग्रे लिएर निस्केको सित्तैँ होला त ?

भानुभक्त – (उत्सुक स्वरमा) सित्तैं त के हुन्थ्यो नि, डिंगालाई खुवाउन घाँस काट्न लाग्नुभएको होइन ? यति पनि मैले बुझिनँ त ?

घाँसी – (हाँसेर) बुझ्नुभएन नानी ! यतिको घाँस खाने वस्तु मेरा घरमा के छ र ? आफूले त एउटा गाईको बाछो पनि पाल्न सकेको छैन ।

भानुभक्त – (अचम्म मान्दै )त्यसो भए यो घाँस कसको लागि त ?

घाँसी – (स्वाभाविक रूपमा) आफूले पालेको छैन भन्दैमा अरूले पालेका छैनन् र ? अचेल सबका खेती–पातीको काम शुरू भएको छ । वल्लागाउ, पल्लागाउँ र आफ्नै गाउँमा पनि काट्ने फुर्सद नभएकाहरू छन् नि, छैनन् र ?

भानुभक्त – (सही थाप्दै ) छन् साहिँल्दाइ, छन् । त के तपाईं अरूको निम्ति घाँस काट्दिन लाग्नुभएको त ?

घाँसी – हो ।

भानुभक्त – अर्काका डिंगाका निम्ति घाँस काटेर तपाईं के पाउनुहुन्छ ?

घाँसी – कसैबाट अन्न पाउँछु, कसैबाट बकस ।

भानुभक्त – अनि त्यसरी पाएको अन्न र बकसले आफ्नो निर्वाह गर्ने गर्नुभएको छ, होइन ?

घाँसी – होइन, भानु–नानी ! जीवन–निर्वाह त जसरी तसरी भएक छ नि । बुढेसकालाँ सोच्दा–सोच्दा बाँचुन्जेललाई मात्र भएर नहुने रहेछजस्तो लाग्यो बा आफूलाई ! मरेपछिका लागि पनि त केही गर्नु परयो नि, परेन र ?

भानुभक्त – अनि अरूको घाँस काटिदिएर यो धर्म गर्न लाग्नुभएको त तपाईं ? धर्मको निम्ति काटिदिएको भए घाँस दिएर अन्न, पैसा किन लिनुहुन्छ ?

घाँसी – अझै कुरो बुझ्नुभएन नानीले । धर्म त हरिनाम जपेर पनि गर्न सकिन्छ । कसैको लोभानी पापानी आफूमा छैन । सकेसम्म हरिभजन गरिएकै छ । धर्म त कसो नहोला ?

भानुभक्त – (**जिज्ञासाको स्वरमा**) त्यसो भए तपाईंले धन कमाउन खोज्नुभयो, हैन ?

घाँसी – यसो हेर्दा हो पनि । तर मैले कमाउन खोजेको यो धन आफू सुख चैन गरुँला भनेर होइन नानी !

भानुभक्त – त्यसो भए के त, दान गर्न ?

घाँसी – त्यो पनि होइन नानी ! धन र धर्मको साथै मान्छेको चोलामा गर्नु पर्ने अर्को एउटा ठूलो कुरो छ रे । त्यो हो कीर्ति । म कीर्ति राख्न चाहन्छु; मरेर गएपछि पनि सबैले सम्झने कुनै चिनु छाड्न चाहन्छु ।

भानुभक्त – (**उत्सुक भावमा**) कस्तो कीर्ति राख्नुहुन्छ त तपाईं ? कस्तो चिनु छाड्नुहुन्छ ? मैले पनि सुन्न हुन्छ ?

घाँसी – (**सान्त्वनाको स्वरमा**) किन नहुनु नानी ! त्यही त म भन्दैछु । यो टण्टलापुर घाममा अहिले तपाईंको आँत कति हरहर भएको छ । यति वेला तपाईंले यहाँ एउटा कूवा पाउनुभएको भए ?

भानुभक्त – त्यसो भए तपाईं कीर्तिको लागि कूवा खोज्नुहुन्छ होइन ?

घाँसी – (**लेघ्रो तानेर**) हो, नानीले अहिले भने कुरा बुझ्नुभयो । साँच्चै म यस फेदमा एउटा कुवा खनाएर आफ्नो कीर्ति राख्न चाहन्छु । भोलि यसै गरी आँत हरहराएर आउँदा तपाईंले कुनै जरुवा खोज्न नपरोस् । त्यस्तो वेला पानी खान पाउनुभयो भने तपाईंको आँतले मलाई कति आसीक देला त !

भानुभक्त – (**गम्भीर भएर**) ठीक सोच्नुभयो साहिँल्दाइ, ठीक सोच्नुभयो ! धनसारमा थुप्र्याएको र ढुकुटीमा थन्क्याएको धन कसले देख्छ ! समाजले देख्ने त यस्तै काम हो !

घाँसी – (**सही थाप्दै**) यस्तै काम हो नानी, यस्तै काम हो ! लौत नि, अब नानीलाई कति अल्मल्याउँ ! तीर्खा धेरै लाग्यो होला । (**हातले इशारा गरेर**) ऊ त्यतै उँभो होला जरुवा !

भानुभक्त – (हिँड्दै) लौ त, म जान्छु साहिँल्दाइ ! तपाईंको कूवा खन्ने इच्छा छिट्टै पूरा भइहालोस् !

घाँसी – पाउलागी पण्डित–नानी, पाउलागी ! (घाँस काट्न थाल्छ)

भानुभक्त – (हिँड्दै) धन्य छ साहिँल्दाइ तिम्रो इच्छा, धन्य छ ! घाँस काटेर पैसा कमाई कूवा खनाउने कत्रो धोको !

(जाँदै अड्दै एक्लै गुनगुनाउँदै, अलिपर पुगेर लय हाल्दै)

भर्जन्म घाँसतिर मन् दिइ धन् कमायो
नाम् क्यै रहोस पछि भनेर कुवा खनायो !
घाँसी दरिद्र घरको, तर बुद्धि कस्तो
मो भानुभक्त धनि भैकन क्यान यस्तो !

(दुई–चारपाइला सारेर उभिई)

तर कीर्ति राख्ने के एउटै बाटो मात्र छ र ! मैले पनि कुनै न कुनै काम गरेर कीर्ति त राख्नै पर्‍यो बा!

(तडातड लम्कन थाल्छन्, घाम चर्किरहन्छ)

## अभ्यास

**शब्द र अर्थः**

| | | |
|---|---|---|
| जरुवा | – | पानी उम्रने र जम्ने ससानो पोखरी |
| टण्टलापुर | – | चर्को, चर्केर घाम लागेको |
| खाङ्ग्रे | – | ठूला खालको पहाडी डोको |
| डिँगा | – | गाईवस्तु |
| चोला | – | जुनी, जीवन |
| हरहराउनु | – | तीर्खाले छटपटाउनु |
| धनसार | – | धान राख्ने घर |

**प्रश्नहरू:**

१. घाँसीले कसको निम्ति किन घाँस काट्ने काम लियो ! खुलाउनुहोस् ।
२. धन र धर्मभन्दा अर्को चाहिने कुरा के रहेछ ! स्पष्ट देखाउनुहोस् ।
३. भानुभक्तले घाँसीबाट के शिक्षा पाए ? व्याख्या गर्नुहोस् ।
४. भानुभक्तले कीर्ति राख्ने कुन बाटो रोजे ! के त्यो ठीक थियो !
५. संवाद भनेको के हो ! घाँसी र भानुभक्तको संवाद छोटकरीमा लेख्नुहोस् ।
६. आदिकवि जस्तालाई पनि अरूले अर्ती – उपदेश दिनुपर्छ ! त्यसैले घाँसीलाई कवि देवकोटाले "भाषाका हे, प्रथम ध्वनी !" भनेर बोलाएका नि ! होइन त ! –चित्त बुझ्दो उत्तर दिनुहोस् त ।

**व्याकरण:**

(क) दरिद्र, कीर्ति, तडातड शब्दलाई एउटै वाक्यमा मिलाई प्रयोग गर्नुहोस् ।
(ख) 'जरुवा' जस्तै पछाडि 'रुवा' हुने सात शब्द दिनुहोस् ।
(ग) थुत् फुक्, झुक् धातुलाई क्रिया बनाएर देखाउनुहोस् ।

# चलाचुली र सुब्बासुब्बेनी

मेची अञ्चल अन्तर्गत पाँचथर फिदिमबाट शनिश्चरेतिर ओर्लेंदै जाँदा पश्चिम – दक्षिणपट्टि लम्बिएको पहाडी चिह्न देखिन्छ। त्यसलाई चलाचुली पहाड भन्दछन् । त्यस खण्डमा पसेपछि जुनसुकै मानिस पनि बाटो भुल्दछ। त्यस भागमा जङ्गली र बगैंचामा लगाइने सबै किसिमका फलफूल मौसमअनुसार फलिरहन्छन् । ती फलफूल टिपेर अघाउन्जेल खान हुन्छ, तर लोभ गरी लिएर हिँड्यो भने त्यो मानिस फेरि आफ्नो गन्तव्य स्थानमा पुग्नै पाउँदैन । घोर, झोर र जङ्गल भएकोले हिंस्रक जन्तु पनि खूब लाग्दछन् ।

द्वापर युगमा एक मैथिली सम्राट्ले अश्वमेध यज्ञ गर्ने योजना गरे। त्यस वेलाका मैथिली ज्योतिषहरूले चलाचुलीमै यज्ञ समारोह गर्नुपर्दछ भन्ने सल्लाह दिए। सोह्र जना महर्षि र ब्रह्मर्षिको मातहतमा समारोहको मण्डप निर्माण गर्ने काम सुम्पियो । ऋषिमुनिहरू रेखी हाल्ने काममा लागे । मानिसको योग्यता अनुसारको काम सबैलाई सुम्पियो ।

मैथिली सम्राट्का माहिला भाइ साँच्चैका भीम वा खासै हनुमन्त जस्ता बलवान् र बहादुर थिए । त्यसैले उनलाई कोही हनुमन्त र कोही भीमबन्त भन्दथे । त्यसैले भीमवन्तको भागमा कुनै पहाडको चुचुरोबाट पाँच तलाजति कटाएर खनी ल्याएको चोखो माटोले मण्डप र यज्ञशालाको चौकी बनाउन लगा-उनुपर्ने काम जिम्मा लाग्यो ।

भीमवन्तले त्यस्तो उपयुक्त शिखर खोज्दै घुम्दा विजयपुर पर्वत फेला पारे। उनले त्यही पर्वतको शिखरको माटो पाँच तल्ला जति काटी फ्याँक्न लगाए। यज्ञस्थल बनिसक्दा – नसक्दै विजयपर्वतको माटो सकियो। विजयपर्वत अब फेदीको समतल भूमि बराबर बन्न पुग्यो । त्यसरी सिङ्गै एउटा पहाडलाई पटमैदान गराएर माटो लगिएको हुनाले त्यस स्थलको पुरानो संस्मरणका लागि विजयपुर ग्राम भन्ने नामकरण भयो । अनि बसोवास गर्नू भनी माटो बोक्ने ज्यामीहरूलाई त्यही जग्गा वितरण गरियो । साथै विजयपर्वतको शिखरमा प्राचीन युगमा सतीदेवीको दन्त पतन भएको कुरा ज्यामीहरूबाट थाहा भएकोले मध्य भागमा दन्तकाली भगवतीको पीठ स्थापना गरी राजाले प्रतिष्ठासमेत गरे ।

(हाल यो विजयपुर ग्राम धरानको आग्नेय कोणमा स्थित छ । दन्तकाली मन्दिर आज पनि खूब प्रसिद्ध र भव्य रूपमा अवस्थित छँदैछ । यसरी द्वापरको अन्त्यदेखि विजयपुर ग्राम र चलाचुली पहाड झन् प्रसिद्धिमा आए ।)

एक पटक बूढा सुब्बा र बूढी सुब्बेनी (किराती गुलेलीका प्रसिद्ध शिकारी र लिम्बू जातिका मुख्य देव–देवी) चलाचुली पहाडको बाटो गरी विहार गर्दै घुम्दै विजयपुर ग्राममा आइपुगे । एकातिर प्राचीन कालको त्यस्तो सुन्दर र गगनचुम्बी विजयपुरपर्वत भन्ने आफूहरूले सुनिराखेको पुरानो बयान, आर्कोतिर आफूहरू त्यहाँ आइपुग्दा समथल गाउँ भइरहेको देख्दा उनीहरू आश्चर्य मान्न थाले । "अब यस्तो पतमैदानमा फिस्कौलीको आवश्यकता नै नपर्ने हुनाले यो

यहीं जीवित रहोस् !" भनी आफ्नो गुलेली त्यहीं गाडिदिए। त्यसरी फाली, ताँदो, परिञ्जो, मोठ, खोरी र मटचाङग्रो समेत फित्कौली (बाँसे गुलेली) नै पल्लाएर बाँसको झाङको रूपमा आजसम्म खडा छ। त्यसबाट फैलिएका त्यस क्षेत्रका बाँसका कुनै झाङमा पनि टुप्पा हुन्नन्। कारण, फित्कौलीको बाँसमा फेद र टुप्पो छुट्टिदैन। त्यसैले त्यस्ता बाँसहरू बूढा सुब्बा र बूढी सुब्बेनीका पछिल्ला चिह्न हुन् भनी मानिन्छन्। यी बाँसमा उनीहरूको अस्तित्व छ भनी लिम्बू जातिका वंशजहरू पूजाआजा र बलि गर्दछन्। लिम्बू चाडमा विजयपुर ग्राममा मेलामा झैं मान्छेको धुइरो लाग्छ। किरात–जातिका प्रमुख देव–देवी यिनै बूढा सुब्बा र बूढी सुब्बेनी हुन्। त्यसैले जति पनि विजयपुर–क्षेत्रमा टुप्पा नभएका बाँसका झाङ छन्, ती सबै आज पनि पूर्ण सुरक्षित रहन पाएका छन्।

## अभ्यास

**शब्द र अर्थ :**

| | |
|---|---|
| अन्तर्गत | – अधीनमा रहेको, भित्र परेको |
| ग्रामीण | – गाउँले, गाउँमा बस्ने |
| गन्तव्य | – जानुपर्ने, पुग्नपर्ने |
| हिंस्रक | – हत्यारा, ज्यानमारा, निठुरी |
| समारोह | – मण्डप, उत्सव गर्ने घर |
| यज्ञस्थल | – यज्ञको ठाउँ यज्ञ हुने थलो |
| समतल | – समथर, सम्म परेको भूई |
| संस्मरण | – पुरानो सम्झना, सम्झनाको चिनु |
| नामकरण | – नाम राख्नु, न्वारन हुनु |
| सनातन | – आदि युग |
| वितरण | – बाँडचुँड, बाँडफाँड |
| प्रतिष्ठा | – इज्जतसाथ राख्नु, उत्सवसाथ स्थापना गर्नु |
| आग्नेय कोण | – दक्षिण–पूर्वको कुनु |
| सङ्ख्या | – गन्ती, गणना |

**प्रश्नहरू :**

१. मिथिलाका राजा किन अश्वमेध यज्ञ गर्न लागे ?

२. चलाचुलीको पूरा परिचय के–के थियो (हो) ?

३. विजयपुरपर्वत आजकल कहाँ पर्दछ र कस्तो छ ?

४. चलाचुली र विजयपुरपर्वतको सम्बन्ध कस्तो हो ? एउटै हो वा जोडिएको हो ?

५. फित्कौली भिरेर हिंड्ने बूढाको लिम्बुआनमा कस्तो स्थान छ ?

६. किरात जातिका मुख्य देव–देवीको बयान गर्नुहोस् ?

७. टुप्पै नहुने जातको बाँस पनि कहीँ हुन्छ ? यदि त्यस्तो छ भने यी कुरा विश्वको एउटा अनौठा कुरा होइन त ? के विचार छ ?

८. दन्तकाली मन्दिरको महत्त्वबारे चर्चा गर्नुहोस् ।

९. किंबदन्तीबाट के-के थाहा हुन्छ ?

१०. अश्वमेध यज्ञ भन्नाले के-के बुझिन्छ ?

११. भीमवन्त को हुन् र उनी कस्ता थिए ?

१२. मैथिली सम्राट्को राम्रो परिचय दिनुहोस् ।

१३. यज्ञस्थल बनाउन के-के गरियो ?

१४. विजयपुर दन्तकालीको वर्णन गर्नुहोस् ।

१५. सुब्बा-सुब्बेनीले के-के गरे ?

१६. फित्कौलीको पहिलो र अन्तिम रूपको बयान गर्नुहोस् ।

१७. लिम्बूहरूको चाडपर्वमा कहाँ के-के हुन्छ ?

**व्याकरण:**

(क) "अब" जस्तै छओटा अव्यय शब्द राखेर वाक्य बनाउनुहोस् ।

(ख) "गराएर" जस्तै सात शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् ।

(ग) "अनि" र "तथा" शब्दको काम-पदहरू वा वाक्यहरू जोड्नुहोस् । यस पाठ्यांशमा त्यस्ता शब्द कति ठाउँमा छन् ? गनेर देखाउनुहोस् ।

(घ) "साँच्चैका भीम थिए" यस वाक्यलाई क्रियापद मात्र बदलेर कुन-कुन कालमा लगाउन सकिन्छ ? स्पष्टसँग देखाउनुहोस् ।

(ङ) गगनचुम्बीजस्तै चारोटा विशेषण शब्द बनाएर अर्थ दिनुहोस् ।

(च) व्युत्पन्न धातु र प्रेरक धातुका पाँच-पाँच उदाहरण दिनुहोस् ।

(छ) "चलाचुली"को 'ई' दीर्घ छ । यस्तै छओटा दीर्घान्त शब्द दिनुहोस् ।

(ज) **तलका वाक्यमा केही अशुद्धि छन् त ? छन् भने शुद्ध पार्नुहोस् :**

१. विजयले कस्तरी हाँसे ?

२. तपाईंले सम्झनु होला म हाँसिरहेको छु ?

३. उसले रोइदिएर मलाई दुःख भो ।

४. महाराजाधिराजले हुकुम भो जनता मेरा सन्तान हुन् ।

५. कालो गाई पानी खान । आयो ।

**सहायक सामग्री :**

१. मेची कोशीको सफा प्राकृतिक र राजनीतिक मानचित्र ।

२. पहाड फोरिरहेको पहिलो र पछिल्लो अवस्थाको कल्पित चित्र ।

३. टुप्पो नभएका बाँसका झाङहरूको सफा चित्र ।

४. प्राचीन लिम्बू-वेशभूषा र त्यसको नमूना-चित्र ।

# अरिमुण्डि

नेपालको हावापानी नै अनौठो किसिमको छ यस । हावापानीले युग-युगपिच्छे साह्रै प्रतापी राजा र अत्यन्तै प्रकाण्ड विद्वान्हरू जन्माएको छ । यस्तो कुरा जान्न इतिहासको खोजी गर्नुपर्छ । यस युगको र यसका दुई चार सय बर्षसम्मको कुरा त हिजो अस्ति नै भइहाल्यो । हजारौं वर्ष नाघेर उतातिर हेर्न जानुपर्छ भने पनि यस्तै छ । त्यस बखतका मानिसले पनि यस देशलाई वीरताले नै सुरक्षित राखेका थिए । शान्ति, सुख र अभय भन्ने चीज त यहीँ जन्मेर, यहीं हुर्केर, अनि मात्र नेपालीले नै अन्यत्र पनि बाँडचुँड गरिदिएजस्तो बुझिन्छ । किनभने यो हाम्रो देश वीरहरूको देश हो, महामुनिहरूको देश हो, वेद जन्माउने देश हो ।

यस्तै चर्चा गर्दागर्दै आठौं शताब्दीका अरिमुण्डिको सम्झना हुन्छ । अरिमुण्डि काठमाडौं उपत्यकामा राजधानी तुल्याएर यिनै काली मेचीका भूभागमा शासन गर्दथे । उनी ज्यादै चलाख, कलामा निपुण, न्याय गर्न सिपालु, पक्षपात गर्दै नगर्ने र बडा प्रतापी राजा थिए । उनलाई त्यसैले अरिमुण्डि भन्दथे । उनको नाम जस्तो थियो, काम पनि त्यस्तै थियो । 'अरि' भनेको शत्रुको 'मुण्डि' भनेको मुण्ड लिने, अर्थात शत्रुको टाउको खाने वा छुट्टयाउने हो । तर बोलीचालीको भाषामा भने उनी अरमुण्डि पनि भनिन्थे । अरमुण्डि वा अरिमुण्डि जनताका साह्रै प्यारा राजा थिए ।

नेपालको दक्षिण सिमानामा कुमाउँ–गढवालभन्दा पर कास्मीरी राज्य पर्दथ्यो । त्यतिखेरका काश्मीरका राजा जयापीड पनि अघोर पराक्रमी थिए । उनको पूरा नाम जयापीड विजयादित्य थियो । उनले आफ्ना यताउताका धेरै देशहरू जितेका थिए । त्यसैले उनको खूब नाम चलेको थियो । त्यसैले पनि उनलाई खूब घमण्ड चढेको थियो । कास्मीरको प्राकृतिक सौन्दर्य देख्नेहरू 'काश्मीर त अहा' क्या राम्रो !' भन्दै रमाउँथे । झन फौजको पूरा बन्दोवस्त भएको र राज्यको प्रबन्ध पनि ज्यादै राम्रो भइसकेकोले उनले दिग्विजय गर्ने कार्यक्रम गरे ।

यसरी उनी अगाडि परेका राजा–रजौटाहरूलाई जित्दै पश्चिमी नेपालभित्र

पनि पसे । अरिमुण्डिले यो कुरा थाहा पाएर पनि शत्रुसेनालाई शुरू–शुरू देशभित्र पस्न दिए । जब सैन्यसमेत जयापीड विजयादित्य कृष्णा गण्डकी (काली गण्डकी) पारि आइपुगेथे अनि तुरुन्तै अरिमुण्डिले झ्याली पिटेर जनताको भेला गराई युद्धको घोषणा गरे । नेपाली फौजले कालीकिनार यतापट्टि छाउनी जमायो । अचानक रातको समयमा वारिपट्टि किनारमा सेना जम्मा भएको देखी पारि काश्मीरी सेनामा हल्लाखल्ला भयो । ठीक त्यसै वेला 'शत्रुलाई किल्ला जमाउन दिनुहुन्न' भन्ने सोची जयापीडले "खोला तरेर तुरुन्तै आक्रमण गर्नू" भन्ने उर्दी दिए ।

खोला तर्न भनी काश्मीरी फौज पानीमा पस्यो । नेपालीले पहिल्यै माथिबाट बाध बाँधेर राखिछाडेको ठाउँ खोलिदिए । गण्डकीले काश्मीरका सारा सेना बगाएर लगिदिइन् । राजा चाहिँ पौडँदापौडँदै फन्दामा परे । नेपालीहरूले कालीगण्डकीका किनारको सरकारी घरमा उनलाई थुनिदिए ।

उता गण्डकीको दुर्घटनाबाट बचेर भागेका केही सैनिक काश्मीर पुगेर भए-भरका कुरा मन्त्रीसँग बताउन थाले । उनीहरूले देखे सुनेका एक–एक कुरा जस्ताको तस्तै बताइदिए । उनीहरूले खान लाउन पाए पनि दिनहुँ रात परेपछि एक–एक कोर्रा खानु पर्ने कुरा पनि बिर्सेनन् । अनि बिहानैदेखि राजसी सम्मानका साथ

सरकारी घरमा राखेर साँझ परेपछि राजा जयापीडलाई पनि पाँच-पाँच कोर्रा दिइन्छ भन्ने झूठो हल्लासमेत उनीहरूले फिंजाइदिए ।

काश्मीरका मन्त्री देव शर्मा निक्कै चलाख थिए । तर राजाले भोग्न परिरहेको यस्तो सास्ती र अपमानको कुरा सुनेर उनी पनि हडबडाए । ठूलो फौज लिएर लगत्तै नै उनी कालीपारि आइपुगे । नेपालको सिमानाभित्र यसरी समसमती आउँदा पनि उनलाई कसैले बाधा पारेन । उनले 'काश्मीरको राज्य पनि नेपाललाई सुम्पन्छौं' भनी चिठ्ठी लेखेर नेपाली छाउनीमा पठाए । त्यस चिठ्ठीमा 'नेपाल र काश्मीरको सन्धि हुनैपर्छ, म आउँ की ?,भन्ने आशय पनि उनले प्रकट गरेका थिए । महाराज अरिमुण्डि एकातिर त अलि शङ्कित भए, तर अर्कोतिर भने आँटेर पनि अब देव शर्माले केही लछार्दैनन् भन्ने सोच्न थाले । उनी मन्त्री देव शर्मालाई भेट दिएर उनका कुरामा विश्वास परेको नक्कल गर्नथाले । आफ्नो कुरा पत्याए भन्ने पक्का भएपछि देव शर्माले भने–'महाँराज, अरू कुरा त ठीक भो । तर गोप्य सम्पत्ति कहाँ राखिएको छ, राजासित नै सोधूँ कि ?'

अरिमुण्डिले आफूलाई खूब लोभ लागे झैं गरेर भने– "ठीक हो,मन्त्रीज्यू ! यो पनि चाँडै गरिहाल्नोस् !" अनि मन्त्रीलाई 'राजा जयापीडसित भेट गर्न दिनू' भन्ने आदेश दिए । देव शर्माले राजा जयापीडसँग भेट गरी आखिरमा आफ्नो खास कुरा बताउँदै भने– "महाराज, गण्डकीपारि हाम्रो विसाल सेना तमतयार छ । यही झ्यालबाट हामफालेर गङ्गा पार गरौं र अरिमुण्डिमाथि तुरुन्तै हमला गरिहालौं ।"

राजा जयापीडले भने– "तुम्बासमेत नभई यत्रो ठाडो नदीमा फाल हालेर बाँच्न सकिन्न मन्त्री ! त्यो पनि यति अग्लो ठाउँबाट । म त यसै भन्न सक्तिनँ बा !"

राजाको हुतीहारा जवाफ सुनेर देव शर्मा निराश भए । अनि उनी "म शुचि गरेर उपस्थित हुन्छु महाराज !" भनी बाहिर निस्केर आफ्नै नङ्ले बायाँ पाखुरा चिरी त्यसैको रगत आफ्नो लुगाको फेरमा "नामर्द बनेर जिउनुभन्दा त मर्नु नै भलो महाराज ! म त गएँ । देशको भलो हुने काम गर्ने मैले मौकै पाइनँ" भन्ने लेखेर छाडी आफू आत्महत्या गरी मरे ।

देव शर्माले किन ढीला गरे ? भनी हतपताउँदै हेर्न भनी दगुर्दै आएका

जयापीडले मन्त्रीले रगतले लेखेर छाडेको पत्र फेला पारे। उनले सबै कुरा बुझिहाले र ज्यादै शोक गर्न थाले ।

आफ्नो दरबारको बुर्जाबाट यो सबै घटना हेरिरहेका महाराज अरिमुण्डि भने मुसुमुसु हाँस्दै खोपितिर पसे। उनले मन्त्रीलाई तुरुन्तै आदेश दिए– "वीरबाहु !" अहिल्यै तुरुन्तै फौजसाथ गण्डकी पार गर र उपल्लो खर्कका हाम्रा गुप्त सेनाद्वारा तीनतिरबाट काश्मीरी सेनापतिलाई घेरा हालिहाल्नू र खेद्दै खेद्दै रातोदिन गरेर गढवाल पारिसम्म पुऱ्याएर फर्कनू' भन्ने सेनापतिलाई आज्ञा देऊ ! जाऊ ! हाम्रो डरलाग्दो शत्रु जयापीड होइन, होशियार देव शर्मा हुन् । उनी बाटालागिसके, जाऊ ! "

राजाका आज्ञाले अरिमुण्डिका सेनाले काश्मीरी सैन्यलाई खेद्दै लगेर कुमाउँपारी कटाइदियो । यसरी राजा अरिमुण्डिले आफ्नो नाउँ सार्थक गरे। त्यसैले त हाम्रो इतिहासले यी राजा अरिमुण्डिलाई कहिल्यै बिर्सन सक्तैन ।

## अभ्यास

**शब्द र अर्थः**

| | | |
|---|---|---|
| प्रकाण्ड | – | खूब ठूला, महान् |
| सुरक्षित | – | बचेको, रक्षा भएको |
| अभय | – | डर नरहनु, निर्भय |
| भूभाग | – | राज्यको भाग, धर्तीको एक खण्ड |
| निपुण | – | सिपालु, घागडान, खग्गू |
| पक्षपात | – | घटीबढी, तेरोमेरो, अन्याय |
| मुण्ड | – | टाउको, मूड |
| दिग्विजय | – | देशविदेश जित्दै जानु |
| घोषणा | – | भाषण, हुकुम, फुर्तीसाथ बोल्नु |
| गोप्य सम्पति | – | लुकाइराखेको धनमाल |
| अनुमति | – | स्वीकृति, मन्जुरी, हुन्छ भन्नु |
| सन्धि | – | मेल मिलाप |
| शुचि | – | पिशाब गर्नु, शुद्ध हुनु |

| | | |
|---|---|---|
| कब्जा गर्नु | – | पञ्जा वा अधीनमा पार्नु |
| दुर्घटना | – | खराब घटना |
| घटना | – | काम, कार्य |
| राजसी | – | राजालाई सुहाऊने |
| सन्धि | – | मेलको कागतपत्र |
| गोप्य | – | लुकाइराखेको, गुप्त |
| नामर्द | – | लाछि, कातर |
| जिउनु | – | बाँच्नु |
| आत्महत्या | – | अकालमै मरिदिनु, आफैंले आफ्नो ज्यान लिनु |
| बुर्जा | – | कौसी, घरको माथिल्लो भाग |
| गुप्त | – | लुकिरहेको |
| खेद्दै | – | लखेट्दै, धपाउँदै |
| बाटालागिसके | – | मरिसके |

प्रश्नहरू :

१. नेपालको हावापानीले के–के जन्माएको छ ? वर्णन गर्नुहोस् ?
२. हाम्रो देश कस्तो देश हो ? पाठ्यांशकै आधारमा उत्तर दिनुहोस् ।
३. अरिमुण्डिको परिचय दिनुहोस् । उनी कहिले र किन मुसुमुसु हाँसे ?
४. जयापीडको परिचय दिनुहोस् र बताउनुहोस् उनी किन दाह्रा किटेर भित्रतिर लागे ।
५. देव शर्मा कस्ता मानिस हुन् ! उनी के–के चाहन्थे ! वर्णन गर्नुहोस् ।
६. 'गोप्य सम्पत्ति' भन्नाले के–के बुझिन्छ ! यो कुरा कसले, कसलाई, कुन बेलामा भनेको ! स्पष्ट पार्नुहोस् ।
७. के कारणले जयापीड गण्डकीमा फालहालेनन् ?
८. अरिमुण्डिले देव शर्मालाई ठूलो शत्रु र जयापीडलाई शत्रु के कारणले भने ? स्पष्ट गर्नुहोस् ।

**व्याकरण :**

**(क) अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् :**

अन्यत्र । प्रतापी । सुरक्षित । काश्मीरी घोषणा ।

**(ख) तलका शब्दबाट विशेषण, नाम, सर्वनाम छुट्टयाई देखाउनुहोस् :**

गण्डकी । अचानक । घोषणा । काश्मीरी । चलाख । चलाखी । गोप्य । सम्पत्ति । अनुमति । हुत्तिएर ।

**(ग) पाठ्यांशको पहिलो दफाको सार खिँच्नुहोस् :**

# शरद्

न झरी न हुरी दश कोण खुली
न चिसो छ त्यती, न छ गर्मि उती
रमणीय प्रभात उदाउँछ रे !
अब साथी ! शरद् ऋतु आउँछ रे !

सब खेति पहेँल्पुर धान झुली
बन बारि सुशोभित कांस फुली
नव फूल अनेक फुलाउँछ रे !
अब साथी ! शरद् ऋतु आउँछ रे !

तनको पसिना, मनको बिरह
सब धोइ–पखालि पुछेर बह
कति चाड र पर्व उदाउँछ रे !
अब साथि ! शरद् ऋतु आउँछ रे !

## अभ्यास

**शब्द र अर्थ**

रमणीय -- रमाइलो
प्रभात -- बिहान
सुशोभित -- राम्ररी सुहाएको, अति राम्रो
तन -- शरीर, जीउ
दशकोण -- दशै दिशा
पहेंल्पुर -- पहेंलै पहेंलो

**प्रश्नहरू:**

१. के शरद् आउँदा तपाईंलाई पनि रमाइलो लाग्छ ? किन ?
२. 'नव फूल अनेक फुलाउँछ रे !' भनेको के हो ?
३. शरद्मा के-के चाडपर्व आउँछन् ? लेखो गर्नुहोस् ।
४. शरद् कहाँ कहिले, कति दिनलाई आउँछ र के-के गराउँछ ?
५. शरद्जस्तै तपाईंले जान्नुपर्ने अरू के-के छन् ?

**व्याकरण:**

(क) शुद्ध हो कि होइन, छुट्ट्याउनु पर्ने ।
चिसो, गर्मि, साथि । पहेंल्पुर, पसिना, धोइपखालि, साथी ।

(ख) झरी, हुरीजस्तैं सात शब्द खोजेर भिन्ना–भिन्नै वाक्यमा प्रयोग गर्नुहोस् ।

**विशेष ज्ञान:**

१. प्रत्येक पाउमा १२ अक्षर भई लहरै दुईटा लघु र एउटा गुरु (लघु गुरु-ह्रस्व र दीर्घ) हुँदै गएमा कुन छन्द हुन्छ ? ... तोटक छन्द ।
२. यस छन्दमा कति--कति अक्षरमा यति हुन्छ ? — हरेक तीन तीन अक्षरमा

जस्तैः अब सा/थी शरद् * /ऋतु आउँछ रे/

---

*द्रष्टव्यः-- खुट्टा काटिएका अक्षरको गन्ती हुँदैन ।

# राम्रो लुगा, मीठो खाना

**(विद्यालयको सांस्कृतिक प्रदर्शन कोठामा सबै भेला भएका छन् । बीचमा अगाडि मेचमा कक्षा–गुरु सभापतिको आसनमा र अगाडि टेबुलमा फूलदान र मालाका चाङ छन् । दायाँपट्टि दुई मण्डली उत्साही छात्रको समाज र बायाँपट्टि निर्णायक गुरुहरू, अनि अगाडिपट्टि दर्शक छात्रहरू मेचमा टम्म बसेका छन् ।)**

**सांस्कृतिक सचिव धर्मानन्दः**

**(सभापतिज्यू र गुरुवर्गमा माल्यार्पण गरिसकेपछि)**

श्रीमान् सभापतिज्यू, निर्णायक गुरुवर्ग र साथीहरू ! अहिले यस विद्यालयको संस्कृति-विभागद्वारा आयोजित यस सभामा हामी वाद-विवाद प्रतियोगिताको कार्यक्रम शुरू गर्दछौं। गुरुवर्ग, निर्णायकवर्ग एवम् सभापतिज्यूको आज्ञा पाएर उक्त कार्यक्रमलाई हामीले "राम्रो लुगा, मीठो खाना" अर्थात् राम्रो लुगा लगाउनु जाती कि मीठो खानु जाती भन्ने विषय अस्ति नै प्रचार गरिसकेका छौं। नियमहरू पूर्ववत् नै छन् । समय चाहिँ तीन मिनेट मात्रै तोकिएको छ ।

यसैगरी सांस्कृतिक कार्यक्रम निश्चित तिथिमा चल्दै आउनुमा कारण-स्वरूप हुनुभएका साथी-सहयोगी छात्रहरूमा कृतज्ञता व्यक्त गर्दै म कार्यक्रम शुरू गर्न अनुरोध गर्दछु ।

अब हाम्रो 'लुगा जाती' विषयमा जीवन नेपाल बोल्नुहुन्छ ।

**(ताली बज्दछ)**

**जीवन नेपालः**

श्रीमान् सभापतिज्यूलगायत आदरणीय व्यक्तिहरू तथा प्रिय साथीहरू ! मैले "जीवनलाई अत्यावश्यक कपडा, अन्न र शिक्षा" भन्ने कवितालाई अगाडि सारेको छु। हुन पनि कपडा अर्थात् यो शरीर ढाक्ने लुगाले नै मनुष्यलाई एक अर्के रूपमा खडा गराएको छ । सबै प्राणीले खाने, बस्ने आदि कुरा जानेका छन्, त्यसैले ती त प्राणीमात्रका सामान्य साधन मात्र हुन् । लुगा कपडा लगाउन जान्ने प्राणी मनुष्य बाहेक कोही छैन । त्यसैले मनुष्यको निमित्त अत्यन्त जरूरी कुरा कपडा हो । सभ्यताको चिह्न, विकासको रूप, उन्नतिको प्रमाण, देशको आर्थिक उत्थानको

स्वरूप केबल कपडा हो । कपडाले मानिसलाई बढाई इज्जत राख्दछ, सभा सम्मेलन र विदेश यात्रा आदि सबैमा को कस्तो रहेछ भन्ने जाँच गराउने पहिलो आधार नै कपडा हो भन्ने मलाई लाग्छ । नेपालीको भनाइ पनि छ "आफूले लुगाको इज्जत राखे पो त लुगाले पनि आफ्नो इज्जत राख्ला ।" खाने त के कुरा हो र, जस्तो खाए पनि पचेर जाने चीज खाने न हो । साथै त्यो त आफ्नो भित्री कुरा हो । त्यसलाई कसैको अगाडि प्रदर्शन गर्नुपर्ने होइन । अतः मनुष्यले इज्जतदार बन्नु छ भने लुगा कपडा राम्रो र असल लगाउनुपर्छ ।"

(घन्टी लाग्छ)

मेरो भनाइ यत्ति हो, लुगा नै मनुष्यको सभ्यताको मुख्य चिह्न हो ।

**धर्मानन्दः**

अब 'मीठो खानु जाती' विषयमा अशोक बराल बोल्नुहुन्छ ।

**अशोक बरालः**

श्रीमान् सभापतिज्यू, गुरुवृन्द तथा अन्य उपस्थित भद्रवृन्द ! मेरो विषय छ "मीठो खानुपर्छ, नराम्रो लगाए पनि हुन्छ ।" लुगा मात्रै राम्रो लगाउँदा पुतली बनिन्छ, सुकुलगुण्डयाइँ देखिन्छ, बोक्रे धाक भनिन्छ । किनभने "घर पोले खरानीको के दुःख ?" जीवनको लागि कपडा हो, कपडाको लागि जीवन होइन । जीवलाई धक्का पार्ने हो भने कपडाको मूल्य केवल कात्रो हो । बरु झुत्रो–झुम्रो बेरेर जीवन सुरक्षित राख्नुमा कल्याण छ । ठूलाठूला विद्वान्हरूले "कर्तव्यको मुख्य साधन शरीर मात्रै हो" भनेका छन् । लुगा त एक जोर लगाएपछि दिनभर पनि सजिलैसित टर्दछ, तर खाना भने समय–समयमा दिनभरमा भिन्ना–भिन्नै रूपले खानै पर्छ । त्यसैले.....

(घन्टी बज्दछ)

मनुष्यका निमित्त राम्रो लुगाको महत्त्व छैन, जति महत्त्व मीठो खानाको छ । मीठो खानाले शरीर स्वस्थ रहन्छ, कर्तव्य गर्न पाइन्छ । आडम्बर किन चाहियो ? मेरो भन्नु यत्ति हो । धन्यवाद !

**धर्मानन्दः (अगाडि सरेर)**

अब 'राम्रो लुगा' मा दमन आले बोल्नुहुन्छ ।

**दमन आलेः**

श्रीमान् सभापतिज्यू ! तथा साथीहरू, कुरा जति गरे पनि पुग्ने र सकिने चीज होइन । तैपनि मेरो विचारमा विकास भएको देश तथा त्यहाँका मानिसको व्यक्तित्त्व भन्ने हो भने कपडाले राखेको छ। उनीहरूलाई देख्दा झ्वाट्ट हेप्न कोही सक्दैन; झट्ट भन्न कोही आँट्दैन; आदर गर्दछन् सम्मानका साथ हेर्दछन् । खाने कुरा त के, तिनीहरू मात्रै सुन, चाँदी, हीरा खाने होइनन् त, अन्नै होला ! जे खाए पनि बाहिरबाट देख्दा उनै ठूला, उनै इज्जतदार कहलाउँछन् । त्यसैले हामीले राम्रो लगाउनुपर्छ, सफा लुगा फेर्नुपर्छ, असल लुगा जगेडा समेत राख्नुपर्छ । घिचासको संसारमा मान हुन्न, इज्जत हुन्न । यही सोच्नुपर्छ । धन्यवाद !

(ताली बज्दछ)

**धर्मानन्दः (अगाडि सरेर)**

अब 'मीठो खानेमा' अरूण ताम्रा बोल्नुहुन्छ ।

**अरूण ताम्राः**

श्रीमान् सभापतिज्यू तथा अन्य आदरणीय सभासद्हरू ! भोजन स्वास्थ्ताको कारण हो घिचासको कारण होइन । कपडा पनि नक्कलको लागि होइन, शरीर ढाक्नको लागि मात्र हो । यी सब कुरा सदुपयोगकै लागि हुन् भने पहिलो आवश्यक वस्तुको मूल्य चिन्नुपर्छ । त्यो चीज हो खाना । त्यही खानाका लागि हाम्रा प्रथम पुर्खाले ओडार छोडेर खेतीपाती गर्न थालेका हुन् । विकास र उन्नतिको मूल कारण अन्न हो, खाना हो । हाम्रा ऋषिमुनिहरू सामान्य कपडाले पनि विश्वका आदर्श रहे, उनका चमत्कारहरू आजका उन्नतभन्दा उन्नत देशलाई बाटो देखाउँदछन् सन्तुलित खाना र मीठो भोजनमा तो मुनिहरू सदा शान्त रहे सुखी रहे, धनी र समर्थ रहे । यो कुरा हामीले बिर्सनुहुन्न ।

(ताली लाग्छ)

**धर्मानन्दः**

अब प्रतीयोगिता–कार्यक्रमको अन्तमा निर्णायक समितिको निर्णय र पुरस्कार वितरण हुन्छ। त्यसभन्दा पहिले यस कार्यक्रमको विसर्जन भाषण सभापति महोदयबाट सुन्नुहोस्।

**सभापतिः**

प्रिय सहयोगी शिक्षकवर्ग तथा प्यारा छात्रहरू ! यो कार्यक्रम सफल पार्न कोशिश गर्नु भएकोमा सबैलाई धन्यवाद !

यस कार्यक्रमले हाम्रा छात्रलाई धक मार्न दिएको छ, आफ्नो आधारलाई पुष्टि गर्ने शक्ति दिएको छ, भाषामा खेल्ने, व्यवहारमा भिज्ने, साहित्यमा गहिरिने, विषयान्तरको तर्क काट्ने र सीमित घेरामा भाषिक दौड छोड्ने सामर्थ्य दिएको छ।

भोजन नभए हाम्रो जीवन स्वस्थ राख्न र सुखी तुल्याउन सकिन्न। त्यस्तै बाहिरी तत्त्वबाट शरीर सुरक्षित पार्न कपडाको पनि निक्कै आवश्यकता छ। त्यसैले हामीले उचित मात्रामा दुवैको प्रयोग गर्न सिक्नु, जान्नु र बेहोर्नु परेको छ। नत्रभने सुकुलगुण्डो बनिन्छ वा घिचुवा। हामीले यसलाई सोच्नुपर्दछ। सदुपयोग गरे दुवैबाट कल्याण हुनेछ। लौ त, आफ्नो तर्फबाट वक्ता, श्रोता, निर्णयकर्ता, प्रबन्धकर्ता तथा विजेता सबैलाई पुनः धन्यवाद दिंदै सभा विसर्जन गर्दछु।

(ताली बज्दछ)

## अभ्यास

**शब्द र अर्थः**

सांस्कृतिक प्रदर्शन – संस्कृतिसम्बन्धी कामकाज
निर्णायक – निर्णयकर्ता, निर्णय गर्ने
कार्यक्रम – कामकाज उत्सव
आयोजित – आयोजना गरिएको, तर्जुमा भएको

पूर्ववत् – पहिले–पहिलेकै जस्ता
व्यक्त – प्रष्ट भएको, प्रकट भएको
व्यक्तित्त्व – व्यक्तिको पना, व्यक्ति
अत्यावश्यक – नभईनहुने
प्रवेश – पस्नु, घुस्नु
उत्थान – उठ्नु, बढिबढाउ
विदेश यात्रा – विदेश जानु
प्रस्तुत – अगाडि आएको, पेश गरिएको
आदर्श – सिक्न लायक गुण
विषयान्तर – अर्को विषय, कुरा फेरिनु
सुरक्षित – बचिबचाउ भएको, रक्षित

**प्रश्नहरू:**

१. बादविबादमा पालन गर्नुपर्ने कुनै चारओटा नियम बताउनुहोस् ।
२. संसारमा कस्ता–कस्ताको मान हुन्छ ?
३. विश्वमा आदर्श बनेर कस्ता कस्ता रहन्छन् ?
४. 'सदुपयोग गरे दुवैबाट कल्याण हुन्छ' यसको मतलब के–के हो ?
५. मनुष्यलाई एक अर्कै रूपमा प्रवेश गराएको के चीजले हो ?
६. **यसको मतलब खुलस्त गराई लेख्नुहोस्:**

जीवनलाई अत्यावश्यक कपडा, अन्न र शिक्षा
हात पसारी किन पो माग्ने अरूसँग यसको भिक्षा ?

**व्याकरण:**

(क) 'उनी' र 'आफू' जस्ता पछाडि दीर्घ हुने छओटा सर्वनाम शब्द खोजेर देखाउनुहोस् ।
(ख) 'गोरखाली' जस्ता आली पछिल्तिर भएका पाँच विशेषण शब्द दिनुहोस् ।

**विशेष ज्ञान:**

तलका विषयमा पनि विवाद गर्न सकिन्छ कि? .... । सकिन्छ । सकिन्न ।

१. छुन्छ हिमालले सगरको माथा ।

२. अभ्यास पुस्तिकाको प्रत्येक पत्रमा लेख्न उस्तै सजिलो हुन्छ ।

३. रेडियोभन्दा अखबार जाती ।

४. उखानभन्दा टुक्का मीठो ।

५. गाई छाम्छौ कि गोरु ?

६. आमा–बाबु ।

(विवादजस्तो विषय जेमा पनि खडा गर्न सकिन्छ)

# शान्तिका दूत नेपाली

नेपाल अधिराज्यका चौध अञ्चल छन् । ती चौध अञ्चलमध्ये एक अञ्चल लुम्बिनी हो । लुम्बिनी अञ्चलमा उहिले शाक्यहरूको राज्य थियो । शाक्य राजाहरूको राज्य भिन्ना-भिन्नै थियो । ती राजाहरूमा शुद्धोदन शाक्य ज्यादै प्रसिद्ध थिए । अरूहरूलाई राजा भन्थे, तर उनी महाराजा भनिन्थे । उनलाई सबै राजाले मान्ने भएकाले अरूहरूले महाराज र सबैका मुख्य राजा भन्ने गरेका थिए । उनका मायादेवी र प्रजावती नामका दुई रानी थिए । रानी मायादेवीको कोखबाट रूपन्देही जिल्लाको लुम्बिनी नाउँको बगैंचामा सिद्धार्थ जन्मिए । यो कुरा आजभन्दा पच्चीस सय सत्र वर्ष (२५१७) अघिको हो ।

सिद्धार्थ जन्मेपछि मायादेवी स्वर्गवास भइन् । राजा शुद्धोदनले आफ्ना छोरा युवराजलाई ज्यादै सुखले हुर्काए । उनी राजकुमारलाई दुःख भन्ने कुरै थाहा नहोस् भनी कोशिश गर्दथे । तर युवराज सिद्धार्थ चाहिं सुख-दुःखको वास्तै नगर्नेजस्ता थिए । उमेर पुगेपछि त्यस वेलाका शाक्य राजाहरूको राज्यकी सबभन्दा राम्री राजकुमारी गोपासँग उनको विवाह भयो । गोपाको अर्को नाम यशोधरा थियो । उनी अनुहारमा मात्रै होइनन् बानीवेहोर र बोलीचालीमा पनि साह्रै असल थिइन् । केही वर्षपछि सिद्धार्थले एउटा खूब राम्रो छोरा पाए । त्यस बालकको नाम "राहुल" भन्ने राखे ।

सिद्धार्थ नरम र मीठो बोली बोल्दथे । उनी कसैको पनि दुःख देख्न सक्दैनथे । मानिसको मात्र होइन, अरू जनावरको दुःखमा समेत उनी दुःखी हुन्थे । घोडा चढेर हिंड्दा घोडाले स्वाँ–स्वाँ गरयो भने उनी अडिन्थे र त्यसलाई आराम गर्न दिएर आफू पैदलै हिँड्थे । उनी गोरुलाई पिट्दै हलो जोतेको देख्दा दुःख मानेर हलीलाई सम्झाउन जान्थे । प्राकृतिक सुन्दरता देखे भने उनी आनन्दले मग्नमस्त बनेर हेरिरहन्थे ।

छिनछिनैमा फेरिइरहने किसिम-किसिमका सुख र दुःख देखेर सिद्धार्थ दिक्क हुन्थे । रोग, बुढ्याईं र मृत्यु सबै प्राणीमा हुन्छ भन्ने निधो भएपछि त उनी झन्

दिक्कै भए । एक दिन राती सबैथोक छोडेर सिद्धार्थ जङ्गलतिर हिंडे । शान्ति खोज्न गएका सिद्धार्थ देश-देशान्तर घुम्न थाले । छ वर्षसम्म घोर जङ्गलमा एक्लै बसेर के गरेदेखि शान्ति हुन्छ भन्ने विचार गरे । तर शान्तिको उपाय भने भेटिँदै भेटिएन । अनि उनी गया भन्ने ठाउँभन्दा दक्षिणको जङ्गलमा गएर दिन बिताउन थाले ।

एक रात उनी पीपलको बोटमुनि बसिरहेका थिए । ध्यान गर्दा-गर्दै "दया नै संसारको सुखको मूल कारण हो' दया नभै सुख हुन्न, त्यसकारण जो

दया गर्दैन, त्यो धर्मात्मा होइन" भन्ने विचार उनको मनमा फुरचो। यहा ज्ञानलाई संसारको मुख्य धर्म हो भन्ने उनले माने। अनि उनी बुद्ध ( ज्ञान पाइ-सकेको ) भनेर प्रसिद्ध भए। उनलाई ज्ञान मिलेको ठाउँलाई मानिसहरू बुद्धगया भन्न थाले। बुद्धलाई राजा शुद्धोदन प्यारो गरेर बोलाउँदा "गौतम" भन्दथे। त्यसैले हामीले उनलाई गौतम बुद्ध भन्ने गरचौं। अनि सारा संसारले गौतम बुद्ध भन्न थाले। सिद्धार्थ गौतमले बुद्ध भएर प्रचार गरेको धर्म बौद्धधर्म भनिन थाल्यो।

त्यसपछि गौतम आफ्नो बुद्धिले देखेको कुराको उपदेश गर्न थाले। उनका उपदेशहरू मुख्य दया र उपकारका छन्। तिनमा खासगरी संसारलाई चाहिने उपदेश यिनै हुन्–

१. सत्कर्म – कसैलाई मर्का नपर्ने र सबैलाई फाइदा हुने काम
२. सद्विश्वास – असल हुने कुरामा कहिल्यै नडग्ने विश्वास
३. सत्सङ्कल्प – जसको पनि हित गर्ने दृढ इच्छा
४. सज्जीवन – जसले पनि मन पराउने सादा किसिमको जीवन
५. सद्विचार – राम्रो विचार
६. सद्ध्यान – राम्रो ध्यान
७. सत्समाधि – सच्चा तपस्या
८. सद्वाणी – मीठो र सच्चा बोलीवचन

अनि उनीसँग अर्ती लिन आउनेहरूलाई उनले यसरी अर्ती दिए–

१. सारा प्राणीमाथि दया गर, प्राणीको हिंसा नगर।
२. आचरण पवित्र राख।
३. मातापिता र गुरुजनको भक्ति गर।
४. मान्यजनको आज्ञा मान।
५. साँचो बोल।
६. गुनको बदला गुनैले तिर।
७. प्रत्येक मानिस स्वतन्त्र र बराबर हुन् भनी मान।
८. कर्तव्य गर्न कहिल्यै नभुल।

गौतम बुद्धका अर्ती र उपदेशबाट त्यस वेलाका राजा, प्रजा सबैलाई चित्त बुझ्यो । उनको उपदेश सुन्न र ज्ञानगुणको कुरा सोध्न मानिसहरू उनीकहाँ आउन थाले । उनको धर्म प्रचार हुँदै गयो । शिष्य हुने मानिसहरू बढ्न थाले । महात्मा त्यहाँ उनका उपदेश सुन्न र मठ-मन्दिर बनाउन, बिहार बनाउन र दान गर्न भनी उपहार चढाउन आएका धनीहरू, साहूहरू र राजा महाराजाहरूको मेला लाग्दथ्यो । उनले देश-विदेश घुमेर प्रशस्त उपदेश गरे । उनका चेला उपचेलाहरू संसारभर छरिन थाले । यसरी ८० वर्षको उमेरसम्म मानिसको कल्याणको उपदेश गर्दै महात्मा गौतम स्वर्गवास भए ।

महात्मा गौतम वैशाख-पूर्णिमाका दिन जन्मेथे, वैशाख-पूर्णिमाकै दिनमा उनले ज्ञान प्राप्त गरे र वैशाख-पूर्णिमाकै दिन उनले महापरिनिर्वाण (स्वर्गवास) प्राप्त गरे । उनले चलाएको धर्म दुई सय (२००) वर्षसम्म लगातार झन्-झन् बढेर चल्दै गयो । भारतमा सम्राट् अशोकको शासन शुरू भयो । उनले दिग्विजय गर्दा-गर्दै बौद्ध धर्म लिए । अनि उनको अधीन भएका सबै देशले, खासगरी एशियाभरका जनताले त्यही धर्म लिए । अशोकले यस धर्मको प्रचार खूब गरे । बिहार, मठ, स्तूप र मूर्तिहरू जहाँतहीं स्थापना गरे । उनी लुम्बिनीमा तीर्थ गर्न आएपछि त झन् दिन-रात त्यस धर्मको प्रचार हुन थाल्यो ।

एउटा नेपाली मान्छे, बुद्धले चलाएको नेपाली धर्म आज पनि संसारभर चलिरहेको छ । रूसको भोल्गादेखि जापानसम्म, साइबेरियादेखि लङ्कासम्म महात्मा बुद्धको धर्म ज्यादै चल्तीमा छ । आजभन्दा तेईससय (२३००) वर्षअघि अशोकले स्थापना गरेको स्तम्भ लुम्बिनीमा अझै सुरिक्षत छ । संसारका भिन्न-भिन्न देशबाट बुद्धमार्गीहरू तीर्थ गर्न भनी लुम्बिनीमा आउँछन् र बुद्धको जन्मथलोमा फूलमाला चढाएर आफ्नो श्रद्धा प्रकट गर्दछन् । उनीहरू प्रसन्न भएर "बुद्धं शरणं गच्छामि, धर्मम् शरणं गच्छामि" भन्दै फर्कन्छन् । यसरी हाम्रो देश शैव (शिवको) धर्म मात्र होइन, बुद्ध धर्मको पनि केन्द्र बन्न आएको छ, जन्मस्थल भएको छ । त्यसैले हामीले देशको एक अञ्चललाई लुम्बिनी अञ्चल भन्ने नाम राखेका छौं ।

## सभ्यास

**शब्द र अर्थः**

आचरण – चालचलन
हिंसा – हत्या, मारकाट
पवित्र – चोखो
गुरुजन – मान्नुपर्ने मानिसहरू
मान्यजन – मान्नुपर्ने ठूला–बडाहरू
प्रत्येक – हरेक
अधिराज्य – राजा भएको देश
शाक्य – शक वंशका मान्छे
स्वर्गवास – मर्नु, स्वर्गारोहण
प्राकृतिक – कसैले नबनाई आफैं बनेको
सुन्दरता – राम्रोपना, सौन्दर्य
मग्नमस्त – आनन्दी, लठ्ठ परेको
मृत्यु – मर्नु, मरण, निधन
प्राणी – जीवजन्तु, प्राण भएको वस्तु
सम्राट् – महाराजाधिराज, चक्रवर्ती राजा
उपाय – युक्ति, जुक्ति
उपदेश – राम्रो कुराको शिक्षा, अर्ती
उपकार – भलो, कल्याण
मार्गी – कुनै धर्ममा लाग्ने
विहार – बौद्धहरू बस्ने मठ, सत्तल, धर्मशाला
प्राप्त – पाइएको, भेट्टाइएको
शासन – राजकाज
स्तम्भ – अक्षर कुँदिएको ढुङ्गाको थाम
दिग्विजय– देश–देश जित्दै घुम्नु
बौद्ध – बुद्धको (बुद्धले चलाएको) धर्म मान्ने

| | |
|---|---|
| प्रचार | – चल्ती, फैलावट |
| स्थापना | – राख्नु, अडाउनु |
| बुध्दं शरणं गच्छामि | – ज्ञानको शरणमा जान्छु |
| धर्मम् शरणं गच्छामि | – कर्तव्यको शरणमा जान्छु |
| सङ्घम् शरणं गच्छामि | – समाजको (जनताको) शरणमा जान्छु |
| केन्द्र | – मुख्य ठाउँ, खास ठाउँ |

**प्रश्नहरू :**

१. सिद्धार्थले केको निमित्त घरबार छोडे र के–के पाए ?

२. 'गौतम' भन्नुको मतलब र 'बुद्ध' भन्नुको कारण के–के हुन् ?

३. सिद्धार्थकी आमा, पत्नी र छोराको नाम बताउनुहोस् ।

४. सिद्धार्थकी आमा कहिले के भएर स्वर्गवास भइन् ?

५. अनुहारमा होइन, बानीबेहोरमा पनि उस्तै को थियो ? राम्ररी देखाउनुहोस् ।

६. गौतम कहिले दिक्क र कहिले मग्नमस्त हुन्थे ? स्पष्ट गराउनुहोस् ।

७. बुद्धको कुनै एउटा उपदेशको व्याख्या गर्नुहोस् ।

८. गौतम बुद्ध नेपाली हुन् भन्ने के–के प्रमाण छन् ?

९. लुम्बिनी–बगैंचाको महत्त्व आजकल कति छ ?

१०. राजकुमार सिद्धार्थलाई शुद्धोधनले कस्तो बनाउन आँटेका थिए ?

११. सिद्धार्थको स्वभाव पहिले कुन खालको थियो ?

१२. बुद्धका अर्तीहरू कतिओटा छन् र ती के–के हुन् ?

१३. गौतमलाई खासगरी दुःख के–केमा लाग्थ्यो ?

१४. सिद्धार्थले कति वर्ष जङ्गलबास गरे ? किन ?

१५. उनको मन के–केबाट कसरी मोडियो ?

१६. उनले के–के फेला पारे ? एक–एक गरी बयान गर्नुहोस् ।

१७. गौतमको धर्मलाई 'गौतम धर्म' नभनी 'बुद्ध धर्म' किन भनियो ?

**१८. सबै मिति बताउनुहोस् :**

गौतमको जन्म, गौतमको ज्ञानप्राप्ति, गौतमको विवाह र गौतमको मृत्यु ।

१९. बुद्ध धर्मलाई नेपाली धर्म भन्न सकिन्छ भने के–के कारणले ?

**व्याकरण।**

**(क) के यी वाक्य पनि अशुद्ध छन् ? छन् भने शुद्ध पार्नुहोस्:**

१. सिद्धार्थ जन्मनासाथ यिनकी आमा मायादेवीको देहान्त भयो ।

२. अरूको दुःख देख्यो भने उनको मन पोल्थ्यो ।

३. बुद्ध देश-देशावर घुमेर आफ्नो धर्मको उपदेश गर्न लागे ।

**(ख) तलका एक–एक शब्दबाट वाक्ययोजना गर्नुहोस्:**

अनकन्टार । निस्सार । स्वाँ स्वाँ । देहान्त । मत । रूपन्देही ।

(ग) तेस्रो दफामा भएका समान पद (दुई वा धेरै मिलेर एक भएको) खोजेर उतार्नुहोस् ।

**(घ) तलका शब्दको ठीक–ठीक अर्थ मिलाएर वाक्य बनाउनुहोस्:**

पुरा, पूरा । पारि, पारी । पिर, पीर । तिर, तीर । निर, नीर । शुर, शूर । भुल, भूल । तिल, तील । निल, नील । तार, टार । भाडो, भाँडो । राडो राँडो । तास, ताश ।

# छाता–जुत्ताको धोको

औंसी आउने रात !

वातावरण चकमन्न थियो । तर महाराजको सम्झनामा भने एकपछि अर्को छाल उठिरहेको थियो । कति षडयन्त्र, कति धोका र कति हण्डर ! जीवनमा शान्तिसँग राज्य गर्न उनलाई नदिने भए ! महाराज लामो सुस्केरा हालेर बरन्डाको एउटा आराम–कुर्सीमा थचक्क बसे ।

".....तर म जगज्जय मल्लको छोरो जयप्रकाश मल्ल, सबै मिलेर मलाई एक्लै पारे पनि एक थोपा रगत छउन्जेल म कसैदेखि दब्दिनँ, कसैदेखि हार्दिनँ । यो सुन्दर काठमाडौं राज्य बैरीका हातमा पार्दिनँ !" आत्मविश्वासले मनमनै उर्लेर जयप्रकाशको मुहारमा तेज थपिएजस्तो भयो: जीउभरि तागत थपिएजस्तो भयो। उनले दायाँ हातले आफ्नो जुङामा ताउ दिए । तर जुङाबाट हात झिक्नै नपाउँदै उनको कानमा एक किसिमको आवाज परयो– कुकुर रोएको आवाज !

जयप्रकाश झसङ्ग हुँदै जुरुक्क उठी चिच्च्याए- "ए ! त्यो अहिले रुने कुकुर कुन हँ ?"

"मैले सुनिने प्रभो !" – ढोकेले नुहेर जबाफ दियो । जयप्रकाश उसदेखि रन्के--"यस्ता लठ्ठकलाई पनि पहरा राख्नु जा तँ अहिल्यै खोसिइस् !"

ढोके जिल्ल पर्दै फर्क्यो । जयप्रकाश एक छिन् बरन्डामा एक्लै भुतभुताइरहे- "सगुन–अपसगुनको केही पर्वाह छैन यिनीहरूलाई ! सके त्यो अलच्छिनी कुकुर उही डङ्किनीले दाइजो ल्याएको चाहिं होला । जुनसुकै होस् । फेरि मुख बायो भने मुखभित्र नाल कोचेर गोली प्याइदिनुपर्ला ।"

उनी रन्कदै खोपीभित्र पसेर स्यार्र पर्दा ताने । भित्तामा उनको एउढा पारिवारिक तस्वीर थियो । रानी दयावती छोरो ज्योतिप्रकाशसमेत उनी बसेको तस्वीर । अष्टनारान चित्रकारले आठ रुपियाँ लिएर रङ भरेको यो तस्वीर पहिले उनलाई निकै मन परेको थियो । तर अहिले ?.. यो अहिलेसम्म यहीं झुन्डिएको झुन्डियै रहेकोमा उनलाई सबै बैठकेदेखि जङ चल्यो । आफ्नो ध्यान यसपट्टि अहिलेसम्म नपुगेकोमा आफैंदेखि पनि रीस उठ्यो । उनले तस्वीर झिकेर बाहिर राखिदिए ।

त्यो दयावती ? दयावती होइन दयाहीनमति स्त्री हो ! उनले महारानीलाई सम्झे । आफ्ना विरोधीसित मिल्ने स्वास्नीलाई के भन्ने !

आफ्ना विरोधी गोरखाका राजालाई बोलाइपठाउनेमा दयावती पनि थिइन् रे ! यो जयप्रकाशको शङ्का थियो । तौढिक–काजी र मनोरथसिंहसित मिली लोग्नेलाई निकालेर छोरालाई राजा बनाउने आइमाईलाई के भन्ने ? जयप्रकाश पुराना सम्झना खेलाउँदै थुचुक्क पलङमा बसे । स्वास्नीको जालमा पर्दा ज्यान जोगाउने मात्र समस्या थिएन उनलाई, काठमाडौंको गद्दी फिर्ता गर्नु पनि थियो । अनि काठमाडौंमाथि आइलाग्नेहरूमाथि जाइलाग्नु पनि थियो । गुह्येश्वरीमा बस्दा उनलाई सहयोग गर्ने दुई जना थिए--एक जना उनकी आफ्नै आमा, अर्को गुह्येश्वरीको पूजारी । कसो--कसो भारदारहरूले सुइँको पाइहालेछन् । सैनिकहरूले उनलाई पक्रन घेरा हाले । तर जयप्रकाशको आँट गजबको थियो । त्यत्रो फौजको अगाडि उनी एक्लै तरबार लिएर निस्के र भन्न थाले– "हेर बाबु हो ! म तिमीहरूको राजा हुँ । तिमीहरूसँग मेरो कुनै वैरभाव छैन । म खालि शत्रुसित लड्न चाहन्छु ।"

सैनिकहरूलाई जयप्रकाशको माया लाग्यो। सेनाले उनको साथ दियो। काठमाडौंको राजगद्दीमा फेरि जयप्रकाश बसे। यो देखेर तौढिक–काजीले हत्तपत्त अपहत्ते गरे। आफ्नी रानी दयावतीलाई चाहिं राजा जयप्रकाशले आमरण जेल ठोकिदिए।

पुराना घटना सम्झँदा-सम्झँदै जयप्रकाशले धेरै घण्टा बिताए। उनलाई विश्वास थियो, उनी नभएका भए काठमाडौं उहिल्यै गोरखालीको हात परिसक्थ्यो। उनले अहिलेसम्म जोगाएका छन्। कीर्तिपुरमा दुई-दुई पटक गोरखालीलाई हराएर पठाउनुमा उनको कम पुरुषार्थ थिएन। तर. ....

जयप्रकाश अलि खिन्न भएर पलङमा पुङलुङङ पल्टे। कहिले कता कहिले कता गरी हमला गरिरहने ती गोरखालीको एक पटक झ्याँको झानें उनको विचार थियो। त्यसैले उनले अङग्रेजसित मद्द मागेका पनि हुन्, केही फौज पाएका पनि हुन्। तर कप्तान किनलोक भन्ने अफिसर छ्वाली खुट्टे परेछ। सिँन्धुलीमा लड्न पठाएको त ऊ आफैं हारेर भागिदियो। त्यसैले जयप्रकाशलाई पीर थियो– "कुन दिन गोरखाली यहाँ पस्ने हुन्। त्यति वेला कसैले साथ नदिए पशुपतिनाथ र तलेजुले त देलान्। म राज्य नगरी कहाँ छाड्छु र!" यस्तै कुरा सम्झँदै उनी सुत्न तर्फ लागे।

भोलिपल्ट आइतबार परेको थियो।

काठमाडौं शहरभरि इन्द्रजात्राको उल्लास र उमङ्ग फैलिरहेको थियो। पूजाआजा र भोजका प्रबन्धहरू भइरहेका थिए। दरबारमा भने त्यस्तो चहकमहक केही थिएन। भरखरैजस्तो राजकुमारको मृत्यु भएकोले पनि चहकमहक नगरिएको हुन सक्छ। जयप्रकाश सबेरै उठेर तलेजुको दर्शन गरी घोडामा पशुपति जाँदै थिए, बिरालाले बाटो काटिदियो। उनी फेरि झस्के। हिजो राती चोकमा कुकुर रुनु र अहिले बिरालाले बाटो काट्नु, यी सबै अपसगुन हुन भन्ने उनलाई लाग्यो। अब के हुन्छ?

हालै भैंचालो गयो।

हालै छोरो खस्यो।

हालै कीर्तिपुर गुम्यो।

हालै कर्मचारीको तलब दिन नपाएर देवी-देवताको पैसा निकाल्नु परयो ।

हालै आफ्नै भाइ राज्यप्रकाशलाई पाटनका प्रधानहरूले आँखा फोरी गद्दीबाट खसालिदिए ।

अझ के हुनु छ ! – जयप्रकाश मल्ल बीच बाटैबाट फर्के । अब फेरि भैंचालो जाने हो कि, गोर्खालीले फेरि कतै के बिगार्ने हुन्– शङ्का यत्ति नै थिए । दिनभर कहिले जात्राका विधि–विधानमा कहिले भारदार र फौज भेट्नमा उनले बिताए । सेनाको राम्रो सङ्गठन गरी देशको आर्थिक स्थिति अलि सुधिएपछि गोरखालीले लिएको कीर्तिपुर फर्काउने उनको दाउ थियो, सल्लाह थियो । तर सोही दिन बेलुकी एक्कासी हल्ला आयो– "गोरखाली गोरखाली आयो ! आयो !"

जयप्रकाश जिल्ल परे । उत्तिको हात–हतियार पनि छैन, मानिस, पल्टन तयार पनि छैनन्, गोरखाली फौज एक थरी टुँडिखेलबाट, अर्को थरी भीमसेनस्थान-बाट र अर्को थरी नरदेवीबाट पसिरहेका थिए । यस्तो घेराबन्दी र आकस्मिक आक्रमणले जयप्रकाशलाई पार्नु अत्यास पास्यो ।

तर जगज्जय मल्लका छोरा जयप्रकाश मल्ल जस्तोसुकैं आपतमा पनि आत्तिइहाल्ने मान्छे थिएनन् । राज्य गर्ने उनको धोको चानचुने थिएन । उनी सुरिएर निस्के । निक्कै समय घमासान लडाईं भयो । आखिर उनको केही लागेन, भागेर तलेजुभित्र पसे । काठमाडौंको गद्दीमा सोही राती पृथ्वीनारायण शाह बसे ।

उपत्यकाका वरपर काठमाडौंसमेत पृथ्वीनारायणले एकीकरण गरे । तर जयप्रकाशले न हारेको कबुल गरे न फेरि राजा हुने सपना छोडे । उनी पाटन गएर बसे । त्यहाँपछि भक्तपुर गएर बसे । एक वर्षपछि भक्तपुर हमला हुँदा उनी घाइते भएर आर्यघाट गए । उनको यो एक्लो साहस देखी पृथ्वीनारायण शाह स्वयम् प्रभावित थिए । मर्न आँटेका जयप्रकाशसित पृथ्वीनारायणले सोधे-"जयप्रकाशज्यू ! तपाईंको कुनै अन्तिम इच्छा थियो कि ?"

जयप्रकाशले कत्ति नदबी भने- "अरू त केही छैन, एकजोर जुत्ता र एउटा छाताको इच्छा छ ।"

यो कस्तो इच्छा होला ? मान्छे भन्छन्–जुत्ता भनेको देश र छाता भनेको धीपेच रे ! तर उनको राज्य गर्ने धोको यसरी अर्धजलमा सुत्दासम्म पनि पुगेन ।

## अभ्यास

**शब्द र अर्थः**

| | |
|---|---|
| अपहत्ते | – आफैं हत्तें गरी मर्नु, आत्महत्या |
| षडयन्त्र | – जाल, जालझेंल, जालसाँजी |
| आत्मविश्वास | – भित्रदेखि आफूमाथि पत्यार लाग्नु |
| डङ्किनी | – राक्षसको जस्तो बेहोर भएकी स्त्री |
| खापी | – एकमाथि अर्को थपेर, पातलो जातको कपडा |
| छ्वालीखुट्टे | – लुलो आँट भएको, आँटे नभएको, पानी मरुवा |
| धोखे बाजी | – विश्वासघात, भरपत्यार गर्नै नहुने काम |

**प्रश्नहरूः**

१. महाराजका सम्झना के उठिरहेका थिए ?
२. महाराजले लामो सुस्केरा किन हाले ?
३. जयप्रकाश मल्लका बाबुको नाम के हो ?
४. जयप्रकाश मल्लले जुङामा किन ताउ थिए ?
५. जयप्रकाशले ढोकेलाई किन खोसिइस् भने ?
६. जयप्रकाशको खोपीमा पर्दाभित्र कसको तस्वीर थियो ?
७. जयप्रकाश गुह्येश्वरीमा बस्दा उनलाई कस–कसले सहयोग गरे ?
८. जयप्रकाश मल्ललाई सैनिकहरूले किन माया गरे ?
९. तौढिक–काजीले किन आत्महत्या गरे ?
१०. जयप्रकाशले अङ्ग्रेजसँग किन मदत मागेका हुन् ?
११. सिंधुलीमा हारेर भाग्ने को थिए ?
१२. आइतबारको घटना बयान गर्नुहोस् ।
१३. पाटनका प्रधानले कसको आँखा फोरी के गरेका थिए ?
१४. जयप्रकाश मल्लले भारदार र फौजसँग के सल्लाह गरेका थिए ?
१५. बेलुका एक्कासी के आयो?
१६. गोरखालीले काठमाडौंलाई कतितिरबाट घेराबन्दीमा पारेका थिए ?
१७. जयप्रकाश मल्ल तलेजुभित्र किन पसे ?

१८. जयप्रकाश मल्ल पाटनबाट कहाँ गए ?

१९. पृथ्वीनारायण शाह जयप्रकाशसँग किन प्रभावित थिए ?

२०. जयप्रकाश मल्लले पृथ्वीनारायण शाहसँग के मागेका थिए ?

**व्याकरण:**

**(क) तल दिइएका क्रियापदबाट धातु छुट्टयाउनुहोस्:**

हाले, बसे, हार्दिन, पार्दिन, दिए, थिए, ताने, ठाने, चल्यो, उठ्यो, हालेछन्, चाहन्छु, बिताए, देलान्, सक्छ, लागेन ।

**(ख) तल दिइका '१' का नामलाई '२' का विशेषणसँग मिलाई वाक्यमा प्रयोग गर्नुहोस्:**

१. तस्वीर, घटना, किनलोक, काठमाडौं, फौज, सङ्गठन

२. सुन्दर, राम्रा, गोरखाली, पारिवारिक, पुराना, कप्तान

**(ग) तलका विस्मयादिबोधक (अव्यय) शब्द कसरि–कसरि प्रयोग हुन्छन् ? स्पष्टसँग प्रयोग गर्नुहोस्:**

अहा ! अहो ! छिः ! धत् ! धत्तेरि ! उफ्: ! हा ! हाःहा ! लौतनी ! धिक्कार ! नमस्ते ! धन्यबाद ! बा ! हिःहि !

# बालकै बालक

बालक ध्रुव

थिए बालक प्रह्लाद, ध्रुवजी बालकै थिए ।
यौटा भए महाभक्त, अर्का तारा बनी रहे ।।

जुम्ल्याहा दुईटा केटा, लव औ कुशले पनि ।
पारे चकित संसार, शूरा योद्धा स्वयं बनी ।।

अवतारी, चमत्कारी, कृष्णको गर्नु के कुरा ।
शक्तिमा, बुद्धिमा साथै, जुक्तिमा थे उनी पूरा ।।

बालक कृष्ण

बालक जेम्स वाट

जेम्स वाट् भनिने एक, थिए उत्सुक बालक ।
बाफको शक्ति पैलाए, खोले विज्ञानको पथ ।।

बालकैमा सिद्ध, योगी भए धेरै यही पनि
ठूलो हुने उही नै, हो सानैमा हुन्छ जो गुणी ।।
हामीमध्ये पनि त्यस्तै, हौंला बालक के कति ।
भविष्यले बनाएमा, मै हुँ जडी, म हुँ बुटी ।।

## अभ्यास

**शब्द र अर्थः**

महाभक्त – अत्यन्तै भक्ति गर्ने, खूब मान्ने
चकित – छक्क, अचम्म, जिल्ल वाल्ल
शूर। – आँटिला, बहादुर
योद्धा – लडका, वीर सैनिक, बहादुर सिपाही
स्वयं – आफैं, निज, खुदै
उत्सुक – चौचौ लागेको, चासो मान्ने, चाख लिने
शक्ति – ताकत, बल
पैलाए – पत्तो लगाए,
पथ – मार्ग, चल्तीको बाटो, मूल बाटो

**प्रश्नहरू :**

१. प्रह्लाद र ध्रूवमध्ये कुन भक्त हुन् र कुन तारा हुन् ?
२. लव र कुशले कसलाई चकित पारे ?
३. कृष्ण कस्ता थिए ?
४. विज्ञानको बाटो पत्ता लाउने को थिए ?
५. ठूलो मान्छे सानोमा कस्तो हुनुपर्छ ?

**व्याकरणः**

**तलका शब्दको अर्थ लेख्नुहोस्:**

(क) जुम्ल्याहा । (ख) चमत्कारी । (ग) अवतारी । (घ) जुक्ति
(ङ) बाफ । (च) गुणी ।

**विशेष ज्ञान:**

यस कविताका सबै पाउ अनुष्टुप् छन्दका हुन् । प्रत्येक पाउमा आठ अक्षर हुन्छन् । प्रत्येक पाउको पाँचौ अक्षर लघु (ह्रस्व) हुन्छ, अनि दोस्रो पाउ र चौथो पाउको सातौं अक्षर ह्रस्व भई सबै पाउको छैटौं अक्षर गुरु(दीर्घ) हुनै पर्छ।

**गति छुट्टयाउनुहोस्:**

थिए बालक प्रह्लाद, ध्रुवजी बालकै थिए ।
यौटा भए महाभक्त, अर्का तारा बनी रहे ।

## अभ्यास

१. कुनै दुई श्लोकमा गति परेका अक्षरमुनि चिह्न लगाई देखाउनुहोस् ।
२. पाँचौं श्लोक भाका मिलाई सस्वर पाठ गर्नुहोस् ।

**व्याकरण:**

१. लोप्पा, झुप्पा, डप्फा जस्ता सातओटा शब्द जम्मा गरेर देखाउनुहोस् ।
२. माथिका अनुसार खोजिएका चार शब्दको अर्थ दिनुहोस् ।
३. माथिका शब्दमध्ये अर्थ नदिइएका तीन शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् ।

**तलका वाक्यमा कतिओटा निपात प्रयोग भएका छन् ? देखाउनुहोस्:**

१. हो त नि रामले झ्वाट्ट त्यति कुरा नसुनेको भए ता होकि ?
२. कसरी सुनु र म पनि ?आफूलाई टोकुं न बोकुं भइरहेका छन् त यिनै किताबहरू नि । झन सारो तिम्रा पनि रङ्ग न ढङ्गका काम किन म सारिरहूं त नि !

**यी तलका प्रेरणार्थक धातुहरू हाली प्रेरक वाक्य बनाएर देखाउनुहोस्:**

ढुक्, लुक्, सुक्, उठ्, जित् ।

---

**द्रष्टव्य:** गति परेका अक्षरहरू कालो अक्षरमा दिइएको छ ।

# लामो बिदा

प्रिय सँगिनी सरला,

१, फागुण २०२९

स्नेहपूर्ण सम्झना

वार्ड नं. २. जनकपुर धाम

तिम्रो १५ गते कार्तिकको पत्र भरखरै पाएँ । काठमाडौं गएपछि अहिलेसम्म तिमीले पत्र लेखेकी थिइनौ । मलाई भुसुक्कै बिर्स्यौं जस्तो लागेको थियो, तर बिर्सेकी रहिनछौ । चिट्ठी पाउँदा तिमीसितै भेट भएजस्तो लाग्यो । टाढा टाढा बसेको बेला हाम्रो भेटघाट गराउने चिट्ठी नै त हो नि, कसो ? प्रिय सरी, मलाई तिम्रो पत्र पाउँदा जति खुशी लाग्यो, पढ्दा उत्तिकै रमाइलो पनि लाग्यो । तिमीले बडो आनन्दी ढङ्गले लामो बिदा बिताइछौ । सबभन्दा रमाइलो त तिमी पोखरा



फेवाताल

पुगेकोमा लाग्यो । म पनि त्यहाँ भएकी भए सँगै जान पाइन्थ्यो होला हगि ? के गर्नु, म रहें काठमाडौं तिमी रह्यौ जनकपुर ! तर सरी, आफू नगए पनि तिमीले गरेको बयान सुन्दा आफैं पोखरा पुगेजस्तो लाग्यो । फेवातालमा डुङ्गा चढ्दा

किन डराएकी त ? महेन्द्र–गुफाभित्रको अध्यारोमा लडेको कुराले म एक्लै हाँसे । कुनैदिन त्यहाँभित्र कसो बिजुली नजडिएला त ? पार्दी र विजयपुर बाँधको जुन बयान तिमीले सुनायौ, त्यो कुरा मैले आशा राखेकी हुँ ।

पार्दी बाँध

अँ, सरी ! मैले कसरी लामो बिदा बिताएँ भनेर तिमीले सोधेकी रहिछौ। साँचै मेरो यसपालीको हिउँदे बिदा तिम्रोजस्तो रमाइलो भएन । पहिले त आफैं बिरामी भएँ–टन्सिल बढेर भन्छ्यौ, दशौं दिनसम्म थूकै निल्न गाह्रो पर्‍यो । जरो आएर अस्पताल धाउँदैको छुट्टी ! दोस्रो, बाआमा अलिक दिन काशीतिर जानुभयो । मलाई पनि हिँड त भन्नुभएको हो, तर किन हो किन, जान मन लागेन । जनकपुरको विवाहपञ्चमीको मेला छाडेर बनारस किन जाने ? यसपालीको विबाहपञ्चमीको मेला यहाँ अत्यन्त रमाइलो थियो । काठमाडौंबाट पनि धेरै यात्रीहरू आएका थिए । म त कताकन तिमो पनि बाआमासित टुप्लुक्क आइपुग्छ्यौ की भनी सोचिरहेकी थिएँ । एकपल्ट त तिम्रै अनुहारकी एउटी केटीले मलाई झन्डै

झुक्क्याएको । मधेशको धूलो खान किन आइरहन्थ्यौ र ? तर सरी, अब त जनकपुर पनि परार–परारकोभन्दा बिलकुलै बदलिएको छ । यताबाट बसद्वारा काठमाडौं र विराटनगर दुबैतिर पुग्न सकिन्छ । त्यसैले पनि जनकपुर धाम निक्कै सजिएको छ। सबैतिर सफासुग्घर, सबैतिर नयाँ–नयाँ बान्की छन् । अहिलेको जानकी मन्दिर र



जनकपुर चुरोट कारखाना

चुरोट–कारखाना देख्न पाए तिमी कान्तिपुरभन्दा जनकपुर रमाइलो भन्दिहौ । अर्को लामो बिदा त नबिर्स है ।

लौ, मैले भन्न खोजेको कुरा त भन्नै बिर्सिछु । यसपालीको लामो बिदामा मैले गरेको सबभन्दा ठूलो काम पुस्तक पढ्नुहो । विराटनगरका हाम्रा मामाले बाहिरी पुस्तक पनि पढ्दै गर्नुपर्छ भनी ल्याइदिनुभएको पुस्तक कहिले पढिसक्नुजस्तो लागेको थियो, तर एक–दुईओटा पढेपछि किताब हेर्न सोख खूब बढ्यो । तैपनि क्या सरी, पहिले गाह्रो लागेको पुस्तक पनि दोहोरयाएर पढ्यो भने अलि–अलि गर्दै बुझ्न सकिँदोरहेछ । अचेल त सिनेमा हेर्नुभन्दा पुस्तक पढ्नु मलाई निक्कै चाख बढिरहेछ ।

ओहो, सरी ! गफ गर्दागर्दै चिट्ठी धेरै लामो हुन गयो । तिमीले जवाफ पठायौ भने बाँकी कुरा अर्को पत्रमा लेखुंला हुन्न र ? लत, अहिलेलाई बिदा ।

तिम्रो सँगिनी,
निर्मला

## अभ्यास

**शब्द र अर्थ:**

अबला – नारी, स्वास्नी मानिस
जानकीमन्दिर – सीताजीको मन्दिर
सँगिनी – साथी (स्त्रीलिङ्ग)
चपला – चञ्चले

**प्रश्नहरू:**

१. महेन्द्रगुफाको रूपरेखाको बयान गर्नुहोस् ।
२. फेवाताल त्यस्तो डरलाग्दो किन भएको ? कारण स्पष्ट गराउनुहोस् ।
३. पुस्तक पढ्दापढ्दै लामो बिदा कसरी सकियो ? मोटामोटीरूपले बयान गर्नुहोस् ।
४. किताब कसरी पढ्यो भने बुझ्न सकिन्छ ? स्पष्ट गराउनुहोस् ।
५. एक्लै हास्नुपर्ने कुराका कारण के–के हुन् ?

**व्याकरण:**

(क) वाक्यमा मिलाएर प्रयोग गर्नुहोस् ।
चाख, सरी, चपला ।

(ख) शुद्ध गराउनुहोस्:
योबिधि पुस्तक कहिले हेरी सक्नु नि ?

(ग) क्रियाको पछाडि 'रहनु' संयुक्त भएका चारओटा उदाहरण प्रस्तुत गर्नुहोस् ।

# योगी मछिन्द्रनाथ

मछिन्द्रनाथ

काठमाडौं उपत्यकाका सांस्कृतिक पर्वहरूमध्ये मछिन्द्रनाथको यात्रा एक हो। पाटनका राता मछिन्द्र र काठमाडौंका सेता मछिन्द्र गरी दुई मछिन्द्रनाथ छन्। दिनदिनै प्रशस्त नरनारीहरू यिनको मन्दिरमा पूजा गर्न जान्छन्। राता मछिन्द्रका दुइओटा मन्दिर छन्–एउटा पाटन–शहरभित्र ताहाबहाल (धर्मकीर्तिमहाबिहार) मा र अर्को त्यसै शहरको दक्षिणतिरको बुङमती भन्ने गाउँमा। सेता मछिन्द्रको मन्दिर काठमाडौं शहरको मछिन्द्रबहालमा छ।

मछिन्द्रनाथलाई राजा नरेन्द्रदेवको पालामा उपत्यकामा ल्याइएको हो। हाम्रो इतिहासमा नरेन्द्रदेव नामका तीन जना राजा तीन फरक–फरक समयमा

पाइन्छन् । ती तीन जनामध्ये दशौं शताब्दीका प्रसिद्ध राजा गुणकामदेवका छोरा नै यी राजा नरेन्द्रदेव हुन् ।

भनिन्छ, यिनै राजा नरेन्द्रदेवको पालामा एकबाजि गोरखनाथ रिसाएर नागहरूलाई आसन गरी बस्दा धेरै समयसम्म उपत्यकामा पानी परेन । पानीविना कुनै उब्जाउ हुनै सकेन । सारातिर सुक्खा भयो। राजा नरेन्द्रदेवलाई आफ्ना प्रजाको हालतले छटपटी गरायो । उनी पानी पर्नें उपायको खोजीमा यत्रतत्र घुम्न थाले ।

यही खोजीमा काठमाडौंका तान्त्रिक आचार्य बन्धुदत्तले भने– "नागको आशन गरी बसेका गोरखनाथलाई नउठाई नागहरू फुक्का हुँदैनन् । नागहरू फुक्का नभई पानी पर्दैन । कामरूप कामाक्षा भन्ने ठाउँमा गोरखनाथका गुरु योगी मछिन्द्र-नाथ बस्छन् । उनलाई नेपाल ल्याउन सकेमा गुरु गोरखनाथ उठ्नेछन् र नागहरू फुक्का भै पानी पर्नेछ ।"

बन्धुदत्तको सल्लाहबमोजिम राजा नरेन्द्रदेव बन्धुदत्त र ललित भन्ने एउटा नोकरलाई लिएर कामरूप कामाक्षा गए । त्यहाँ मछिन्द्रनाथलाई भेटेर आफ्नो देशमा परेको कठीनाइ यथार्थ बताए । तपाइँले एकपल्ट नेपाल आई गोरखनाथलाई आसनबाट उठाउने उपाय गर्नुपर्यो भनी राजाले बिन्ती गरे । राजाको आग्रहमा मछिन्द्रनाथले नेपालमा आई बसोबास गर्न मन्जूर गरे। तर उनकी आमाले कान्छो छोरालाई टाढा पठाउन्न भनेकीले आमाको आज्ञा नाघ्न नसकी मछिन्द्रनाथले राजालाई 'म मौका पारी आउँला' भनी नेपाल फर्कन आग्रह गरे ।

मछिन्द्रनाथको सल्लाह बमोजिम राजा, बन्धुदत्त र ललित नेपाल फर्के । आफ्नो कबूलअनुसार केही समयपछि मछिन्द्रनाथ पनि नेपाल आएर गोरखानाथ भएका ठाउँमा गए । गुरु आएको देखेर गोरखनाथ उठे । नागहरू फुक्का भए । पानी परयो र सबै हर्षित भए ।

यस कथाबाट मछिन्द्रनाथ वास्तवमा एक जना ठूला सिद्ध योगी थिए, उनी गोरखनाथका गुरु थिए र राजाका आग्रहले एकपल्ट नेपाल आएका थिए भन्ने कुरा हामी बुझ्दछौं । उनले काठमाडौं–उपत्यकालाई भयानक अकालबाट बचाएकाले राजाले उनलाई नेपालमै बस्ने आग्रह गरे । त्यो आग्रह उनले स्वीकार गरे । गुरु

गोरखनाथको जस्तै यिनको पनि हाम्रो जनजीवनमा, जनसंस्कृतिमा गहिरो प्रभाव छ । कुन बौद्ध, कुन हिन्दू सबै आफ्ना–आफ्ना ढङ्गले यिनको उपासना र अर्चना



मछिन्द्रनाथको रथयात्रा

गर्दछन् । बर्सेनी मछिन्द्रनाथको रथयात्रा गर्ने, उनको पूजा प्रार्थना गर्ने र उनको पुरानो भोटो हेर्ने आदि हाम्रा प्रसिद्ध चाड भएका छन् । साथै मछिन्द्रनाथको बाह्र बर्से यात्रा बडो प्रसिद्ध छ र यो पर्व मनाउन अधिराज्यका कुना–कुनाबाट तीर्थ-यात्रीहरू आउँछन् ।

राता मछिन्द्रनाथलाई सहकालका र सेता मछिन्द्रनाथलाई जीवन र मृत्युका देवताका रूपमा हामी नेपालीहरू मान्दछौं ।

## अभ्यास

**शब्द र अर्थ:**

| | |
|---|---|
| उपत्यका | – पहाडले घेरिएको समथर ठाउँ |
| आगमन | – आउनु |
| शताब्दी | – सय वर्ष |
| तान्त्रिक | – तन्त्रविद्या जान्ने, तन्त्रविद्यासम्बन्धी |
| कामरूप-कामाक्षा | – आसाम राज्यको पुरानो नाम |
| उपासना | – सेवा, पूजा |
| आग्रह | – बिन्तीभाउ |
| अर्चना | – पूजा |

**प्रश्नहरू :**

१. मछिन्द्रनाथको मन्दिर कहाँ-कहाँ छन् ?
२. पानी नपर्नाले के-के हानि हुन्छ ?
३. गोरखनाथ को हुन् ?
४. मछिन्द्रनाथ राजासँग किन आएनन् ?
५. मछिन्द्रनाथ आएको देखेर गोरखनाथ किन उठे ?
६. मछिन्द्रनाथ के-केका देवता मानिन्छन् ?
७. मछिन्द्रनाथको प्रभाव हाम्रो जनजीवनमा कुन रूपमा छ ?
८. भोटो देखाउने जात्राको मछिन्द्रनाथसँग के सम्बन्ध छ ?
९. बाह्र बर्से मेला कहाँ लाग्छ ?

**व्याकरण :**

(क) तलका शब्दलाई वाक्यमा प्रयोग गर –
उब्जाउ, मौका, आग्रह,

(ख) शुद्ध बनाएर लेख –
यही खोजमा काठमाडौंको तान्त्रिक आचार्य बन्धुदत्तले भने –

# परोपकार

"परोपकार"मा दुईटा शब्द मिलेका छन्- 'पर' र 'उपकार' । यहाँ 'पर' भन्दा आफू र आफ्नो परिवार बाहेकको जोसुकै मान्छे–मात्र होइन, जुनसुकै प्राणी पर्छ । उपकार भनेको भलाइ हो । यसरी फोरेर हेर्दा परोपकारको अर्थ 'अर्काको भलाइ गर्नु' भन्ने बुझिन्छ । आफूले जे दिँदा, जे भनिंदा, जे गरिदिँदा अर्काको कल्याण हुन्छ, त्यो नै परोपकार हो ।

अठार पुराण लेख्ने व्यासज्यूले आफ्नो सम्पूर्ण पुराणहरूमा मूल कुरा जम्मा दुईटा मात्र भनेका छन् रे– 'अर्काको उपकार गरे धर्म हुन्छ' अर्कालाई दुःख दिए पाप लाग्छ ।' * मतलब के भने धर्म कमाउनु छ भने अर्काको भलाई गर्नु पर्छ, पाप कमाउनु छ भने अर्कालाई दुःख दिनुपर्छ । हुन पनि हामी जुनसुकै पुराण सुनौं कुरा यिनै दुईटा हुन्छन् । पुराणमा राक्षस र देवता छुट्टाउने कुरा पनि यिनै हुन् । देवताहरू सकेसम्म अर्काको उपकारै उपकार होस् भन्छन्, तर राक्षसहरू अर्कालाई दुःखै–दुःख पुर्‍याउने दाउ हेर्छन् । ऋषिहरू जब यज्ञ गर्न थाल्दछन् राक्षसहरू कता–कताबाट थुप्रिएर हल्लाखल्ला मच्चाइदिन्छन् । सके राक्षस होमका घिउ–चरु आफैं उडाएर वेदीका अगुल्टा बोक्दै कुद्लान् । उती नभए पनि चुर्क्याइँ गरीगरी ऋषिहरूलाई हैरान पारिदिन्छन् । अनि देवताको पुकार गर्नुपर्छ । भगवान्का अवतारहरूले यस्ता राक्षसहरूलाई मारेर अर्काको उपकार गरेका छन् ।

---

*परोपकारः पुण्याय पापाय परपीडनम् ।

कृष्णजीले अर्जुनलाई एउटा जडी कुरो बताएका छन् । त्यो के भने अर्कालाई दुःख दिने अधर्मीहरू बढे भने धर्मको रक्षा गर्न म आउँछु । नभन्दै उनी कहिले राम भएर आउँछन्, कति राक्षसहरूलाई मार्छन्, समाजको सेवा गर्छन् । कहिले कृष्ण भएर आउँछन्, अन्यायीहरूलाई सिध्याउँछन्, सोझा, धर्मात्मा र राम्रो काम गर्नेको उपकार गर्छन् ।

अरूलाई मार्नु परोपकार हो त ? जसले अर्कालाई अपकार गरीगरी दुःख दिन्छ त्यो पापी हो । त्यस्ता पापीहरू छउन्जेल धेरैको कल्याण हुन पाउँदैन । सिधासाधाले तर्सेर बस्नुपर्छ । त्यस्ता पापीलाई मारिदिनु समाजको काँडो झिकिदिनु हो । त्यसैले यो मार्नु पनि परोपकार हो ।

तर परोपकार गर्न पापीहरू कहाँ छन् भनी खोज्दै बाण हान्नै पर्छ भन्ने पनि केही छैन । देवदत्तले हाँस मार्न लाग्दा गौतमले "हाः नमार" भनी रोक्न खोजे । गौतमको विश्वास के थियो भने प्राणिमात्रमा हामीले दया गर्नुपर्छ । यो विचरो हाँस रावण पनि होइन, कङ्स पनि होइन, किन मार्ने हुँ ? त्यसैले बुद्धधर्ममा कुनै जन्तुको हत्या गर्नु पनि पाप हो । कसैको कसैले हत्या गर्न लागेको छ भने बचाउनु परोपकार हो । बुद्धले आफ्नो सम्पूर्ण जीवन मानवको उपकार कसरी हुन्छ भन्ने सोचेर र उपाय खोज्दै बिताए । जैनहरू हिँड्दा र सास फेर्दा समेत कुनै मसिना कीरा-फटयाङ्ग्राले दुःख पाउलान् भनी मुख ढाकेर होशियारी-पूर्वक हिँड्दछन् ।

परोपकार मान्छेले मान्छेलाई त गर्नुपर्छ पर्छ, मान्छेले अरू प्राणीको लागि पनि गर्नुपर्छ । शिवि नामका एक जना प्रसिद्ध राजा थिए । उनी परोपकारमा प्रख्यात थिए । उनले गरेका परोपकारका कुरा सुन्दा मान्छेमात्र होइन, देवता पनि छक्क पर्दथे । एउटा परेवा बचाउन शिविले आफ्नू मासु आफैंले काटेका छन् ।

शिविको परोपकार सम्झँदा हामीले गर्ने परोपकार के परोपकार जस्तो लाग्छ । दधिचिको परोपकार सम्झ्यौं भने ? उनले त अझ आफ्नो हाडसमेत दिएर अर्काको उपकार गरे ।

राजा शिवि

राजा शिविले परेवा बचाउन उसको तौल बराबर मासु दिन आफ्नो जीउ काटे र दधिचिले राक्षस मार्ने बाण बनाउन आफ्नो हाडै झिकेर घोट्न दिए ।

आजको दुनियाँमा अर्काको निम्ति आफ्नो हाड झिकेर घोट्न दिने परोपकारी कहाँ पाउनु ? यस्ता नपाए पनि अरूको निम्ति दुःख गरिदिने, दुःखमा परेकालाई सहयोग गर्ने र बिग्रिसकेकालाई सुधारिदिने परोपकारीहरू संसारमा निमिट्याम्न भएका छैनन् । आफ्नो बुद्धि, बर्कत र औकातले भ्याएसम्म हामीले पनि परोपकार गर्नुपर्छ । किनभने अठार पुराणमा व्यासले भनेकै दुईटा कुरा हुन्– "धर्म गर्ने भए परोपकार गर, पाप गर्ने भए अर्कालाई दुःख देऊ ।"

## अभ्यास

**शब्द र अर्थ :**

चरु – होम्न भनी घिउ, जौ, तिल, धान, चामलहरू मिसाएको चीज
वेदी – चौकी, चौका, अग्लो ठाउँ, मन्च
कल्याण – भलो, असल
सिधासाधा – सज्जन, सोझो मान्छे
प्राणीमात्र – हरेक जीव, प्राण भएका, सम्पूर्ण जीव
प्रख्यात – खूब नाम चलेको, नामी
सहयोग – मदत, सहायता
बर्कत – तागत, आँट ।

**व्याकरण :**

१. **भावार्थ लेख्नुहोस् :**

अठार पुराणमा व्यासले भनेकै दुईटा कुरा हुन् ।

२. **तलका संयुक्त शब्दलाई अलग–अलग गरी देखाउनुहोस् :**

(क) परोपकार (ख) गरिदिने (ग) किनभने (घ) बुद्धधर्म (ङ) धर्मात्मा

३. यस पाठ्यांशको पछिल्लो दफाबाट पाँच नामवाचक शब्द र तीन विशेषणबाचक शब्द झिकेर आफ्नै वाक्यमा प्रयोग गरी देखाउनुहोस् ।

**प्रश्नहरू :**

१. परोपकार गर्नलि के फाइदा हुन्छ ? यान बगर्नुहोस् ।
२. 'हामीले पनि परोपकार गर्नुपर्छ' भन्नुको मतलब के हो ?
३. शिवि र दधिचिले परोपकार गरेर के–के फाइदा पाए ?
४. व्यासले के परोपकार गरे ? खुलाउनुहोस् ।
५. कृष्णले अर्जुनलाई जडी कुरो के बताए ?
६. हामीले चिनेजानेकामा त्यस्ता परोपकारी को–को छन् ?

# नेपालकी एउटी छोरी

जानकीमन्दिर, जनकपुर

मिथिला-देशको राजधानी विदेह-नगर हो । त्रेता-युगमा मिथिलाको खूब इज्जत थियो । त्रेता-युगको मिथिला-देश आजकल जनकपुर भनिन्छ । जनकपुर अञ्चलको मुख्य शहर जनकपुर हो । त्यस वेला विदेह-नगरमा खूब प्रतापी राजा शिरध्वज थिए । उनलाई जनक भन्दथे । प्रजालाई बाबुले जस्तै हेरविचार गर्नें हुनाले उनलाई 'जनक' भनिएको हो ।

शिवजीले त्रिपुरासुर राक्षसलाई मारेर स्वदेश फर्कंदाको ठूलो धनु र बाण जनक राजाको घरमा राख्न दिएका थिए । त्यो धनु शिरध्वजका पुर्खालाई दिएका थिए । त्यो धनु उठाउन एक दुई जनाको ताकतै चल्दैनथ्यो । पूजाकोठामा राखिएको त्यस धनुको जनक सधैं पूजा गर्दथे । राजाको निमित्त पूजासामा रानीले नै तयार पार्नु पर्दथ्यो । रानी पर सर्दा अथवा कुनै कामविशेषले अशक्त हुँदा जानकी पूजाकोठको काम गर्दथिन् । जानकी जनक राजाकी एकमात्र छोरी थिइन् ।

राजा जनकले पूजा गर्न जाँदा धनु राखेको भूईसमेत पोतेको देखेर अचम्म माना सोधखोज गर्न थाले । आठ वर्षकी जानकीले त्यसरी पूजाचौकी पोती पूजासामा हालेकी थिइन् । छोरीलाई बोलाएर उनले सोधे –"यो चौकी पोतेर पूजासामा हाल्ने को हँ छोरी ?"

"मैले नै ठीक पारे हुँ पिताजी !" जानकीले जबाफ दिइन् ।

"धनुमन्तिर पनि कसरी पोत्यौ त जानकी ?"–जनकले अनौठो मानेर सोधे ।

"पहिले एकपट्टि पोतेर धनु त्यतै सारें अनि त्यो ठाउँ पोतेर त्यसलाई फेरि अगिकै ठाउँमा सारिदिएँ । धनुमन्तिर पोतो जमेर हेर्न नहुने फोहोर थियो-" जानकीले जबाफ दिइन्- "किन ? धनुमन्तिर पोत्न हुन्नथ्यो र पिताजी ?"

राजा जनक अचम्म मान्दै जप गर्न थाले । दिउँसो उनले त्यो कुरा सबै मन्त्रीहरूलाई भने । भोलिपल्ट सबैले लुकेर चियो गरे । नभन्दै जानकीले धनु त सजिलैसँग सारेर चौकी पोतिन् । त्यसै दिन 'जसले मेरो घरको धनुमा तांदो चढाउन सक्छ, उसैसँग मेरी छोरी जानकीको बिहा गरिदिन्छु' भन्ने प्रतिज्ञा जनकले गरे । त्यो समाचार संसारभरिका राजा-महाराजाकहाँ पठाए ।

त्यो खबर पाएपछि सारा देशका वीर राजा, राजकुमारहरू धनुमा तांदो चढाउने इच्छाले त्यही आए । शिवधनुमा तांदो चढाउनु त कहाँ-कहाँ, धनु मात्र उठाउन पनि कसैले सकेनन् । संसारभरका बहादुरहरूको हिम्मतले काम गर्न सकेन । विश्वविजयी रावण पनि 'निहुरमुन्टे न' भएर फर्क्यो । अनि 'मैले बडो भारी भूल गरें कि क्या ! मेरी छोरीको निमित्त योग्य बरै पाइन्न क्यारे !' भनी राजा जनक चिन्ता गर्न थाले ।

तर भाग्यले एक दिन अयोध्याका राजा दशरथका छोरा रामले आएर धनु उठाए । तांडो चढाउन खोज्दा शिवधनु नै भाँचियो । यस कुराले राजा जनकको चिन्ता हटयो । बाबुको प्रसन्न अनुहार देखेर सीता पनि दङ्ग परिन् ।

## अभ्यास

**शब्द र अर्थ :**

| | |
|---|---|
| मिथिला | – जनकपुर, विदेहनगर, |
| त्रेता-युग | – पुराणअनुसार दोस्रो युग |
| प्रतापी | – बहादुर, प्रख्यात |
| योग्य वर | – लायक दुलहा |
| विश्वविजयी | – संसार जित्ने |
| स्वीकार | – मन्जूर |

**प्रश्नहरू :**

१. जानकीका बाबुको देश र उनको अर्को नाउँ एवं जानकीकै अर्को नाउँ दिनुहोस् ।

२. धनु कसरी भाँचियो ? बयान गर्नुहोस् ।

३. जानकी नेपालकी सबभन्दा आदर्श नारी हुनाको कारणहरू के-के छन् ?

**व्याकरण :**

१. प्रेरणार्थक धातु (यसै पाठ्यांशबाट) दशओटा खोजेर दिनुहोस् ।

२. व्युत्पन्न धातु तीन र व्युत्पन्न शब्द तीनओटा देखाउनुहोस् ।

३. तलका धातुको तीनै कालमा रूप लेख्नुहोस् :

पढ् । गर् । भन् । चढ् । रह् ।

# लोभी मान्छे

भगवान् ब्रह्माजी सम्पूर्ण जगत् सृष्टि गरिसकेर ध्यानमा लाग्नुभयो। उहाँलाई अब संसारका सबै प्राणी सुखी छन् भन्ने विश्वास थियो। धेरै वर्षपछि उहाँको ध्यान खुल्यो। अनि उहाँले सुख-दुःखबारे छलफल गर्न भनी सम्पूर्ण जिवात्माको सभा बोलाउनुभयो। त्यस सभामा स्वयं भगवान् नै सभापति हुनुहुन्थ्यो। धेरैजसो प्राणीहरू खुशीराजी नै देखिन्थे।



तर मान्छे, गोरु, गधा, लाटोकोसेराहरू भने अँध्यारो मुख लगाइरहेका

थिए । मान्छेलाई आफ्नो आयु कम भयो भन्ने कुरामा असन्तोष थियो । तर अरू तीनथरीलाई 'बढी आयु दिएर हामीलाई अन्याय गरियो' भन्ने गुनासो थियो। आफ्ना सन्तानको अँध्यारो मुख देख्दा ब्रह्मालाई दिक्क लाग्यो । अनि उहाँले सबैलाई सम्बोधन गर्दै भन्नुभयो- "मैले सबै प्राणी सुखी रहून् भनी यो संसार सृष्टि गरेको हूँ । यहाँ कोही दुःखी छ भने अथवा कसैलाई कुनै कुरामा चित्त बुझेको छैन भने यसै सभामा त्यो कुरा भन्नू ! म त्यसको उपाय गरिदिनेछु ।"

आफ्नो चित्त नबुझेको कुरा भनूँ कि नभनुँ ? भन्दामा भगवान् रिसानी हुने हो कि भनी दोमन भइरहेको गोरुलाई आँट आयो । उसले भारी सभामा उभिएर दिक्क मान्दै भन्यो–"भगवान् ! हलोमा जोतिनुपर्छ, गाडामा नारिनुपर्छ, भारी बोकिरहनुपर्छ । त्यसैले यो मानिसकै बराबरी चालीसे जिन्दगी ज्यादै लामो र ज्यादै बिरसिलो भयो । यसबाट आधा कट्टा गराउन पाए हाम्रो जाति सन्तोक मान्नेथियो ।"

ब्रह्माजीले मञ्चबाट उठेर घोषणा गर्नुभयो–"संसारको शान्तिको इच्छा राखेर यहाँ भेला भएका मेरा प्यारा हे प्राणी हो ! यी गोरुहरू आफूले पाएको चालीसे जीवन बढी भो, आधा मात्रै गराइपाउँ भन्छन् । यो गोरुको आयुबाट झिकेको बीस वर्ष कसैले आफ्नो आयुमा थप गरिदिए सबैलाई सान्ति हुने थियो । गोरुलाई बढी भएको बीस वर्ष कसलाई थपिदिऊँ ?"

संसारका सबै प्राणीले आफ्नो जीवनको महत्त्व जानिसकेका हुनाले गोरुबाट झिकिएको बीस वर्ष कसैले पनि थपेर लिन चाहेन । तर मान्छे चाहिं पशुपन्छीभन्दा उच्च हुँ भन्ठान्ने हुनाले उसलाई आफ्नो आयुदेखि सन्तोष लागेको थिएन । उसले उठेर हात जोड्दै भन्यो – "भगवन्, मलाई आफ्नो आयु पशुपन्छीसरह नै भएकोले दुःख लागेको छ । पशुपन्छिको र मनुष्यको बराबर आयु हुनु उचित पनि होइन । भगवान्बाट कृपा भरी त्यो बीस वर्ष आयु मानिसलाई थप बक्से केही सन्तोष मिल्ने थियो ।

भगवान्बाट स्वीकृति मिल्यो । अनि मानिस चालिसबाट साठी वर्षे जिन्दगीको मालिक भयो । त्यसपछि गधाले पनि आँट गरेर भन्यो–"भगवान् सधैं भारी बोक्नु र पिटाइ खानुबाट जिन्दगी बोझिलो लाग्यो । त्यसैले मेरो आयुबाट

पनि बीस वर्ष झिकियोस् ।"

उसको माग पनि पूरा भयो । उसको पनि आयुबाट बीस वर्ष झिकियो र त्यो पनि मानिसले नै थप पायो। मानिस अब असी वर्षको जिन्दगीवाला भयो। त्यसपछि फेरि लाटोकोसेरोले बीस वर्ष आयु कट्टा गराउने अनुरोध गरेपछि भगवान् ब्रह्माजीले मानिसतिर हेरेर मुसुमुसु हाँस्दै भन्नुभयो –"मानिस, तिमीलाई अझै सन्तोष छैन कि कसो ?"

अत्यन्त खुशी हुँदै मानिसले बिन्ती चढायो–"जिन्दगीको मजा यी पशुपन्छीलाई के थाहा होस् ? उनीहरूलाई बढी भएको आयु मलाई नै बक्स्योस् । यिनको भन्दा अढाई बढी जीवन मानिसको हुनुपर्छ ।"

यसरी मानिस सय वर्षको आयुवाला बन्न पायो । उसले त्यस बखतदेखि के-के मात्रै गरेन ? तर उसले जतिसुकै उन्नति गरे पनि आफ्नो खास आयु चालीस वर्षसम्म चाहिँ मान्छेकै रूपमा, उस्तै फुर्तीमा भोग्न पायो । त्यसपछि साठीसम्म गोरुको उमेर लिएकोले गोरु झैं सधैं जोतिइरहने, बोझ बोकिरहने भयो । साठीदेखि माथि रुक्खासुक्खाले गुजारा गर्ने, अरूले अह्राएको काम गर्ने र अर्काको गालीसाली सहिरहने गधा जस्तै भएर बिताउन थाल्यो । असीदेखि सयसम्म चाहिँ उज्यालोमा हेर्न नसक्ने, जुन वेला पनि उडिरहने, रातभर कराएर अरूको निन्द्रा बिगारिदिने, राल सिँगान बगाइरहने र अरूबाट हेलाँ गरिने भुल्काजस्तै भएर दिन काट्न थाल्यो, यसरी बाँचेर पनि मानिसलाई धेरै बाँच्ने लोभले छाडेको छैन । ऊ अत्यन्तै बढ्ता बाँच्ने लोभ, असन्तोषै गर्छ । जहिले पनि असन्तोषको कुरा गर्छ । भो र पुग्यो भन्ने उसको मुखमा कहिल्यै हुँदैन । ऊ देवी-देवतासँग 'चिरायु हुन पाऊँ" भनी सधैं आसिक माग्दछ । यो लोभी मान्छेले लोभ छोडेको दिन कहिले पो होला ? अझ फेरि त्यस्तै सभा बस्यो भने भगवान्सँग उसले कसकसको जिन्दगी थप माग्ने होला ! तर आजकल फेरि ब्रह्माको सभापतित्वमा सभा बसेकै छैन र पो त !

## अभ्यास

**शब्द र अर्थ :**

सृष्टि – सिर्जना, पैदा

जीवात् – जीवजन्तु

स्वयं – खुदै, आफैं
असन्तोष – असन्तोक
सम्बोधन – बोलाउनु
चालीसे – चालीस बर्से
घोषणा – सबैलाई सुनाउन बोल्नु
महत्त्व – महिमा ,इज्जत
कृपा – दया, निगाहा'
स्वीकृति – मञ्जुरी दिनु, हुन्छ भन्नु
अनुरोध – बिन्तीभाउ
अढाई बढी – साढे दुई खण्ड बढी
रुक्खा–सुक्खा – मीठोपीठो
सङ्ग्रह – जम्मा, थुप्रो पार्नु
चिरायु – लामो आयुको

प्रश्नहरू :

१. को–को किन असन्तुष्ट थिए ? बयान गर्नुहोस् ।
२. सम्बोधन गर्ने व्यक्तिको थिए ? किन गरे ?
३ गोरुले किन, केका निम्ति आँट गरयो ?
४. मानिस किन सन्तोषी बन्न सकेन ? उसलाई केही घमण्ड थियो कि ?
५. केको निमित्त ब्रह्माजीले सम्पूर्ण जीवात्माको सभा बोलाउनुभएको हो ?
६. "संसारका सबै मानिसले जीवनको महत्त्व जानिसकेका थिए, तर मान्छे चाहिँ. . . ." यस वाक्यले मान्छेलाई के बताउँछ त ?
७. अत्यन्त खुशी भएर मान्छेले के–के भन्यो ? स्पष्ट बयान गर्नुहोस् ।
८. मान्छे शतायुष कसरी बन्यो र त्यसबाट उसलाई के–के फाइदा भयो ? अथवा बेफाइदा ?
९. 'चालीस वर्ष चाहिँ मान्छेकै रूपमा रहने भयो', यस भनाइले मान्छेलाई कस्तो स्वभाववाला भन्ने जनाउँछ ? यथार्थ गर्नुहोस् ।
१०. आजकल ब्रह्माजीले सभा किन नबोलाउनु भएको होला ?

यदि फेरि सभा भयो भने मान्छेले के माग्ला ? (आयु घटाउन कि बढाउन ?)

**व्याकरण :**

(क) सातओटा प्रेरक वाक्य बनाउनुहोस् ।

(ख) पाँचओटा व्युत्पन्न क्रिया खोजेर साना वाक्य बनाउनुहोस् ।

(ग) 'इक' भएका छओटा विशेषण शब्दको वाक्ययोजना गर्नुहोस् ।

**शुद्ध गराउनुहोस् :**

ऊ देवी–देवतासँग चीरायू हुन पाउँ भनी सधैं आसिक माग्छ ।

**यिनलाई भबिष्य कालका क्रियामा बदलिदिनुहोस् :**

बसेकै छैन, छोडेको छैन, थाल्यो, बोकिरहने, हाँस्दैन, भन्ठान्ने, हुनाले ।

'ति पछाडि हुने सातओटा सर्वनाम शब्द पत्ता लगाउनुहोस् ।

भालेवाचक (पुलिङ्ग) शब्दमा हात्ती, खसी, स्वामी, साथी, भालू, सँगी र सम्धीका मात्रै पछिल्ला 'ई' दीर्घ हुन्छन् रे ! तपाई यसभन्दा बढी भेट्टाउन सक्नुहुन्छ ?

**तलका वाक्यलाई क्रिया फेरेर राखी सजिलो गरी अर्कै ढङ्गले लेख्नुहोस् :**

१. उसलाई मद्वारा पानी पिउन दिइयो ।

२. काम त गरियो, तर फेरि राम्ररी जाँचिनुपर्छ ।

३. हिजो त रेडियो राम्रै सुनियो ।

४. पास त भइयो, तर पहिला दोस्रा त खै !

५. मिहिनेत गरियो भने आगौं पहिलै भइएला नि !

६. यस तरीकाले त मलाई भुसुक्क पारयो भाइ !

७. उसले भनियो, मैले सुनियो, के भो त ?

८. म भन्छु, तँ सुन् है ?

९. के बोलियो के, अहिले त सम्झनै सकिएन है !

१०. हुन्न मबाट यस्तो काम !

११. मबाट भनिन्छ, तँबाट सुनिन्छ, हुन्न त ?

# पृथिवीको सपना

झुल्क्यो प्रभात, झललल्ल हिमाल झल्क्यो;
पाहाडका शिखरमा नव कान्ति टल्क्यो ।
ब्युंझे झल्याँस्स पृथिवी दरबारभित्र,
आँखा अगाडि उभियो सपना सचित्र ।

गोर्खालिको भगवती मनकामनाले
होई स्वयं प्रकट, आसिक यो दिइन् रे:

"पृथ्वी ! तिमी अघि सरी जुन काम गर्छौ
पूरा हुनेछ सजिलै किन अल्मलिन्छौ ?"

"आफ्नो अठोट अब पूर्ण गराइछाड्छु,
सानातिना सकल राज्य जुटाइछाड्छु !"
भन्दै लसक्क मनले कसिएर पृथ्वी
थाले बनाउन स्वयं नव–योजना ती ।

"हामी परस्पर जुधी छरिँदा खिइँदा
केही नगर्न सकि उन्नति, झोक्किइँदा
पक्कै हिमालमुनिका लघु राज्य नाना
भोली कतातिर हुनन् अरुका खजाना !

को पुज्न सक्तछ यहाँ परचक्रि–पाऊ ?
को पार्न सक्छ मुटुमा परतन्त्र घाऊ ?
तस्मात् उठाउँछु खुँडा सब भाइ जोड्छु–
यौटै महामुलुकको रचना म गर्छु !"

त्यो कामना फलिगयो जनता मिलाई
नेपालको झिलिमिली पृथिवी उदाई
छौं आज जो, जति, यहाँ सब एक नै छौं
जो गर्दछौं मुलुककै हित निम्ति गर्छौं ।

## अभ्यास

**शब्द र अर्थ:**

पृथिवी – श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाह
प्रभात – बिहानी
शिखर – चुचुरा
नव – नयाँ
सचित्र – तस्वीरसहितको
लघु राज्य – सानातिना राज्य
परतन्त्र – पराइको अधीन
सङ्गठित – आपसमा मिलेको

प्रश्नहरू : १. मनकामनाले पृथिवीनारायणलाई सपनामा के आसिक दिइन् ?

२. पृथिवीले सानातिना राज्य मिलाउने अठोट गर्नाका कारणहरू बताउनुहोस् ।

३. हिमालमुनिका लघु राज्य भन्नाले के बुझिन्छ ।

४. पृथिवीले 'परचक्रि–पाऊ' भनेर के भन्न खोजेका हुन् ?

व्याकरण :

(क) तलका शब्दको प्रचलित व्याकरण अनुसार शुद्ध रूप दिनुहोस् :

१. पहाड । २. होई । ३. गराइ छाड्छु । ४. जुटाइ छाड्छु । ५. नगर्न सकी । ६. भोली । ७. हुनन् । ८. परचक्रि–पाऊ । ९. धाऊ ।

(ख) यसै पाठ्यांशबाट निपात भएका पाँच शब्द खोजेर सङ्ग्रह गर्नुहोस् ।

(ग) 'विशेष ज्ञान' मा दिइएको कविताको भाव विस्तार गर्नुहोस् ।

विशेष ज्ञान:

तल दिइएको कविताको पाठ्यांशको छन्दसँग मिल्दो छन्दमा छ वा अर्कै अर्कै खालि लयमात्र मिल्ने, हो ? पत्तालगाउनुहोस् :

आहा ! बिहानपख ता कति शान्त हावा–
चल्दोरहेछ ! सँगिनी, हिँड खाउँ कावा !
यस्तै गरेर दिनका दिन पढ्न थालौं,
पापा–चिची दुई कुरै दुई हात पारौं !!

# स्थानान्तरण प्रमाणपत्र पाउने अनुरोध

प्रधानाध्यापकज्यू
अरनिको निम्नमाध्यमिक विद्यालय
मोरङ, विराटनगर
श्रीमान्,

मेरा पिताजी यतिञ्जेल विराटनगर जिल्ला–शिक्षा–अधिकारी–कार्यालयमा लेखापाल हुनुहुन्थ्यो। तर हालै उहाँ शाखा–अधिकृतमा बढुवा भई प्रमुख जिल्ला-अधिकारी–कार्यालय इलाममा सरुवा हुनुभएको छ। पिताजी वहाँ सर्नुभएपछि आमा र हामी केटाकेटीमात्र यहाँ बसिरहन अप्ठ्यारो पर्ने भएकोले हामी पनि उहाँसँगै जाने भएका छौं। त्यसैले मलाई आफ्नो यो प्यारो विद्यालय छाड्न करै लागेको छ।

आफ्नो विद्यालयको माया कसलाई हुँदैन ? झन् आफूलाई असाध्यै माया गर्ने गुरुहरू भएको यो विद्यालय छाड्नुपर्दा मलाई कति नरमाइलो लागेको होला ? तर जागिरदारका केटाकेटीले बाबु जहाँ सरे त्यहाँ सर्नै पर्ने। आफूमात्र एक्लै यहाँ बसूँ भनेर मिल्दोरहेनछ। तर आफू जहाँ जानु परे पनि पढ्न चाहिं म छाड्नेछैन।

त्यसैले श्रीमान्सँग स्थानान्तरण–प्रमाणपत्रको निमित्त आवेदन गर्दैछु। यस विद्यालयमा पढुञ्जेल मबाट कुनै भूल भएको भए अजान केटाकेटी ठानी मलाई माफी दिनुहुनेछ। साथै अरू विद्यालयमा भर्ना हुन सजिलो हुने गरी मलाई

स्थानान्तर–प्रमाणपत्र दिनुभए उहाँ गएर पनि सजिलैसँग आफ्नो पढाइ चालू गर्न सक्ने थिएँ, श्रीमान्‌को जो आज्ञा ।

आज्ञाकारी छात्र,
प्रमोद शर्मा
कक्षा–६ रो. नं. २२

२०३१ साल जेठ २५ गते
रङ्गेली पथ, विराटनगर ।

## अभ्यास

**शब्द र अर्थः**

निम्नमाध्यमिक बिद्यालय – मिडिल स्कूल
शाखाअधिकृत – शाखाका मुख्य प्रशासक
जिल्लाअधिकारी – जिल्लाका मुख्य प्रशासक
स्थानान्तरण – अर्को ठाउँमा सर्नु
श्रीमान् – यहाँ, तपाईं, हजूर

**प्रश्नहरूः**

१. स्थानान्तरण–प्रमाणपत्रको आवश्यकता किन र कसरी हुन्छ ?
२. स्थानान्तरण–प्रमाणपत्र कसलाई लेखिन्छ र कहाँ पठाइन्छ ?
३. स्थानान्तरण–प्रमाणपत्रमा आफ्नो सरुवा हुने कुरा सबै उल्लेख गर्नुपर्छ? पर्छ भने कसरी ? नमूना बनाई देखाउनुहोस् ।
४. पाठशालाको कक्षा–कस्तो हुनुपर्छ ?
५. स्थानान्तरण–प्रमाणपत्र नभई अर्को पाठशालामा भर्ना हुन पाइन्न ?
६. चरित्रसम्बन्धी प्रमाणपत्रको आवश्यकता देखाई प्रधानाध्यापकलाई चिठ्ठी लेख्नुहोस् ।

**व्याकरणः**

(क) यो वाक्य ठीक छ त ?–'केटाकेटी ठानी मलाई माफी दिनुहुनेछ ।
(ख) सातओटा अव्ययान्त शब्द खोजेर दिनुहोस् ।
(ग) पाँचओटा विस्मयादिबोधक शब्द छानेर दिनुहोस् ।
(घ) स्थानान्तर जस्तै पछिल्तिर 'अन्तर' जोडिएका चार शब्द दिनुहोस् ।
(ङ) प्रमाणपत्र जस्तै पछाडि 'पत्र' भएका छ शब्द बनाउनुहोस् ।

# देशभक्त धर्मभक्त

जो देशको भक्त छ, उही धर्मको पनि भक्त हुन्छ भन्ने वीर धर्मभक्तले चरितार्थ गरे। जसले देशका लागि जीउ र ज्यान समेतकै बलिदान गरे, तिनले धर्मको लागि केही पनि गरेनन् भन्न को सक्ला ? राष्ट्रिय हित र जनहितलाई कुन अर्को धर्मले अधर्म भन्न सक्ला ? वीर पुरुषको सबभन्दा ठूलो धर्म नै मातृभूमिको मुहार उज्यालो पार्नु हो। वीरहरू आफ्नो आँखाले देख्न र जीवनले भोग्न नपाए पनि आफ्ना सन्तानका निमित्त देश, समाज र युगको निम्ति बलिबेदीमा हाँस्दै होमिन्छन्। स्वदेशलाई अन्यायको सिक्रीमा बाँधिराखेको एक छिन पनि हेर्न र सहन सक्तैनन्।

वीर धर्मभक्तमा पनि त्यस्तै संस्कार थियो। त्यही संस्कारी रगतले गर्दा उनले प्रत्येक नेपालीलाई स्वतन्त्रताको गीत गाउन सिकाए। उनले अनुदार राणा-शासनको जगै खलबल्याइदिए। उनले जुन काम राष्ट्रपिता श्री ५ त्रिभुवनको व्यायाम–शिक्षक बनेर गर्न सके, गरे, त्यो बिर्सीनसक्नु छ। बलिबेदीमा होमिने वीर पुरुषहरू यस्तै–यस्तै अनौठा कार्य गरेर इतिहासमा अमर नाम लेखाउँदछन्।

प्रधानमन्त्री वीरशमशेरको दरबारका रबाफिला सुब्बा आदिभक्तका छोरा धर्मभक्त थिए। वि. सं. १९६५ मा नबहिल टोल काठमाडौंमा श्रीमती चन्द्रकुमारीदेवीका गर्भबाट उनको जन्म भएको थियो। उमेर ढल्किसक्ता पनि

सन्तान नभएकोले चन्द्रकुमारीले भगवान् श्री शिवजीको पूजा–आजा, व्रत गरी यिनको जन्म भएकोले यिनलाई 'शिव' भन्दथे । त्यसैले यिनको बोलाउने नाउँ पनि 'शिव' नै रह्यो ।

वीरशमशेरको मृत्युपछि चन्द्रशमशेरले आदिभक्तलाई देशनिकाला गरे । किनभने आदिभक्त वीरशमशेरका हजुरिया थिए । अब धनहीन जीवन लिएर सुब्बा आदिभक्त कलकत्ता पुगे । वहाँ पनि बस्न नसकेपछि आसाममा कृषक बन्न पुगे । धर्मभक्त भने स्कटिस् चर्च कलेजमा पढ्दै थिए । त्यहींबाट उनले आई. ए. पास गरे । तर स्वदेश र जनताको स्वतन्त्रताका पुजारी हृदयले बढी शिक्षा हासिल गर्नुभन्दा व्यावहारिक शिक्षालाई छनोट गर्नु उचितै थियो । बाबु सपरिवार देशनिकालामा परेकाले उनलाई साह्रै चोट परेको थियो । उनी कुनै किसिमको कितावी प्रमाणपत्र लिएर नेपाल पस्न पाइएला भन्ने आशा राख्दैनथे । त्यसैले नेपालमा नभएको शिक्षा प्राप्त गर्न फिजिकल इन्स्टिच्यूट कलकत्तामा भर्ना भई पहलमानी सिक्न थाले । त्यसमा उनले दिन–रातै उन्नति गरेर धेरै किसिमका तक्मा र ख्याति पाए। पहलमानीमा बङ्गाल-सेर्रा ( बङ्गाल च्याम्पेनशीप ) को पदवी पाएपछि जर्मन सर्कस कम्पनीको सेवामा समुद्रपार जान भर्ना पनि भए। तर मातापिताको अनुमति नपाएकोले फिजिकल इन्स्टिच्यूट, कलकत्तामै उनले प्राध्यापक भएर चित्त बुझाउनु परयो ।

देशभक्त धर्मभक्तको भित्र मनमा सधैं आफ्नो अवस्थाप्रति दुःख लागि रहन्थ्यो । उनले भारतका चार–पाँच प्रान्तीय भाषाका साहित्यको गहिरो अध्ययन गरेका थिए । कलकत्तामै रहँदा पनि नेपाली भाषा सिकाएर नेपालीमै बोलचाल गर्न विदेशी टोलीसमेत बनाएका थिए । आफ्नो कलाबाजीमा विजयी भएपछि पुरस्कार लिनु पर्दा नेपाली भाषा भन्ने उल्लेख भएको देखेनन् भने उनी 'ह्यो पुरस्कार लिन्न!' भनी 'नेपाली' उल्लेख गराउन लगाउँथे । यसरी उनले देशबाट निष्काशित भएर पनि आफूलाई पूर्ण नेपाली मानेका थिए । 'नेपालमाथि एउटा नेपालीको जति जन्मसिद्ध अधिकार छ, उत्ति नै मेरो पनि छ' भन्ने उनको दृढ धारणा थियो ।

ई. सं. १८५७ को सिपाही विद्रोहदेखि नै अङ्ग्रेज–सरकारको विरुद्धको आन्दोलन भारतमा व्यापकरूपमा बढ्न थालेको थियो । भारतबाट अङ्ग्रेजलाई

धपाउन सकियो भने अङ्ग्रेजसित सरसङ्गत गर्ने राणाशाही चुर्लुम्म डुब्नेछ भन्दै उनले पनि भारतीय राष्ट्रिय काङ्ग्रेसका सदस्य भएर खूब उधूम गरे । उनले सबै तरहबाट अङ्ग्रेज र राणालाई दाँजो गर्दा दुवै एकै मतका भेट्टाए । जति–जति अङ्ग्रेजको अत्याचार बढ्न थाल्यो, उति–उति उनको हृदयमा नेपाली जनताप्रति बढी सहानुभूति बढ्न थाल्यो । 'तर अब नेपाल भित्रिने कसरी ?' भनेर खोज-तलास गर्दा–गर्दै एकदिन उनले त्यो मौका पनि पाए ।

जुद्धशमशेर प्रधानमन्त्री भएपछि धपाइएका रुद्रशमशेरका छोरासँग शिक्षक बनेर उनी नेपाल पसे । 'अजिङ्गरको आहारा दैवले पुऱ्याउँछ' भनेझैं भयो । नेपालमा प्रजातन्त्र आउन एउटा ठूलो सङ्गठन चाहिन्छ, कसरी गर्ने भनी ईश्वरसँग दिनहुँ प्रार्थना गर्ने देशभक्तले राम्रो मौका पाए । धर्मभक्त श्री ५ त्रिभुवनका व्यायाम–शिक्षकमा भर्ना भए । के खोज्छस् काना ? ....आँखो, भनेजस्तै श्री ५ त्रिभुवन पनि प्रजातन्त्रका प्रेमी थिए । उनी 'प्रजालाई कसरी सुख दिन सकिन्छ ?' भन्ने कुराको खोजी गर्दथे । धर्मभक्त पनि त्यसको सूत्रपात कसरी गर्ने भन्नेमै थिए । गुरु र चेलाको एउटै लक्ष्य भएकोले राजालाई राणाको अत्याचार छिट्टै निर्मूल पार्ने योजना गर्न सजिलो भयो ।

राणाका विरुद्ध खडा भएका र हुने व्यक्तिहरूसँग परिचय प्राप्त गर्ने र राजालाई परिचित गराउने काम धर्मभक्तले लिए । राणाशासन खतम पार्ने गुप्त रूपले बनेको प्रजापरिषद्को श्री ५ त्रिभुवनसँग भेट गराउने धर्मभक्त नै भए । तर भेद खुल्न गएकाले प्रजापरिषद्का सदस्य पक्राउमा परे । राणाको 'गाथ-गादी ताक्ने' दोषमा त्यस परिषद्का सदस्यहरूमध्ये कतिको ज्यान गयो, कति कारागारी दुःखी कैदी बने । उनलाई चाहिँ प्राणदण्ड भयो । यसबाट श्री ५ त्रिभुवनको प्रजातन्त्रवादी कार्यको गतिशीलतामा केही बाधा पर्न गयो ।

यसरी देशभक्त वीर धर्मभक्तले जन्मभूमिलाई मुक्त गराउँछु भन्दा–भन्दै वि. सं. १९९७ माघ २ गतेका दिन बत्तीस वर्षको उमेरमा सिफलेको रूखमा झुन्ड्याइएर शहीद बन्नु परयो । नेपालका वीर सपूतहरूले जननी जन्मभूमिका लागि प्रशस्त बलिदान गरेका छन् । त्यसैको फल २००७ साल फागुन ७ गते हो, जुन दिनलाई हामी 'प्रजातन्त्र दिवस' भन्दै मनाउँछौं, जसलाई 'श्री ५ त्रिभुवन तथा

श्री ५ महेन्द्रको अमर त्याग र प्रजातन्त्रवादी बिचारको प्रमाण' भनी नेपालीले मानेका छन् । त्यसलाई धर्मभक्तजस्ता कैयौं देशभक्त नेपालीको बलिदानको परिणाम पनि हो भनेर मान्न सकिन्छ ।

## अभ्यास

**शब्द र अर्थ:**

मातृभूमि – जन्मदेश, जन्मस्थान
बलिवेदी – मारिने ठाउँ, बकरे–घर
प्रभाती – बिहान गाइने गीत, प्रभात गीत
अनुदार – निठुर, पापी, साँगुरो विचारवाला
व्यायाम – कसरत, पहलमानी
रवाफिला – फुर्तिला, ठाँटिला
व्रतोपबास – पूजाआजा व्रत र जागराम
देश निर्वासन – देशनिकाला, देशबाट निकालिनु
अनुमति – मन्जूरी, हुन्छ भन्ने मत
प्रान्तीय – रजौटे, प्रान्तको
कलाबाजी – कलाको खेल, कलाको चमत्कार
जन्मसिद्ध – जन्मदै पाएको
विद्रोह – गोलमाल र खलबल
विरुद्ध – उल्टो, विपरीत
निर्मूल – जरैसमेत उखेलिदिनु
भेद – भित्री कुरा, गोप्य कुरा
कारागारी – कैदी, बन्दी, जेलबासी

**प्रश्नहरू :**

१. धर्मभक्त देशभक्त हुन् भन्ने प्रमाण के–के हुन् ?
२. 'के खोज्छस् काना ?....आँखो' कसरी ? स्पष्ट गराउनुहोस् ।
३. 'अजिङ्गरको आहारा दैवले पुऱ्याउँछ' यसको मतलब ?

४. धर्मभक्त र राजा त्रिभुवनको के कस्तो सम्बन्ध थियो ?

५. धर्मभक्त कुन–कुन संस्थाका सदस्य भए ? लेखो गर्नुहोस् ।

६. धर्मभक्त बालकालमा नै देशबाट निकालिएका किन नि ?

७. उनलाई समुद्रपार जान के कुराले बाधा गरयो ?

८. राजाका गुरु भएर धर्मभक्तले देशलाई के–के दिए ?

९. उनलाई झुन्ड्याउनुपर्ने उनको त्यस्तो ठूलो अपराध के थियो ?

१०. जन्मभूमिमा आउने विचार धर्मभक्तमा कहिले–कहिले उठयो ?

११. राणाशासन ज्यादै अत्याचारी थियो भन्ने प्रमाणहरू के–के छन् ?

**व्याकरण:**

१. खाली ठाउँमा भर्नुहोस्:

(क) यिनको जन्म ..... ले ..... लाई 'शिव' भनेको ।

(ख) अन्यायको सिक्रीमा..... राखेको एक.....पनि हेर्न र.... सक्तैनन् ।

२. वाक्य परिवर्तन गर्नुहोस्:

बीरशमशेरका हजुरिया भएकाले चन्द्रशमशेरले आदिभक्तलाई देश–निकाला गरे ।

३. यी शब्दका अर्थ के लाग्दछन् ? समुद्रपार, सूत्रपात, गादी ताक्ने ।

४. 'कसरी' जस्तै पछिल्तिर 'अरी' भएका पाँच सर्वनाम देखाउनुहोस् ।

५. 'गुरुचेला' जस्तै पाँचओटा संयुक्त शब्द स्पष्टसँग दर्शाउनुहोस् ।

# हिमालय

चाँदीजस्ता चुली चुली लस्करमा मिली
हिमालय पारिदिन्छ देशै झिलिमिली !
पार्वतीजी खेल्दथिन् रे यतै यतीसँग
याक, चम्री चराउने हिमबालासँग !
भगवान्का नाभिको त्यो कमल यै पो हो कि ?
जहाँ बसी ब्रह्माजीले गरेकाथे सृष्टि !

१

दुई चुले गौरीशङ्कर शिव–शक्ति जोडा
माछापुछ्रे झल्काउँछ आफ्नो चाँदतोडा !
धौलागिरी नामले नै धवलता पुञ्ज
अन्नपूर्णाआसिक दिन्छिन् "पूर्ण होस् है अन्न !"

२

सबै भन्दा अग्लो त्यो के ? पृथिविको टुप्पो–
सगरमाथा नाम त्यसको सौन्दर्यको झुप्पो !
जति चुली उति बान्की जहिले हेर्‍यो राम्रै
हामी कति भाग्यमानी हिमालय हाम्रै !

३

## अभ्यास

**शब्द र अर्थः**

| | |
|---|---|
| यती | – हिमालयतिर पाइने अनौठो जन्तु, हिममानव |
| हिमबाला | – हिमालतिरकी केटी |
| नाभी | – नाइटो |
| शिव | – महादेव, कल्याण, शुभ |
| चाँदतोडा | – रत्नहरू जडिएको, चाँदीको अथवा सुनको तारले बाँधिएको, जागिरदारको (पुरानो समयको) पगरीजस्तो टोपी |
| धवलता | – सेतोपना |
| पुञ्ज | – गुजुमुज्ज भई मिलेको थुप्रो |

**प्रश्नहरू :**

१. कुनै ५ ओटा प्रसिद्ध हिमचुलीको नाम दिनुहोस् ।
२. सगरमाथालाई पृथिवीको टुप्पो भनेको किन ?
३. हिमालय हाम्रो हुँदैमा हामीले भाग्यमानी हुनु पर्ने कारण के–के छन् ? छलफल गर्नुहोस् ।
४. आफूले देखेको कुनै हिमचुलीबारे गद्य वा पद्यमा छोटो वर्णन गर्नुहोस् ।

**व्याकरणः**

**(क) तलका शब्दलाई स्त्रीलिङ्गी (पोथी नाउँ) बनाएर देखाउनुहोस् :**

१. याक । २. साँढ । ३. साँढे । ४. बाघ । ५. भालू । ६. साथी ।

**(ख) तलका शब्दलाई पुलिङ्गी (भाले नाउँ) तुल्याएर लेख्नुहोस्:**

१. बाला । २. यतिबाला । ३. पार्वती । ४. गौरीगाई । ५. वीराङ्गना ।

**(ग) तलका चीजमा रहँदा शोभा दिने गहनाको नाम दिनुहोस् :**

१. औंठो । २. लोती । ३. कान । ४. नाक । ५. नथुना । ६. नाडी ।

(ब) तलका शब्दहरू प्यारो गर्दा कसरी उच्चारण गरिन्छन् ?

१. दूध । २. पानी । ३. पाती । ४. मासु । ५. मिठाइ । ६. बुट्टा । ७. खेल्ने चीज । ८. छोरा । ९. छोरी । १०. चरो । ११. गाई । १२. टीका । १३. घाउ । १४. । डरलाग्दो चीज । १५. बिरालो । १६. कूवा । १७. पूजा गर्ने ठाउँ ।

(ङ) तलका शब्दको ठीक–ठीक अर्थ लाग्ने सिङ्गा शब्द दिनुहोस् :

१. चौका । २. पनेरो । ३. सुरी । ४. हाउ । ५. ऐया । ६. चाचा । ७. बाबु । ८. नानी । ९. चरी । १०. बबोबाँ । ११. टिकी । १२. गोडी, गोडा । १३. पापा । १४. चिची । १५. फूल । १६ पाँ,पुँ १७. बुबु ।

# आमा भएको जाती कि बाबु भएको जाती ?

(सभा गर्ने कोठा विद्यार्थी आ–आपना ठाउँ मेचमा, गुरुहरू तल्लो लङ्मा सभापति बनेर प्रधानाध्यापक माथिल्लो लङ्मा बसेका छन्, अगाडि टेबिलमा कागतहरू र घन्टी राखेको छ । पक्ष–विपक्षका वक्ताहरू दुई मण्डल भएर अगाडि दायाँ–बायाँ बसेका छन् । विद्यालयका सांस्कृतिक सचिव श्री वसन्त पण्डित क्षेत्रीले सभापति र निर्णायक गुरुवर्गलाई माल्यार्पण गरिसकेपछि उनी सभातिर फर्केर बोल्न थाल्छन् ।)

**बसन्त पण्डित :**

सभापति महोदय, गुरुहरू र साथीहरू! हाम्रो विद्यालयको आयोजनामा वादविवाद प्रतियोगिता हुन लागेको छ । "आमा भएको जाती कि बाबु भएको जाती?" भन्ने विषय राखिएको छ । निर्णायक गुरुहरूको आज्ञाअनुसार प्रतियोगिता गर्दाका केही नियम म बताउँछु–

१. समय पाँच मिनेट दिइएको छ।

२. चारमिनेटपछि जनाउको घन्टी र पाँच मिनेटमा समाप्तिको घन्टो लाग्छ। त्यो घन्टीपछि बोल्न रोकिहाल्नुपर्छ।

३. कागतपत्र हेरेर बोल्नुहुँदैन। साथै बोल्दा कसैलाई पनि मर्का पर्ने गरी बोल्नुहुँदैन।

साथीहरूले उत्साहका साथ भाग लिइदिनु भएकोमा सबैलाई धन्यवाद टक्र्याउँदै प्रतियोगिता – कार्यक्रम शुरू गरिन्छ। पहिले प्रबल पराजुली पक्षबाट बोल्नुहुन्छ।

(थपडी लाग्दछ)

**प्रबल पराजुली–**

श्रीमान् सभापति, गुरुहरू र साथीहरू ! मेरो पक्ष छ, आमा हुनुभन्दा बाबु हुनु जाती। बाबु हुनेले जति देख्न पाउँछ, जति सुन्न पाउँछ, जति घुमफिर गर्न पाउँछ, जति ठूला बडासित सङ्गत गर्न पाउँछ, राम–रमाइलो, यात्रा, वेला, सभाबैठकमा जति भाग लिन पाउँछ, रात–बिहान घुम्न र जसको घरमा, जुन वेला पनि जान पाउँछ, त्यति आमा हुनेले कहिल्यै पाउन्न। त्यसो गर्न लागो भने ऊ खराबमा गनिन्छे, बतुरो बन्छे गाउँचहारा हुन्छे, छिमेकीभाँडा हुन्छे। प्रकृतिले यही सोचेर होला आइमाईलाई पर सर्ने, पेट बोक्ने, सुत्केरी हुने दूध आउने र कमलो जीउकी बनाएको। हूलमा, लडाई, झगडा, शिकार र ठूलाठूला उपद्रवका वेलामा स्वास्नीमानिसबाट केही काम चल्दैन, चले पनि त्यसको नतीजा खराब हुन्छ। त्यसैले "आमा हुनुभन्दा बाबु हुनु जाती" भन्दै म आफ्नो वक्तव्य टुङ्ग्याउँछु। धन्यवाद !

(घन्टी लाग्दछ)

**वसन्त पण्डित:**

अब विपक्षबाट हेमन्त सुब्बा बोल्नुहुन्छ।

**हेमन्त सुब्बा–**

"जननी जन्मभूमिश्च स्वर्गाद् अपि गरीयसी" यस्ता हजारौं पङ्क्ति ग्रन्थहरूमा यसरी लेख्ने विद्वानहरू मूर्ख होइनन्। यो संसार कसले देखायो ?

जीवन र जन्म कसले दियो ? दूध पिउन नसक्ने हामीलाई यस्तो समर्थ हुने मौका कसले दिलायो ? आफ्नै गुहुको थाङ्नोमा लटपटिएर घुसुरोमुन्टो खाने बालकलाई जमामर्द तुल्याइदिने आमाको लेखी बाबु ठूलो कसरी हुन सक्तछ लौ ? आमाले ममता नगरिदिए संसारमा लोग्ने – छोरा एउटै पनि हुनेछैनन् ! रोग – व्याधि र शोक–साँधी आफूले बोकेर रात – दिन नभनीकन सन्तानको जो सेवा आमा गर्छ, त्यस्तो स्याहार बाबु भन्ने गर्ने सक्तैन । जति दयालु र विवेकी भए पनि आमाको प्रतिनिध बाबु हुनै सक्तैन, वरु बाबुको प्रतिनिधि आमा रहन सक्छे । पशुपन्छीमै लिउँ–वाघ, बिरालो आदि हिंस्रक प्राणीमै पनि आफ्नै बच्चोलाई खाइदिन्छ बाबुले, तर आफ्नै बच्चो खाने आमा–जीव संसारमा कहीं छैन । जसिकै निठुरी भए पनि पोथी दयालु हुन्छे भाले दयाहीन नै देखिन्छ ।

हाम्रो घरबारमा पनि बाबुको जतिसुकै इज्जत र धाक होओस्न ! तर आमा नभए हाम्रो घर जङ्गलभन्दा पनि शून्य र डरलाग्दो, अनि त्यस्तै अव्यवस्थित हुन्छ । त्यसैले आमाको भिन्ना–भिन्नै रूपले हामीलाई सहयोग, सेवा र कल्याण गरेको छ । त्यसैले बाबु हुनुभन्दा आमा हुनु जाती छ । धन्यबाद !

(घन्टी लाग्छ)

**वसन्त पण्डितः**

अब पक्षबाट रमेन्द्र विलासी बोल्नुहुन्छ ।

**रमेन्द्र विलासी–**

श्रीमान् सभापतिज्यू, गुरुवर्ग र उपस्थित सज्जनवृन्द ! पूर्वबक्ता साथीले आमा हुनु जाती कि बाबु हुनु जाती भन्ने प्रश्नको अर्थपट्टि ध्यानै नदिई जुन आमाको पक्षमा बोल्नुभयो त्यो त आमाभएको (छोराछोरीकोसुख–सुबिस्ताको लागि) जाती कि बाबु भएको जाली भन्ने बिषयमा बहस् पो त भयो । जे होस् आजको जे जति बिचार गरे पनि आमाभन्दा बाबु हुनु जाती देखिन्छ । नेपालीको त उखानै छ– ढीलो होस् छोरै होस् । अनि भनाइ छ– कुकुर भए पनि डाँगै हुनु जाती । छोरी जन्मदा भनिन्छ–'खालास् फर्सीको झोल !' अथवा 'छोरी पाइछ ? फर्सीको झोल खान दे !' अनि अर्को चलन, जसको छोरी छ तर छोरा छैन भने त्यसैलाई अपूतो, नामर्द र निस्सन्तानी भनिन्छ । एउटा छोरो पाउँदा मानिसलाई

बाबु भो भनी शुभकामना र प्रशंसाका खात लाग्दछन् । अनि अर्को छ– 'छोरो हो, लूलै लङ्गडै भए पनि केही छैन ।'

(घण्टी बज्दछ)

त्यसैले यो बाबुको संसार हो, यहाँ बाबु हुनु नै ज्यादा जाती छ । धन्यवाद

(तालीबज्दछ)

**वसन्त पण्डित:**

अब महिमाचन्द्र विपक्षबाट बोल्नुहुन्छ ।

**महिमाचन्द्र–**

श्रीमान् सभापति र गुरुवर्ग,अनि मित्रगण ! चाहे भन्नलाई बाबु नै बाबुको दुनियाँ भनून्, आमाको दरकारै छैन भनून्, तर पनि त्यस बाबुलाई काखमा हुर्काउने आमाको महत्त्व त्यसैले विचारोस् । आद्या भगवती आमा, जन्मभूमि आमा, आदि-शक्तिको मूल्य आमाको मूल्य हो । पौराणिक युगमा जब पुरुष-बाबु भन्नेको सामर्थ्य चल्दैनथ्यो अनि आमाले शत्रुको संहार गर्न कम्मर कस्नु पर्दथ्यो । प्रकृतिबाट पाइ-एका केही अप्ठेरा कुराहरू नभएका भए त पुरुष (बाबु) को यहाँ मतलबै थिएन । जन्माउने, हुर्काउने र बचाउने आमा नै हुन् । अहिल्यै पनि आमाको शक्तिको अगाडि बाबुको शक्ति पानी भएर गल्दछ । व्यवहारमा विचार गर्नोस् त बाबु नभएका आमाबाट हुर्किएका र आमा नभएका बाबुबाट हुर्किएका मानिसको जीवन बाबु न भएका सुखी र उन्नत किसिमले रहेका पाइन्छन् तर आमा वितेकाहरू जीवनमा बढीमात्रामा दुःखी र अपूर्ण छन् । यसमा मेरो वक्तव्य यति नै छ । धन्यवाद !

(थपडी लाग्छ)

**वसन्त पण्डित:**

आजको प्रतियोगिता – कार्यक्रममा वक्ताको भाग समाप्त भयो । अब म उहाँहरूलाई धन्यवाद सुम्पन्छु र सभापतिज्यूमा सभा विसर्जन गर्न अनुरोध गर्दछु । त्यसभन्दा पहिले यसैगरी नियमित रूपले कार्यक्रम चालू राख्न सबै विद्यार्थीसँग

सहयोग माग्दछु । यस्तो जीवन सम्बन्धी विषय-चर्चामा प्रेरणा दिनुहुने गुरुवर्गमा पनि विशेष प्रेरणा र उत्साह छात्रले पाऊन् भन्ने आग्रह गर्दछु । अब निर्णय कार्य-क्रम-समितिले निर्णय दिएपछि सांस्कृतिक कक्षामा पुरस्कार-वितरण-समारोह गर्न-लाई यस बैठकको समाप्ति गर्न सभापतिज्यूबाट भाषण शुरू गरिन्छ । धन्यवाद !

सभापति–

सहयोगी शिक्षकवृन्द र प्यारा छात्रगण ! यो कार्यक्रमको सफलताको निम्ति धन्यवाद ! हामीले यसैगरी वृथामा जाने समयलाई उपयोगमा ल्याउने बानी बसाल्नुपर्छ, धक मान्ने बानी हटाउनुपर्छ । यस्तै गरेर हो बडे–बडे प्रवक्ता-हरूले पछि नाम कमाएका । सभामा आफ्नो पक्ष समर्थन गर्न ठीक ठीक बूंदाहरू जम्मा गर्नु र बोल्नु कम ठूलो कुरा होइन । बोल्न सक्नेको पीठो बिक्छ भन्ने कुरा स्पष्टै छ। यसको उदाहरण लिन अन्यत्र जानै पर्दैन। यहाँ विभिन्न वक्ताले भनेका कुरा अरूले पनि जानेकै हुन्, तर उसले आफ्नो पीठो बिकायो अरूले चामलै धोक्रामा राखिछाडेका छन् ।

अँ ! हाम्रो लागि आजको विषय बडो राम्रो विषय पर्न आएको छ । यसले गर्दा आमा र बाबुको महत्व झन् प्रकाशमा आएको छ। बाबु हो ! आमा र बाबु एउटै साइकलका दुई चक्का हुन्, मानव समाजका दुई हात हुन्, दुईटा आँखा हुन्, दुईओटा कान हुन् र दुई खुट्टाजस्तै हुन् । किनभने प्रकृतिले एउटा कान मात्रै हामीलाई दिएको भए पनि कुनै किसिमले काम चल्थ्यो, तर हात खुट्टा मात्र होइन कान, आँखा, पोरा, फोक्सो आदि सब दुईओटै दिएका छन् । यहाँसम्म कि बिज्ञान प्रकृतिभन्दा माथि जान्छु भन्छ । तर ऊ पनि नेगेटिभ र पोजेटिभ (अर्थात् पोथी र भाले) भन्ने तत्त्व वा शक्ति नभई केही गर्न सक्तैन । उसलाई पनि त आमा–बाबु दुवै चाहिन्छ। उ दुवैको महत्त्व गाउँछ । त्यसैले हामीले अपवादका कुरा हेरेर एकोहोरिने बानी पार्नु हुन्न । दुवै तर्फबाट सोच्ने गर्नुपर्छ। पक्षमा बोल्ने वा चल्नेहरूले विपक्षबाट र विपक्षमा चल्ने–बोल्नेहरूले पक्षबाट पनि सोच्ने बुझ्ने गर्नुपर्छ । अनि मात्र सुनमा सुगन्ध हुन्छ ।

लौ त, बरु मैले पो धेरै समय लिएँ क्यारे ! वक्ता, श्रोता, निर्णयकर्ता, विजेता र परजेता सबैलाई म धन्यवाद दिन्छु । यो सभा पनि अन्य कार्यक्रमका

लागि आज यहीँ विर्सजन गर्दछु ।

धन्यवाद ! जय नेपाल !

(थपडी लाग्छ)

## अभ्यास

**शब्द र अर्थ:**

| | |
|---|---|
| मण्डली | – टोली, फौज |
| समाप्ति | – सकिनु, सिद्धिनु |
| यात्रा–मेला | – जात्रामात्रा |
| ममता | – माया, मधुरो प्यार |
| प्रतिनिधि | – सट्टा, वारिस |
| हिंस्रक | – ज्यानमारा, मांसाहारी |
| दयाहीन | – निठुरी, निष्ठुर |
| अव्यवस्थित | – बन्दोबस्त बिग्रेको |
| निस्सन्तानी | – सन्तान नभएको |
| गण | – फौज, मण्डली, बथान |
| आद्या, आदिशक्ति | – पहिलो शक्ति |
| समर्थन | – हौ भन्नु, त्यही मान्नु |
| विषयचर्चा | – त्यसैबारे कुराकानी |
| समारोह | – उत्सव, मेला |
| प्रकाश | – देखिनु, प्रकट, छापिनु |

**प्रश्नहरू :**

१. आमा हुने मानिस बन्धनमा छ त ? छ भने कसरी ?

२. पुरुष हुने मानिस किन जहाँ पनि जान सक्छ ? कारणहरू दिनुहोस् ।

३. जीवन र जन्मबारे हेमन्त सुब्बाको धारणा कस्तो हो ? स्पष्ट गर्नुहोस् ।

४. लोग्ने छोरै नभएको संसारको रूपको कल्पना गरेर बताउनुहोस् ।

५. यसको मतलब के–के हो? 'जननी जन्मभूमिश्च स्वर्गाद्अपि गरीयसी'।

६. पौराणिक युगमा के आमाहरू मर्द थिए ? स्पष्ट गराउनुहोस् ।

७. "आमा नभएको घर घरै होइन, जङ्गलै हो" कसो त ?

८. "दुईओटा कान दिएकी छम्" के भनेको हो ?

**व्याकरण:**

(क) यसै पाठ्यांशबाट पाँचओटा व्युत्पन्न धातु खोजेर देखाउनुहोस् ।

(ख) प्रेरणार्थक धातुको रूप र उदाहरण दिनुहोस् ।

(ग) यी क्रिया हुन् कि होइनन् ? छुट्टयाउनुहोस्:
घुच्चुक । धत् । गर । सिऊ । हुन । सक्तछ । हिंस्रक । हिंडाइ
मरण । जीवन । जिउनु । मर्नु ।

# रामायण

राम भन्ने नाम भएका हामीले धेरै चिनेका छौं । हाम्रो कक्षामा पनि एउटा रामप्रसाद छ, अर्को रामलाल छ । पाँचौं कक्षामा एउटा रामवहादुर छ भने सातौंमा एउटा रामदयाल पनि छ । सम्भव छ हाम्रै पञ्चायतभित्र कतिको नाम रामजी, रामचा, रामभाइ र रामबाबु होलान् । तर पछाडि जी, चा, भाई, बाबु, प्रसाद, नाथ, बहादुर, लाल, मान, सिंह, दयाल, विक्रम र शमशेर जे जोडे पनि अगाडि राम परेका नामहरू हामी बराबर सुन्ने गर्छौं । अगाडि मात्र होइन, बलराम, शिवराम र आत्मारामजस्ता पछाडि राम भएका नाम पनि मनग्यै सुनिन्छन् । अनि खसखस लाग्छ– यो राम भनेको के हो ?

राम के हो ?–ठूलाठूला विद्वानहरू जान्लान् ।

राम को हो ?–यो रामायणले बताउँछ ।

त्यसैले, रामायणको परिभाषा गर्दा हामीले के भन्नुपर्छ भने रामायण भनेका त्यही पुस्तक हो, जसमा रामको हुलिया बताइएको छ। यो हिन्दूहरूको एउटा नामुद धर्मग्रन्थ हो । जुन पुस्तक पढ्नाले एकातिर ज्ञान बढ्छ, अर्कोतिर धर्म हुन्छ, त्यसै पुस्तकलाई धर्मग्रन्थ भन्छन् ।

त, रामायण पढ्ने, जोसुकैलाई पनि राम भनेका को हुँ ? भनी हामी सोधौं, जवाफ पाइन्छ– राम भनेका साक्षात् भगवान् हुन् । भगवान् हुन् कि मान्छे नै हुन्, त्यो पछि छुट्ट्याउँदै गरौंला । अहिलेलाई हामीले यति थाहा पाए पुग्छ– रामलाई हिन्दूहरू भगवान्कै अवतार मान्दछन् ।

भगवान्को अवतार भनेर उनमा न ब्रह्माजीको जस्तो चार मुख थियो, न विष्णुको जस्तो चार हात । महादेवको जस्तो सर्पको माला र बाघको छाला भिरेर कैलासतिरबाट झरेका पनि उनी कहाँ हुन् र ? उनी पनि आफ्नी आमाकै कोखबाट जन्मेका, हामी जस्तै केटाकेटीसँग खेलेका, सुख-दुःख दुवै पाएका हामीजस्तै मान्छे, राजा दशरथकी जेठी रानी कौशल्यापट्टिका बूढेसकालमा जन्मेका छोरा । पूरा नाम– रामचन्द्र ठेगाना– अयोध्या, उत्तर प्रदेश, (भारत) ।

तर ठेगाना जहाँसुकै भए पनि नेपाल, भारत, श्रीलङ्का, इन्डोनेशिया र थाइल्यान्डजस्ता धेरै देशका मान्छे रामलाई आफ्नै मान्छे ठान्छन्, रामायण पढ्छन् । त्यसैले रामायण धेरै हिन्दूको धर्मग्रन्थ त हुँदै हो, धेरै अहिन्दूको निम्ति पनि चाखलाग्दो ग्रन्थ हो । यसो नहुँदो हो त संस्कृतको रामायणलाई सबैजसो भाषामा उल्था किन गरिन्थ्यो र ! संस्कृतमा पहिले लेखिएको महाकाव्य रामायण हो । त्यसैले यसका लेखक वाल्मीकिलाई आदिकवि भन्छन् र उनको रामायणलाई वाल्मीकीय रामायण । रामायण अरू पनि छन् । जस्तैः अध्यात्म रामायण, आनन्द रामायण, अद्भूत रामायण आदि । भानुभक्तले नेपालीमा उल्था गरेको चाहिं अध्यात्म रामायण हो । धेरै नेपाली त्यसलाई भानुभक्त रामायण भन्दछन् र भट्ट्याइ–भट्ट्याइ पढ्छन् ।

तर रामायण जतिसुकै भए पनि राम एउटै हुन् । रामबाहिर जस्तै भए पनि भित्र अनौठ हुन् । नपत्याए रामयण पढी हेरौं–

केटाकेटीमै राम एक अचम्मका ठिटा थिए । उनको बुद्धि कस्तो थियो भने जति गहिरो विद्या पढाए पनि उनी एकैपटकमा बुझ्थे । बलमा पनि कसैले भेट्दैनथ्यो । उनले केटाकेटी उमेरमै ठूलाठूला राक्षसलाई हाबूकाबू पारिदिए । जनकपुरमा कसैले हलचल गराउन नसकेको शिवधनु उनले फिसै नमानी उचाल्न लागेको त पिटिक्कै भाँचियो । यही देखेर त जनक राजाले आफ्नी छोरी सीता उनलाई दिएका थिए ।

भानुभक्त र उनको रामायण

यत्रो बलबुद्धि भएर पनि उनमा घमण्ड र अभिमान कत्ति थिएन । उनी आमाबाबु, गुरु र समाजको मर्यादा कहिल्यै नाघ्दैनथे । एक पटक रामायण पढिहेरौंन उनलाई राजा बनाउन बाबुले ठिक्क पारेका, तर कान्छी सौतेनी आमा कैकेयीले अज्यौली निकालेर बूढा दशरथलाई एक भन्नु न दुई भन्नु पारिन् । रामले चौध वर्ष बनवास जानु रे, राजा चाहिँ उनीपट्टिकै छोरा भरतले हुनु रे– कैकेयीका यी दुई माग थिए । कान्छी स्वास्नीको जिद्दीमा बूढा नाइँनास्ति गर्न सक्ने हुन् र ! मनले नमाने पनि मुखले त्यस्तै आज्ञा दिए । तर राम बाबुले भनेको कुरा नाघेर किन आनाकानी गरिरहन्थे ? मानिदिए । रामको यो चाला देख्दा कतिले त उनलाई हुतीहारा भनी धिक्कारे । तर धेरैले उनको आज्ञाकारीपनको सराहनी नै गरे ।

रामायण यस्ता मर्यादा, अनुशासन र आज्ञाकारिता धेरै उदाहरण दिन्छ । जब राम बनवास जान लागे, सीताजी पछि लागिन् । मजासँग माइत गई बसिदिएकी भए टन्टै सकिन्थ्यो । युवराज्ञीबाट बनवासिनी बनाउने लोग्नेको किन पछि लागेकी ? तर रामकै श्रीमती नहुन् ! हिन्दू नारीको आदर्श, मर्यादा र अनुशासन उनी किन छाड्थिन् ? बरु हामीले हेर्दा महा लम्फू त लक्ष्मण हुन् । उनलाई बन जानू भनेर कसैले भनेकै थिएन । तर दरबारको सोख, आमाको स्नेह र स्वास्नीको प्रेम कुनै कुराको पनि पर्वाह उनले गरेनन्; दाजु–भाउजुको धुपौरे भएर पछि लागे । हामी भए जान्थ्यौं त ? तर लक्ष्मणको यो मूर्खता थिएन, भातृप्रेम थियो

आफ्नी आमाले त्यत्रो जाल रचेर फुत्काइदिएको राजसिंहासनमा खुरुक्क नबसेर भरतले के गरेका नि ? उही दाजुको खराउ ल्याएर सिंहासनमा राख्ने भरतको भातृप्रेम कम हो र ? यसरी पितृमर्यादा, पतिभक्ति र भातृप्रेमको यो बेजोड ग्रन्थलाई अनि कसले नपढी छाड्ला !

अब हामीलाई यो बुझ्न गाह्रो पर्दैन– हामी धेरैको नाम राम किन रह्यो ? तर नाममा राम भएजस्तै काममा पनि राम भइदिए कति राम्रो हुन्थ्यो !

## अभ्यास

**शब्द र अर्थ :**

सम्भव – सके, सायद, हुनसक्तछ ; जन्म
मनग्यै – पुग्दो, चाहिने जति
खसखस – चौचौ, चासो, कुरीकुरी
साक्षात् – खास, खुद
अवतार – देवताको अर्को रूप, दोस्रो जिन्दगी
धर्मग्रन्थ – धर्मको किताब
उल्था – उल्टाउनु, अनुवाद गर्नु
अहिन्दू – हिन्दूबाहेक अरू सम्प्रदायका मान्छे
महाकाव्य – कवितै कविताको ठूलो कथा
मर्यादा – इज्जत, मानभाउ
आदर्श – सिक्नलायक गुण, साह्रै राम्रो गुण

**प्रश्नहरूः**

१. रामायण कसको धर्मग्रन्थ हो ?

२. शिवजीको रूपको बयान गर्नुहोस् ।

३. महाकाव्य भनी रामायणलाई किन मानेको हो ?

४. रामले आमाबाबुको आज्ञा पालन किन गरे ?

५. लक्ष्मण किन दाजुभाउजूसित पछि लागेर गए ?

६. सीता बनवास जानु पर्ने कारण के–के हुन् ?

७. रामायण हाम्रो महत्त्वपूर्ण काव्य हो भने कसरी ? खुलस्त गर्नुहोस् ।

**व्याकरण :**

**(क) अह्राउने अर्थमा मिल्ने गरी तलका धातु र क्रियालाई वाक्यमा प्रयोग गर्नुहोस् :**

गर, लेख, रु, हाँस्, भन्नु, लेख्नु, रुनु, हाँस्नु ।

**(ख) तलको वाक्यको भावविस्तार गर्नुहोस् :**

आफ्नी आमाले त्यत्रो जाल रचेर फुत्काइदिएको राजसिंहासनमा खुरुक्क नबसेर भरतले के गरेका नि ?

**(ग) तलका अनुकरण शब्दहरूको ठीक अर्थ लेख्नुहोस् :**

खुसुक्क, मुसुक्क, छुसुक्क, हसक्क, ठसक्क, लसक्क ।

**(घ) तलका शब्दलाई वाक्यमा मिलाएर स्पष्ट अर्थ लाग्ने तुल्याउनुहोस् :**

अभिमान, नाइँनास्ति, आनाकानी, हुतीहारा, सराहना, आज्ञाकारिता, युवराज्ञी, पितृमर्यादा, भातृप्रेम ।

# दूधको मानितो

दशैंको टीकाको दिन थियो । टीका थाप्न जाने आउनेहरू उकालो–ओरालो गरिरहेका थिए । यताउतिका जाँते र लिङ्गे पीङमा आइमाई, केटाकेटीहरू झुम्मिरहेका थिए । तर लिगलिगको एउटा थलीमा घलेहरू राजा छान्ने तयारी गर्दै थिए । बर्सेनी टीकाको दिन त्यहाँ एउटा दौड–प्रतियोगिता हुन्थ्यो । जो दौडमा पहिला हुन्थ्यो, आउँदो एक वर्षका लागि त्यही लिगलिग राज्यको राजा हुन्थ्यो । यसपालि पनि त्यो दौडको तयारी हुँदै थियो । एकभन्दा एक घले जवानहरू राजा छानिन सुरिइरहेका थिए । एक जना त दुई महीनाअघिदेखि घिउ घसेर मैले तिघ्रा वलिया पारेको छु भन्थ्यो ।

एकाएक त्यहाँ विघ्न परयो । लमजुङका राजाका भाइ द्रव्य शाह दल-बलसहित चौरमा उपस्थित थिए । हातहतियारसहितको उनको फौज देख्ता धेरै घलेहरू त त्यसै भागाभाग गरे । केही भने द्रव्य शाहका फौजमाथि 'आइलाग्नेमाथि जाइलाग्नु पर्छ' भनी लड्न थाले । तर घलेहरूको के लाग्थ्यो, टिक्नै सकेनन् । लिगलिगका राजगद्दीमा द्रव्य शाह बसे ।

गणेश पाण्डे र नारायण अर्याल मख्ख परे । किनभने द्रव्य शाहलाई अर्ति-बुद्धि दिएर यहाँ ल्याउने यिनै दुई जना थिए । गणेश पाण्डे विद्वान् थिए । नारायण अर्याल ज्योतिषि ।

लिगलिग हात लागेपछि द्रव्य शाहले गोरखातिर आफ्नो पाइलो बढाए । तिनताका गोरखामा खँड्काहरू राज गर्थे । मनपरी शासन गर्ने हुनाले दुनियाँलाई खँड्का राजा मन परेको थिएन । गोरखाली जनताको स्थिति राम्रो थिएन । त्यसैले द्रव्य शाहलाई स्वयं गोरखाली जनताको सद्भावना मिल्यो । पहिलो त गणेश पाण्डे नै गोरखाका थिए । तर खँड्काहरू शूरा र लडाका थिए । उनको फौजको प्रबन्ध राम्रो थियो । त्यसैले द्रव्य शाहको फौजलाई उनीहरूले हराइदिए ।

नारायण अर्यालले उनलाई फेरि सुरचाए– "हजूरको राजयोग छ, आज नभए भोलि गोरखाराज हाम्रो हुन्छ हुन्छ । जन सहयोग बटुल्ने गणेश पाण्डे छँदैछन् । "

एक रात द्रव्य शाहले हमला गरे । यसपालि त खँड्का राजाले पानी पनि पिउन पाएनन् । गोरखाको गद्दी पनि द्रव्य शाहकै हातमा परयो ।

लिगलिग र गोरखा दुईओटै राज्य भएपछि सिरानचोक र अजिरगढजस्ता टाकुरा कति दिन बेग्लै वस्थे ? ती पनि द्रव्य शाहको नयाँ गोरखाराजमा मिले । गोरखानरेश द्रव्य शाहको नेतृत्त्वमा लिगलिग, गोरखा, सिरानचोक र अजिरगढ आदि धेरैतिरका जनता निर्धक्क भए ।

लमजुङका राजा नरहरि शाहको भने पेट पोल्यो । उनको सुर रहेछ भाइले आर्जेको राज्यहरू पनि लमजुङमै मिलाई आफू सबैको राजा हुने । द्रव्य शाहले चाहिँ "मैले आर्जेको राज्यमा मै राजा हुनुपर्छ" भनिदिए । फलस्वरूप यसोब्रह्म शाहका दुई छोरा दुईतिरका राजा भए–जेठा नरहरि शाह लमजुङका र माहिला द्रव्य शाह गोरखाका ।

नरहरिलाई भाइको यो चाला मन परेन । एक त परम्पराअनुसार जेठाले मात्र राजा हुन पाउनेमा माइलो पनि भयो, दोस्रो आफ्नो भन्दा उसको राज्य ठूलो भयो, तेस्रो भाइ नै त ठहरियो, भोली आफूमाथि नै आइलाग्यो भने ? नरहरि छटपटिए । परस्पर झगडा हुनथाल्यो । जेठो भन्ने "सगोलमै छँदा आर्जेको ज्यथा सगोलकै हुनुपर्छ, सबैको राजा मै हुनुपर्छ ।" माहिलो भन्ने "बाबुको ज्यथामा मैले दावी नगरेपछि मैले आर्जेको ज्यथामा दाजुले राल काढ्नु हुन्न ।" दुई भाइको यस झगडाले जुनसुकै वेला पनि युद्ध हुने आशङ्का बढ्यो । दुवैतिर विकासका काम केही हुन सकेनन् । भारदार, दुनियाँ र छरछिमेकी राज्यहरू कोही कसैको पक्षमा थिए त कोही कसैको । तर आमा चाहिँले कसको पक्ष लिने ? उनको निम्ति दुवै छोरा बराबर ! दुवैको उन्नति छोराकै उन्नति ! कतै लडाइँ गरिदिइहाले भने आफूले कसरी हेर्ने ? एउटा छोराको जय, अर्को छोराको पराजय कुन चाहिँ आमा हेर्न सक्थिन् ?

तर गर्ने के ? त्यत्रा–त्यत्रा राजा भएका छोराहरू बूढी आमैले भनेको मानिरहलान् र ? अँहँ, आशा छैन । केटाकेटीमा दाजु–भाइ झगडा गर्न थाले भने त उनी पिटपाट पारेर तह लगाउँथिन् । तर अहिले कसलाई पिट्ने ! यही तर्क वितर्क खेलाउँदै बूढी सुकेर जान थालिन् ।

एक दिन झल्यांस्स उनको मनमा एउटा जुक्ति सुझ्यो । नरहरि शाह र द्रव्य शाह दुवै चेपे नदीमा जम्मा भएको समयमा उनले भनिन्–"हेर बाबु हो! तिमीहरू दुवैले मेरै दूध खायौ, उही दूध खायौ । यसै दूधको बलले तिमीहरू यत्रा–यत्रा पराक्रमी भयौ । म डाँडामाथिकी जून, कुन दिन अस्ताउँछु । आफूले खाएको दूधको सम्मान गर्छौ भने लडाईँको निम्ति तिमीहरू दुवैले कहिल्यै यो चेपे नतर्नू ।" यसो भनेर उनले आफ्नो स्तन चेपेको पानीमा डुबाइन् ।

द्रव्य शाह जिल्लिए ।

नरहरि शाह मुरमुरिए ।

आफूले चुसेको दूध अब कसरी नाघेर भाइ–भाइ लड्ने ? यशोब्रह्मकी महारानी वसन्तावती देख्ता सोझी थिइन्, तर दुई भाइमा लडाईँ नपार्ने उनले कत्रो चलाकी गर्न जानेकी ? उनको दूधको मानितो राख्न लमजुङ र गोरखा लड्न सकेनन् । उनले कत्रो काम गरिन् त ? ती लमजुङ्गे राजाकी आमा, ती गोरखाली राजाकी आमा, विशाल नेपालका राजाकी पनि जिजुआमा हुन् । आर्को शब्दमा, नेपालकी बिर्सिन नसकिने एउटी बूढी आमा हुन् ।

## अभ्यास

**शब्द र अर्थः**

ताका – बेला, बखत

प्रबन्ध – बन्दोबस्त, चाँजोपाँजो
पाला – पालि, पटक, बत्ती बाल्ने माटोको दियोजस्तो भाँडा
राज – राज्य, देश
सद्भावना – राम्रो विचार
नेतृत्त्व – नेतागिरी, नाइकेपना, हाकिमी
आर्जेको – कमाएको, आर्जन गरेको

**प्रश्नहरू :**

१. नरहरि र द्रव्य शाहको विचार किन मिलेन ?
२. द्रव्य शाहले गोरखा किन जिते ?
३. लिगलिग जितेपछि द्रव्य शाहलाई कसले आँट दियो ?
४. नारायण अर्याल र गणेश पाण्डेले द्रव्य शाहलाई किन मदत गरे ?
५. नरहरि शाहको पेट पोल्नाको खास कारण के हो ?
६. यशोब्रह्म शाहका दुई छोराको नाम के–के हुन् ?
७. वसन्तावतीले स्तन चोपल्नाले के भयो ?
८. आमाले दुई छोराको के चिताइन् ?
९. आमालाई केले तर्क–वितर्क गरायो ?
१०. आमाको मनमा झल्याँस्स के सुझ्यो ?
११. आमाले चेपेमा उभिएर के–के भनिन् ?
१२. 'द्रव्य शाह जिल्लिए ! नरहरि शाह मुरमुरिए !' यो कसरी ?

**व्याकरण :**

उनी, आफू, यी, ती शब्दहरू सर्वनाम हुनाले दीर्घ भए ! तर कति, यति, उति, त्यति, जति, कत्ति, उत्ति, यत्ति, त्यत्ति, जत्ति र सर्वनाम वाचक शब्द भएर पनि किन ह्रस्व भए ? ... अपवाद भएकोले ('ती' पछाडी हुने जति ह्रस्वै हुन्छन् ।) त्यसो भए दीर्घ हुने अरू पाँच सर्वनाम दिनुहोस् ।

# पुरस्कार

जसरी जाँचमा पहिलो हुनेले पुस्तक पाउँछन्, खेलकूदमा अग्गा हुनेले कप पाउँछन् त्यसै गरी आफ्नो काममा विशेष सफलता पाउनेहरूलाई केही न केही दिएर हौस्याउने हाम्रो चलन छ। खेतीमा प्रशस्त पसीना काडेर सबैको भन्दा धेरै बाली उब्जाउने किसान होस् कि राम्रो कविता लेख्ने कवि होस्; पञ्चायतमा इमान्दारीसाथ काम गर्ने पञ्च होस् वा जागीरमा कत्ति ठगठाग नगरी काम गर्ने कर्मचारी होस्, सबैले हौसला पाएको समाचार बराबर हामीले सुनेकै छौं।

हौसलाको उद्देश्य त उही हो, तर रूप भने धेरैथरी हुन्छन्। केटाकेटीले राम्रा अक्षर लेखे भने 'स्याबास!' भनेर धाप दिइन्छ। कसैले चित्तबुझ्दो भाषण गरेको सुनेमा श्रोताहरू ताली बजाएर हौसला दिन्छन्। राम्रो काम गर्नेलाई आदरपत्र अथवा प्रशंसापत्र दिने चलन पनि छ। कुनै सम्मेलनमा पहिला, दोस्रा हुनेले सुन, चाँदीका पदक पाउँछन्। ठूलाठूला काममा विशेष सफलता देखाउने-हरूलाई श्री ५ महाराजाधिराज सरकारबाट गोरखा दक्षिण बाहु, त्रिशक्तिपट्ट, नेपाल–तारा आदि विभिन्न तक्मा दिइबक्सन्छ। राम्रो काम गर्नेले नगद पुरस्कार पनि पाउँछन्।

यी सबै राम्राराम्रा कामका इनाम हुन्। यिनलाई मुख्य तीन खण्ड गर्न सकिन्छ। १. प्रशंसा, २. पदक र ३. पुरस्कार। तारीफ, ताली र स्याबासी प्रशंसा हुन्। पदक भनेको चाहिँ सुन--चाँदीका गहनाजस्तै हुन्। कुनै रिबनले घाँटीमा लगाउने गरी बनाइएका हुन्छन् भने कुनै कोटको कलरमा झुन्ड्याउने गरी। उच्चशिक्षाका परीक्षामा प्रथम श्रेणीमा उत्तीर्ण हुने विद्यार्थीहरूलाई महेन्द्र विद्याभूषण दिइन्छ। यो पदक हो। परीक्षामा धेरै अङ्क ल्याउने विद्यार्थी र प्रतियोगितामा सर्वोत्तम हुने कवि, लेखकहरू विभिन्न पदक पाउँछन्। खेलकूदमा अग्गा भई पाइने कप पनि पदकजस्तै हो।

यसै गरी हौसलाको रूपमा नगद पुरस्कार दिने चलन पनि संसारभर चलेकै छ। स्वीडन भन्ने देशका अल्फ्रेड नोबेलले एउटा ठूलो पुरस्कार राखिदिएका छन्।

त्यसलाई नोवेल पुरस्कार भन्छन् । सबैभन्दा श्रेष्ठ साहित्यको सिर्जना गर्ने लेखक, अनुसन्धान गर्ने वैज्ञानिक, विश्व शान्ति राख्न प्रयत्न गर्ने व्यक्तिहरूलाई बर्सेपिछे नोवेल पुरस्कार दिइन्छ । यस्तै लेनिन पुरस्कार, नेहरू पुरस्कार आदि पुरस्कारहरू छन् । यी जुनसुकै देशका नागरिकले पनि पाउन सक्ने हुनाले यिनलाई अन्तर्राष्ट्रिय पुरस्कार भनिन्छ । यसै गरी प्रत्येक देशमा आफ्ना देशका नागरिकले मात्र पाउने राष्ट्रिय पुरस्कारहरू पनि हुन्छन् ।

नेपालमा पनि राष्ट्रिय पुरस्कारहरू धेरै छन् । तीमध्ये बर्सेनी राम्रो कविता लेख्ने कविलाई, धेरै धान फलाउने किसानलाई, वर्षभरि निस्पक्ष रूपले निस्केको पत्रिकालाई, सबभन्दा राम्रो काम गर्ने विद्यालयलाई, महाविद्यालय र पञ्चायतलाई पनि केही नगद पुरस्कार दिइन्छ । यस्ता अस्थायी पुरस्कार बाहेक स्थायी राष्ट्रिय पुरस्कार मुख्यतः तीनओटा छन् । यी हुन्– त्रिभुवन पुरस्कार, मदन पुरस्कार र इन्द्र राज्यलक्ष्मी पुरस्कार ।

त्रिभुवन पुरस्कार र इन्द्र राज्यलक्ष्मी पुरस्कारका संस्थापक स्वर्गीय श्री ५ महेन्द्र होइवक्सन्छ । राष्ट्रपिता त्रिभुवन र स्वर्गीय युवराज्ञी इन्द्रराज्यलक्ष्मी देवीका नामवाट राखिएका यी पुरस्कारहरू बर्सेनी एक–एक जनालाई दिइन्छ । यी दुवै पुरस्कार कसलाई दिने भन्ने निधो राजकीय प्रज्ञा प्रतिष्ठानले गर्दछ र बन्दोबस्त पनि उसैबाट हुन्छ ।

श्री गोपालप्रसाद रिमाललाई त्रिभुवन पुरस्कार बक्सेको

मदन पुरस्कार चाहिँ स्वर्गीय जनरल मदनशमशेरका नाउँमा उहाँकी श्रीमती रानी जगदम्बा–कुमारीले राख्नुभएको हो । यसको सञ्चालन र निर्णय मदन–पुरस्कार–गूठीले गर्दछ ।

त्रिभुवन–पुरस्कार नेपाली भाषा–साहित्य र संस्कृतिको उन्नतिमा जीवनभर परिश्रम गर्नेमध्ये बर्सैपिच्छे एक–एक जनालाई दिइन्छ ।

मदन–पुरस्कार बर्सैपिच्छे दुई श्रेष्ठ ग्रन्थलाई– एउटा साहित्यतर्फ र अर्को चाहिँ समाजशास्त्र, विज्ञान वा दर्शनमध्ये कुनै विषयमा सबैभन्दा राम्रो पुस्तक लेख्नेलाई दिइन्छ । त्यस्तै कला वा संस्कृतिको क्षेत्रमा उल्लेखनीय सेवा गर्नेलाई इन्द्रराज्यलक्ष्मी– पुरस्कार दिइन्छ ।

माथि नै भनियो, पुरस्कार भनेको हौसलाको विषय हो; आर्थिक लाभको मात्र होइन, सम्मानको समेत कुरा हो । प्रशंसापत्र, पदक वा पुरस्कार जेसुकै पाए पनि पाउनेले आफ्नो प्रतिभा र परिश्रमको कदर भएको अनुभव गर्छ । आफ्नो काममा अझ बढी मन दिन्छ । अरूलाई पनि यसबाट प्रेरणा मिल्छ ।

## अभ्यास

**शब्द र अर्थ :**

| | |
|---|---|
| अन्तर्राष्ट्रिय | – संसारभरको, धेरै राष्ट्रसम्बन्धी |
| राष्ट्रिय | – देशभरको, आफ्नो राष्ट्र (देश) सम्बन्धी |
| प्रतियोगिता | – तँछाडमछाड, होडबाजी |
| प्रशंसापत्र | – स्याबासीको पत्र |
| श्रोता | – सुन्ने |
| श्रेष्ठ साहित्य | – असल साहित्य |
| उल्लेखनीय | – नाम लिनलायक, नाम लिनुपर्ने, ठूलो |
| आर्थिक लाभ | – पैसा पाउनु, धन फाइदा हुनु |
| प्रेरणा | – गर्न भन्ने हौसला |
| निर्क्यौल गर्नु | – निधोगर्नु, निर्णयगर्नु |

**प्रश्न :**

१. हौसला किन दिइन्छ र यसका रूप के-कस्ता हुन्छन् ? छलफल गर्नुहोस् ।
२. पुरस्कार र इनाममा के फरक छ ? निर्क्यौल गर्नुहोस् ।
३. पुरस्कारलाई कति भागमा बाँड्न सकिन्छ ? स्पष्ट गर्नुहोस् ।

४. तारीफ, ताली र स्याबासी के कस्ता हुन् ? यथार्थ गर्नुहोस् ।

५. त्रिभुवन– पुरस्कारको परिचय दिनुहोस् ।

६. नेपालमा राष्ट्रिय पुरस्कार के–के छन र कति –कतिका छन् ?

७. तीनओटा अन्तर्राष्ट्रिय पुरस्कारका नाम लिनुहोस् ।

८. यस पाठ्यांशमा कति किसिमका पुरस्कारको बयान भएको छ ? लेखो गर्नुहोस् ।

**व्याकरण :**

(क) यी शब्द यस्तै हुन् कि अशुद्ध छन् यस्तै हुन् भने यस्तै राख्नोस्, नत्र बनाइदिनुहोस् :

पसीना । मसिना । बाली । खालि । ताली । नालि ।

(ख) तल भएका पदहरू राखेर राम्रो वाक्य बनाउनुहोस् :

एउटा कुकुर । एउटा घोडा । एउटा पसल । नेर । हाम्रो । नै । विद्यालय । ढोका बन्द । को । भए । थिए । तिमी । देख्यौ । जाउ । ले ।

# कलाका साधक : तेजबहादुर चित्रकार

साहित्य, सङ्गीत र कलामा प्रत्येक देशको गौरव लुकेको हुन्छ । यो मानिसको श्रृङ्गार पनि हो ।

नेपालीहरू कलाको क्षेत्रमा विश्वप्रसिद्ध छन् । पुस्तौंपुस्तादेखि कलाको क्षेत्रमा ख्याति पाएका कलाकारहरू हाम्रो देशमा प्रशस्तै छन् । हाम्रो राष्ट्रिय कलाबाट विदेशीहरू पनि अत्यन्त प्रभावित छन् ।

मूर्तिकला र प्रस्तरकलाझैं चित्रकलामा पनि हाम्रो आफ्नै मौलिक परम्परा छ । नेपाली रङ्गविधिको आफ्नै विशेषता छ।

उपर्युक्त भावना आफ्ना विद्यार्थीमा दिने, आफ्नो कलाको साधनमा लागिरहने, कार्यदक्ष एक जना चित्रकलाका शिक्षक थिए । विद्यार्थीलाई सधैं माया गर्ने, कहिल्यै नपिट्ने, चित्र लेख्न नजानेमा हात समातेर चित्र बनाइदिने उनको बानी थियो । उनको यस्तो स्वभावले चित्रकलाको कक्षामा ठगेर भागूंजस्तो कहिल्यै कसैलाई लाग्दैनथ्यो । जाने पनि नजाने पनि कक्षामा गएर केही कोरेरै बसिरहूँ जस्तो विद्यार्थीहरू गर्थे । ती चित्रकलाका साधक, एक सफल शिक्षकलाई हामी कहिल्यै बिर्सँदैनौं- तेजबहादुर चित्रकार भनेर ।

श्री चित्रकारज्यूको मिजास अति शान्त, बोलीवचन मीठो थियो । विद्यार्थीहरूलाई झर्को नलाग्ने गरी व्यस्त राख्न सक्ने, चित्र लेख्न नजान्नेलाई हतोत्साह कहिल्यै नगराउने, फकाइ–फुल्याई उसको बिग्रेको चित्रमा यसो एक–दुई रेखामात्र

सच्याएर पनि राम्रो बनाइदिने, काम र मिजासले, प्रेम र मिठासले नै विद्यार्थी-हरूलाई प्रभाव पार्ने यस्तो स्वभाव उनको थियो ।

श्री तेजबहादुर चित्रकारको जन्म संवत् १९५७ सालमा भएको हो । उनको बाल्यजीवन मामाघरमा बितेको थियो । बालक अवस्थादेखि नै आफ्नो परिवार र मामाघरमा चित्र बनाइरहने मौका उनले पाए । अलि ठूलो भएपछि रङ बनाउने र रङ मिलाउने काममा मामाहरूलाई सघाउनुपर्‍यो । यसबाट थरीथरीका रङका

तारा

प्रभाव, गाढा र फीकाले प्रकाश र छाया निकाल्ने जस्ता कुराको ज्ञान उन-लाई हुन थाल्यो । यसरी चित्रकलाको प्रभाव राम्ररी उनमा गड्दै गयो ।

करीब दश वर्षको उमेरदेखि नै उनले सीसाकलमले चित्र बनाउन थाले । उनलाई जागृत रुचि र प्रतिभाले डोऱ्याउँदै लग्यो । रङको पनि प्रयोग शुरू भयो । उनबाट सोह्र–सत्र वर्षको कलिलै उमेरमा रङ्गीन सिर्जना हुन थालिहाल्यो । 'तारा' शीर्षक प्रसिद्ध पौभा–चित्र उनको यही उमेरको उपज हो । ?

यसरी परम्पराकै शैलीमा दश वर्षजति स्वतन्त्ररूपमा उनले कलाको साधना गरे । अनि कलकत्ता गई सात वर्ष जति अध्ययन गरी चित्रकलाको डिप्लोमा कोर्समा प्रथम श्रेणीमा उत्तीर्ण भए । कलकत्तामा उनले तैल–चित्रको (तेलरङ) क्षेत्रमा व्यक्तिचित्र (पोट्रेट)मा विशेष दक्षता हासिल गर्ने प्रयास गरे ।

वि. सं. १९७९ सालमा दरबार स्कूल (हालको भानु–माध्यमिक विद्यालय)को चित्र कलाको शिक्षक–पदमा उनी नियुक्त भए । यसभन्दा अघि उनको कुनै नोकरी थिएन, आफू-खुशी काम मात्र थियो । उनी वि. सं. २००४ सालमा कला पाठशालामा सरुवा भए र २०१० सालमा त्यहीँको का. मु. प्रधान अध्यापक हुन पाए । २०१९ सालमा उमेरको हद पुगेकोले उनलाई नोकरीबाट अवकाश मिल्यो । त्यसको दुई वर्षपछि राजकीय प्रज्ञा–प्रतिष्ठानमा तीन वर्षजति आफ्नो सेवा अर्पण गरी उक्त कामबाट अवकाश लिए ।

यस्ता कलाका साधक, शान्तिका मूर्ति र सफल गुरु आज हाम्रो बीच छैनन् । तर उनको कलासाधना र कलाप्रेम सदा–सदा हाम्रो बीचमा अविस्मरणीयरूपमा रहिरहेको छ, रहिरहनेछ ।

## अभ्यास

**शब्द र अर्थ:**

विश्वप्रसिद्ध – संसारभरका नामी
प्रस्तरकला – ढुङ्गाको सीप (ढुङ्गाका वस्तु बनाउने सीप)
साधना – मिहिनेतसाथ गरिने सेवा, एक लग भएर गरिने काम,तपस्या
साधक – साधना गर्ने
रेखा – धर्सा, धर्को
जाग्रत् – होशियार, चलाख
प्रतिभा – जिउँदो खालको बुद्धि
सिर्जना – उत्पत्ति, जन्म, पैदा, बनाउनु
उत्तीर्ण – पास, सफल
दक्षता – सिपालुपना, निपुणता
हासिल – पाउनु, पूरा गर्नु
पौभा – रेशम अथवा त्यस्तै कपडामा लेखेको बेर्न हुने चित्र

**व्याकरण :**

१. तल दिइएका शब्दहरू त्यसै चीजको सानु भन्ने भावमा प्रयोग हुन्छन् । ती शब्दको ठीक अर्थ गरे सानै हुन्छ । तसर्थ ती सबै शब्दको ठूलो अर्थमा एकै शब्दमा मिल्ने गरी बताउनुहोस् । (ज्यादै ठूलो अर्थमा हुँदैन) जस्तै:- लोहोटाको – घल्चा

(क) लोहोटा । (ख) घैंटो । (ग) ठेकी । (घ) सेलो । (ङ) कोपिलो । (च) झुपडी । (छ) झिल्को । (ज) फुल्को । (झ) चिल्लो । (ञ) चिम्टी । (ट) मानो । (ठ) मुठ्ठी । (ड) कपाल । (ढ) रौं । (ण) नङको टुप्पो । (त) लाप्सो । थाँक्रो । (द) दाना । (ध) सबेरै । (न) कुनैवेला । (प) पैसो । (फ) पुस्ता । (ब) एक । (भ) केही ।

२. पाठ्यांशको चारौं दफाको सार खिँच्नुहोस् :

प्रश्नहरू :

१. साहित्य, सङ्गीत र कलामा देशको के लुकेको हुन्छ ?

२. मूर्तिकलामा र प्रस्तरकलामा भनेझैं चित्रकलामा पनि हाम्रो आफ्न मौलिकता के छ ?

३. चित्रकारज्यूको कलामा प्रेम कहिले देखिन्छ ?

४. तेजबहादुर नजान्ने विद्यार्थीलाई कसरी उत्साह दिन्थे ?

५. उनको पौभा चित्र कुन प्रसिद्ध छ ? त्यसको नाम के हो ?

६. चित्रकारले खास गरी केमा दक्षता हासिल गरे ?

# अध्ययन भ्रमण

प्रधान अध्यापकज्यू

गुह्येश्वरी निम्नमाध्यमिक विद्यालय

श्रीमान्

इतिहासका महान् विभूतिहरूले दैनिक जीवन र विभिन्न युद्धमा प्रयोग गरेका औजार हेर्ने हाम्रो ठूलो अभिलाषा छ । अतः आज तेस्रो घण्टीपछि




राष्ट्रिय सङ्ग्रहालय (म्यूजीयम)

कक्षाभित्रको अध्ययन बन्द गरी राष्ट्रिय सङ्ग्रहालयमा जाने अनुमति पाउन अनुरोध गर्दछौं । साथमा सामाजिक शिक्षाका विषयगुरु पनि पाए सारै अनुगृहीत हुनेथियौं । जो आज्ञा ।

आज्ञाकारी

२०३१।२।३१।५

कक्षा ६ का विद्यार्थीहरू

## अभ्यास

**शब्द र अर्थः**

औजार – सरसामान

अभिलाषा – ठूलो इच्छा

अनुगृहित – आभारी, कृतकृत्य, कृतज्ञ, गुन मान्ने

**प्रश्नहरूः**

१. महान विभूति कसलाई भन्दछन् ?

२. राष्ट्रिय सङ्ग्रहालय भनेको के हो ?

३. सङ्ग्रहालयमा जान विषयगुरुको किन आवश्यकता पर्छ ?

४. सामाजिक अध्ययन–भ्रमणमा जाने हुनाले आगामी सोम, मङ्गल र बुधवार कक्षा बन्द राख्ने अनुमति मागी प्रधान अध्यापकलाई चिट्ठी लेख्नुहोस् ।

महेन्द्र माला